वैशाख - २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क २ | २०७८, वैशाख १६-३१ | पूर्णाङ्क ६९२



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू
शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा
नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू
मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	३	इजलास नं. १०	१
इजलास नं. १	१४	इजलास नं. ११	२
इजलास नं. २	२	इजलास नं. १२	१
इजलास नं. ३	५	इजलास नं. १३	१
इजलास नं. ४	३	इजलास नं. १४	१
इजलास नं. ५	६	इजलास नं. १६	२
इजलास नं. ६	५	इजलास नं. १८	१
इजलास नं. ७	८		
इजलास नं. ८	६		
इजलास नं. ९	१		
जम्मा	**५३**	**जम्मा**	**९**

कूल जम्मा ५३ + ९ = ६२

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, वैशाख – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ४**
१.	बन्दी प्रत्यक्षीकरण	परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) वि. काठमाडौं जिल्ला अदालतसमेत	१
२.	उत्प्रेषण / परमादेश	चेतबहादुर थापा वि. काठमाडौं जिल्ला अदालतसमेत	३
इजलास नं. १			**४ – १७**
३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सफिरूद्दिन मुसलमानसमेत	४
४.	जालसाजी	भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठ	४
५.	कर्तव्य ज्यान	हरिकृष्ण दानी वि. नेपाल सरकार	५
६.	कर्तव्य ज्यान	हुकुमबहादुर विष्ट वि. नेपाल सरकार	६
७.	लिखत दर्ता बदर दर्ता कायम	बथीदेवी थारू वि. अभिनारायण चौधरी	७
८.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. प्रकाश पन्त	८
९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. कृष्ण पौडेलसमेत	९
१०.	उत्प्रेषण	वीरबहादुर आलेसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत	१०
११.	बन्दी प्रत्यक्षीकरण	रूपबहादुर भुल वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत	१०
१२.	कर्तव्य ज्यान	विकास राईसमेत वि. नेपाल सरकार	१३
१३.	बाल यौन दुराचार	सरजु वादी वि. नेपाल सरकार	१५
१४.	चोरी	नेपाल सरकार वि. फिरोज अन्सारी	१५
इजलास नं. २			**१७ – १८**
१५.	परमादेश	कृष्णकुमार महत वि. चिजा पाण्डे	१७
१६.	मोही नामसारी	राजमान सुनार वि. लव श्रेष्ठ	१७
इजलास नं. ३			**१८ – २१**
१७.	निषेधाज्ञा / परमादेश	परमेश्वर यादव वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत	१८
१८.	झुठ्ठा विवरण पेस गरी नागरिकता निकाल्ने उद्योग	नेपाल सरकार वि. प्रेमप्रसाद काफ्ले	१९

१९.	निषेधाज्ञा	जागोदास तत्मा वि. सिराहा नगरपालिकाको कार्यालय, सिराहासमेत	१९
२०.	निषेधाज्ञा	धनिकलाल यादव वि. राजेश्वर साह	२०
२१.	बन्दी प्रत्यक्षीकरण	जुठबहादुर सार्की वि. धादिङ जिल्ला अदालतसमेत	२१
इजलास नं. ४			**२१ – २५**
२२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रमेश साउदसमेत	२१
२३.	अपुताली अंश	पम्फी गुरूङ वि. थलबहादुर बुढाथोकीसमेत	२३
२४.	भ्रष्टाचार (रकम हिनामिना)	नेपाल सरकार वि. रजनिसकुमार राय	२४
इजलास नं. ५			**२५ – ३४**
२५.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. मञ्जु लामा	२५
२६.	अंश चलन	अजय क्षेत्री वि. मीरा क्षेत्रीसमेत	२५
२७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. देशराज तामाङ	२७
२८.	जबरजस्ती करणी	होपना हेमरम वि. नेपाल सरकार	२७
२९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. फूलमाया तामाङ	२९
३०.	उत्प्रेषण	दिनेश चन्द्र शर्मा वि. श्री श्रम अदालत, अनामनगर, काठमाडौं	३१
इजलास नं. ६			**३४ – ३८**
३१.	बन्दी प्रत्यक्षीकरण	भुवन बुढाथोकी वि. काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेत	३४
३२.	लिखत दर्ता बदर दर्ता कायम	जोगनलाल हजाम वि. गणेशी हजामसमेत	३५
३३.	लिखत दर्ता बदर	अम्बिका खड्कासमेत वि. प्रेमकुमारी खड्कासमेत	३६
३४.	निर्णय दर्ता बदर लिखत दर्ता	रामप्रगास रायसमेत वि. वर्तीदेवीसमेत	३७
इजलास नं. ७			**३९ – ४५**
३५.	उत्प्रेषण	भरतकुमार यादवसमेत वि. श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत	३९
३६.	उत्प्रेषण	गभर्नर डा.चिरञ्जीवि नेपाल वि. अशोक शम्शेर ज.ब.रा.समेत	३९

३७.	भ्रष्टाचार गरेको	रमेश तिवारी वि. नेपाल सरकार	४१
३८.	जग्गा खिचोला चलन	रामप्रवेश महतो कोइरी वि. श्रीप्रसाद महतो कोइरीसमेत	४२
३९.	डाँका	नेपाल सरकार वि. रामबाबु साहतेलीसमेत	४३
४०.	उत्प्रेषण / परमादेश	यज्ञराज जोशीसमेत वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमेत	४३
४१.	उत्प्रेषण	मनिष कर्णसमेत वि. नेपाल सरकार, सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं	४४
इजलास नं. ८			४५ – ४७
४२.	हक कायम नामसारी दर्ता	हरिबहादुर पुरी वि. मदन पुरीसमेत	४५
४३.	भ्रष्टाचार गरेको	नेपाल सरकार वि. सुरेशकुमार थपलियासमेत	४६
इजलास नं. ९			४८ – ४९
४४.	कर्तव्य ज्यान	कुमार चपाईसमेत वि. नेपाल सरकार	४८
इजलास नं.१०			४९ - ५०
४५.	जबरजस्ती करणी	सावित्रा राई वि. नेपाल सरकार	४९
इजलास नं.११			५० - ५४
४६.	बन्दी प्रत्यक्षीकरण	विक्रम भन्ने झिल्केबहादुर मोक्तान वि. ललितपुर जिल्ला अदालत, लगनखेल	५०
४७.	बन्दी प्रत्यक्षीकरण	खड्गबहादुर विश्वकर्मा प्रकाण्ड वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	५२
इजलास नं.१२			५४ - ५५
४८.	कर्तव्य ज्यान	प्रकाश सिंह भन्ने प्रकाश सिंह ढकाल वि. नेपाल सरकार	५४
इजलास नं.१३			५५
४९.	निषेधाज्ञा / परमादेश	सीतादेवी लम्साल वि. जिल्ला प्रशासन कार्यालय, बर्दियासमेत	५५
इजलास नं.१४			५५ – ५६
५०.	अदालतको अवहेलना	सूर्यनारायण चौधरी वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत	५५
इजलास नं.१६			५६ – ५९
५१.	ठगी	नेपाल सरकार वि. सीमा राणा शाहसमेत	५६
५२.	बेलगती मोही लगत कट्टा	धनश्यामकुमार द्विवेदी वि. राजेश्वर दुवे	५८
इजलास नं.१८			५९ – ६०
५३.	निर्णय बदर दर्ता नामसारी हक कायमसमेत	अर्चनाकुमारी राणा भन्ने अर्चना मल्ल राणासमेत वि. कृष्णकुमार दोङपासमेत	५९

संयुक्त इजलास

१

स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा र मा.न्या. श्री सपना प्रधान मल्ल, *०७६-WH-०३६९, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) वि. काठमाडौं जिल्ला अदालतसमेत*

परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) तथा दफा २२० को उपदफा (१) र (२) बमोजिमको कसुरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (क) बमोजिमको सजाय तथा दफा २२० को उपदफा (२)(घ) बमोजिम थप सजायमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई काठमाडौं जिल्ला अदालतसमक्ष अभियोगपत्र दायर भएको देखिन्छ । यी बिज्याइँकर्ता काठमाडौं २६ लैनचौर १(ङ) लाई मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम बाल सुधार गृह, भक्तपुर, सानोठिमी राख्न पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०६।२९ मा भएको आदेशानुसार बालसुधार गृह, सानोठिमी, भक्तपुरमा रहेको देखिने ।

तत्कालीन अवस्थामा विश्वव्यापी रूपमा नोबेल कोरोना भाइरस (COVID-19) को महामारी फैलिन गई नेपालमा समेत यस कोरोना भाइरस (COVID-19) को प्रकोप फैलिई यसको सङ्क्रमणबाट सिर्जना हुन सक्ने महामारीको अवस्थाबाट बच्न पूर्वतयारी स्वरूप अपनाउनुपर्ने सावधानीका सम्बन्धमा यस अदालतको फुल कोर्टबाट मिति २०७६/१२/७ मा "...नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा बाल सुधार गृहको अनुरोध र महामारीको यस विपद्जन्य परिस्थितिमा बाल सुधार गृहमा रहेको अत्यधिक भिडभाड कम गर्न र बालबालिकाहरूमा रोग सङ्क्रमणको जोखिम न्यूनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न अत्यावश्यक देखिएकोले दिशान्तरलगायत थुनाको विकल्पसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने । बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरी बालसुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने....." भनी निर्णय भएको देखिने ।

यसै परिस्थितिमा बाल सुधार गृहमा रहेका परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) को बाबु चाउरे कामीले द.नं.३३०४६ मार्फत खोजेका बखत उपस्थित गराउने सर्तमा जिम्मा लगाई पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन दिएको देखिन्छ । तर परिवर्तित नाम काठमाडौं २६ लैनचौर १ (ङ) लाई कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र निजलाई हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेतका आधारमा अभिभावकको जिम्मा दिई छोड्न मिल्ने देखिएन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१२।२० मा आदेश भएको देखियो । साथै सो आदेश बेरितको नदेखिएकोले परिवर्तन गर्नु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७७/०२/१५ मा आदेश भएको देखिने ।

उक्त आदेशउपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा हाल कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ । बन्दाबन्दीको उद्देश्य सङ्क्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको समूहको तथा बृहत् नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ । यस्तो महामारीको सङ्क्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि

जोगाउनु पर्ने देखिन्छ । नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने छ भनी कानूनी व्यवस्था रहेको देखिने ।

महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भई बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत आएको निवेदनको सन्दर्भमा विचार गर्दा वैकल्पिक उपचारको हकसमेत अवरोध भएको आजको बन्दाबन्दीको परिणाम न्यायको पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ । बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ । उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीको कारणले न्यायको पहुँच अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिका अन्तरनिहित मानव अधिकारकै हनन हुने स्थिति आउँदछ । यसर्थ कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ । यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन । त्यसैले सुधार गृहमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिकाको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा उपयुक्त आदेश गर्नुपर्ने नै देखिने ।

सुधार गृहमा रहेका बालबालिकाले पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ । हाल पनि निवेदक रहेको सुधार गृहको क्षमताभन्दा बढी बालबालिका रहेको कारण सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेकोले स्वास्थ्य र जीवनको जोखिमको संरक्षण हुन नसक्ने अवस्थामा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७६।१२।२० को निर्णय तथा उच्च अदालत पाटनबाट भएको मिति २०७७/०२/१५ गतेको आदेश COVID-19 को समय सान्दर्भिक र न्यायोचित नदेखिने ।

कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन् । यिनलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसुरको मात्राअनुरूप गल्ती अनुभूत गर्न सजायसम्म भोग्न पठाइएको हो । बालबालिकालाई सुधारगृहमा राख्नको अर्थ सुधारका निश्चित उपायहरू अवलम्बन गर्न पनि हो । कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिले सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणमा कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ भनी यसअघि यस सम्मानित अदालतबाट ०७६-WH-०३२९ को मुद्दामा २०७७/०१/१४ गते रिट जारीसमेत भइसकेको देखिने ।

तसर्थ, उल्लिखित आधार र कारण, नोबल कोरोना भाइरस (COVID-19) का कारण सिर्जित वर्तमान परिस्थिति तथा यस अदालतको मिति २०७६/१२/०७ को निर्णयसमेतबाट काठमाडौं जिल्ला अदालतको मिति २०७६।१२।२० को निर्णय तथा उच्च अदालत पाटनको मिति २०७७/०२/१५ को आदेश न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिइएको छ । यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरूद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा जोखिमपूर्ण अवस्थामा रहेको बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को व्यवस्थाअनुसार परिवर्तित नाम काठमाडौं २६ लैनचौर १(ङ) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा स्थगनको निमित्त

आवश्यक प्रक्रिया पुर्‍याई अभिभावकको जिम्मा लगाउन यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पहरू खोजी पुनः निर्णय गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा यो परमादेशको आदेश जारी हुने ठहर्छ। उक्त आदेशअनुसार निवेदकका हकमा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा पुनः निर्णय गर्नसमेत काठमाडौं जिल्ला अदालतको नाममा संक्षिप्त आदेश जारी भइसकेको हुँदा केही गर्नु परेन। बन्दीप्रत्यक्षीकरणको हकमा समेत केही बोल्नु नपर्ने।

इजलास अधिकृत: जयन्ती अवस्थी भट्ट

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७७ साल जेठ ३२ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०७६-WH-०३७०, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम कमलपोखरी ६९(ग) वि. काठमाडौं जिल्ला अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CI-१२३१, उत्प्रेषण / परमादेश, चेतबहादुर थापा वि. काठमाडौं जिल्ला अदालतसमेत*

यसैगरी निवेदकका नाउँको म्याद तामेल गर्ने संखुवासभा जिल्ला अदालतका विपक्षी तामेलदारको लिखित जवाफ हेर्दा "निज तामेलदारसमेतले म्यादवाला व्यक्तिको वतनमा गई म्यादवाला मानिस र निजका एकासगोलका उमेर पुगेको जहान परिवारसमेत फेला नपरेकाले सम्बन्धित वडाका २ जना मानिससमेत साक्षी राखी सम्बन्धित गा.वि.स. का तत्कालीन उपाध्यक्षसमेतलाई रोहवरमा राखी निजको घरदैलामा टाँस गरेको हुँ" भनी उल्लेख गरेको देखियो। जसबाट निवेदकलाई कानूनले तोकेको रीत पुर्‍याई सूचना म्याद जारी गरी सुनुवाइको मौका दिएको हो भन्न नमिल्ने।

निवेदकले दाबी गरेबमोजिमको प्राकृतिक न्यायको सिद्धान्तमा साधारणतः **"आफ्नो मुद्दामा आफैँ न्यायाधीश हुन नहुने निर्णय गर्ने न्यायाधीशले दुवै पक्षको कुरा सुन्नुपर्ने तथा मुद्दाको पुर्पक्ष पक्षपात विना र सद्भावनाले गरिएको हुनुपर्ने" भन्ने विश्वव्यापी मान्यता रहेको देखिन्छ।** प्रस्तुत मुद्दामा आरोप लागेका व्यक्ति यी निवेदकको नाउँमा तामेल भएको सूचना म्यादबाट यी निवेदकले आफ्नो आरोपको सम्बन्धमा कुनै सूचना र जानकारी प्राप्त गरेको भन्ने कहीँकतैबाट पुष्टि हुन नसकेबाट निजको नाउँमा तामेल भएको उक्त म्यादलाई रीतपूर्वक तामेल भएको हो भनी मान्न सकिने अवस्था देखिएन। यसरी निवेदकलाई बेरितपूर्वक तामेल गरेको म्यादको आधारमा भएको काठमाडौं जिल्ला अदालतको फैसला "निर्णय गर्ने न्यायाधीशले दुवै पक्षको कुरा सुन्नुपर्ने" भन्ने उपर्युक्त प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको देखिने।

निवेदकको बसोबास रहेको वास्तविक ठेगानाभन्दा अन्यत्रको वतनमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद सूचनाबाट रिट निवेदकले उक्त मुद्दामा सुनुवाइको मौका प्राप्त गरेको भन्न नमिल्ने भनी सर्वोच्च अदालत बुलेटिन वर्ष १९, अङ्क २४, पृष्ठ १ मा अधिवक्ता विजयकुमार बस्न्यात वि. इन्द्रविक्रम पराजुलीसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रकाशित नजिर प्रस्तुत मुद्दामा पनि आकर्षित हुने।

उपर्युक्त आधार र कारणबाट निवेदकलाई सुनुवाइको अवसरबाट वञ्चित गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुरू काठमाडौं जिल्ला अदालतबाट निवेदकको नाउँमा जारी भएको मिति २०५८।९।२१ को म्याद बेरितको हुँदा सो म्याद र काठमाडौं जिल्ला अदालतको मिति २०६२।१।२७ को फैसला तथा उच्च अदालत पाटनबाट भएको मिति २०७४।१०।१७ को फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब निवेदकलाई अदालतमा उपस्थित गराई प्रतिवाद गर्ने मौका दिई निजको बयान गराई थुनछेकसम्बन्धी निर्णय गरी अरू कानूनबमोजिम गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतको नाउँमा यो आदेश जारी गरिदिएको छ। उक्तबमोजिम आदेश जारी भएकोले

निवेदकलाई अदालतमा उपस्थित गराई बयान गर्न लगाई थुनछेकसम्बन्धी कार्य गरी अरू कानूनबमोजिम गर्नु भनी सुरु काठमाडौं जिल्ला अदालतको नाउँमा पत्र लेखी पठाउनू।

इजलास अधिकृत : ज्ञानेन्द्र इटेनी

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७६ साल पौष २९ गते रोज ३ शुभम्।

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-१८०२, कर्तव्य ज्यान, नेपाल सरकार वि. सफिरूद्दिन मुसलमानसमेत*

मौकामा कागज गर्ने तथा अदालतमा बकपत्र गर्ने साक्षीहरूले यी प्रतिवादीहरूको घटनामा उपस्थितिका सम्बन्धमा दिएको भनाइमा एकरूपता रहेको देखिँदैन । अदालतमा बकपत्र गर्ने अयसा खातुनलगायतका साक्षीहरूले यी प्रतिवादीहरू वारदात हुँदा केवल कराइरहेका थिए भनी लेखाएको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ। यी प्रतिवादी कराउँदा प्रत्यक्ष अप्रत्यक्ष के कसरी वारदात घटाउन सहयोग पुगेको हो भनी वादी नेपाल सरकारले अभियोगपत्र तथा पुनरावेदन पत्रमा खुलाउन सकेको देखिँदैन । मृतक तथा निजका परिवारसँग पूर्वरिसइवी रहे भएको भन्नेसमेत पुष्टि हुन सकेको छैन । यी प्रतिवादीहरूले आफूहरू घटना हुँदा घटनास्थलमा नभई मुम्बईमा रहेको भनी जिकिर लिएका तथा सहप्रतिवादीहरूले समेत घटना हुँदा यी प्रतिवादीहरू घटनास्थलमा उपस्थित रहेका थिएनन् भनी लेखाइदिएका छन् । अभियोग दाबीबमोजिम कसुर कायम हुनका लागि यी प्रतिवादीहरूले मुख्य अभियुक्तहरूसँग ज्यान मार्ने कार्यमा मत सल्लाह मिलाएको प्रमाणित भएको हुनुपर्ने हुन्छ । यी प्रतिवादीहरूले अन्य प्रतिवादीहरूको लागि वारदात घटाउन सहयोग गरेको वा घटना वारदातमा मतियार भएको भन्ने पुष्टि गर्ने कुनै कागज प्रमाण रहेको देखिँदैन । मौकामा बुझिएका र अदालतमा बकपत्र गर्ने साक्षीहरूको भनाइ बेहोरा तथा सहप्रतिवादीहरूको बयान बेहोराबाट यी प्रतिवादीहरूले ज्यान मार्ने कार्यमा मुख्य अभियुक्तहरूसँग मत सल्लाह मिलाएको भन्ने पुष्टि हुँदैन। यी प्रतिवादीहरूले घटना हुँदा आफूहरू मुम्बईमा रहेको भनी जिकिर लिएका छन्। निज प्रतिवादीहरूको अभियोग दाबीबमोजिमको कसुर प्रमाणित हुने अन्य कुनै आधार प्रमाण मिसिलमा संलग्न रहेकोसमेत देखिँदैन । यसरी यी विवेचित आधारमा हेर्दा यी प्रतिवादीहरू प्रस्तुत वारदातमा संलग्न थिए भन्ने कुरा पुष्टि हुन नसकी यी प्रतिवादीहरूको आरोपित कसुर शंकारहित तवरले पुष्टि हुन आएको देखिँदैन। केवल शंकाको भरमा मात्र यी प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायसङ्गत हुँदैन । सो हुँदा प्रतिवादीहरूले आरोपित कसुरमा सफाइ पाउने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला अन्यथा देखिन नआउने।

अतः प्रतिवादीहरूको घटना वारदातमा उपस्थिति शंकारहित तवरले पुष्टि हुन नसकी प्रतिवादीहरू कल्लु भन्ने सफिरूद्दिन मुसलमान र मोहमद खलिद मुसलमानले आरोपित कसुरमा सफाइ पाउने गरी भएको सुरु फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-०४७१, जालसाजी, भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठ*

पुनरावेदक प्रतिवादी भीमदत्तले यी प्रत्यर्थी वादी ठाकुरप्रसाद श्रेष्ठलाई आफ्नो बाबु नाता रहेको भन्ने देखाई निजसमेत उपर बाँके जिल्ला अदालतमा

संवत् २०६२ सालको दे.नं.१२०३ को अंश मुद्दा दायर गरेको देखिन्छ। प्रत्यर्थी वादीले उक्त अंश मुद्दामा प्रतिवाद गर्दा, यी पुनरावेदक प्रतिवादीलाई छोरा नाताको होइन भनी नातामा विवाद देखाएका कारण उक्त अंश मुद्दामा मिति २०६३।०४।२० मा प्रमाण पेस गर्ने, मिति २०६३।०६।३० मा नातातर्फ अ.बं.८० नं.को बयान गराउने र DNA परीक्षण गराउने भन्नेसमेतका आदेश भएपश्चात् यी पुनरावेदक प्रतिवादीले "साबिक जिल्ला बर्दिया गा.वि.स. मनाउ वडा नं.५ हाल बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ५ बस्ने गोपिमान श्रेष्ठको छोरा ठाकुरप्रसाद श्रेष्ठ मेरो सहोदर बाबु नाता पर्ने भएकोले नाता प्रमाणित गरिपाऊँ" भनी मिति २०६३।१०।२८ मा गा.वि.स.को कार्यालय, मानपुर टपरा बर्दियामा निवेदन दिई सोही निवेदनका आधारमा उक्त कार्यालयबाट मिति २०६३।१०।२९ मा सरजमिन बुझ्ने कार्य गरी सोही मिति २०६३।१०।२९मा मानपुर गाउँ विकास समितिको कार्यालयबाट यी प्रत्यर्थी वादी ठाकुरप्रसाद श्रेष्ठ र पुनरावेदक प्रतिवादी भिमदत्त श्रेष्ठ बाबु छोरा नाताका व्यक्ति हुन् भनी नाता प्रमाणित प्रमाणपत्र प्राप्त गरेको देखिने।

पुनरावेदक प्रतिवादीले उक्त नाता प्रमाणित प्रमाणपत्र प्राप्त गर्नुअघि भएको उक्त सरजमिनका कार्यसमेतलाई जालसाजी घोषित गरिपाउँ भनी यिनै प्रत्यर्थी वादीले यिनै पुनरावेदक प्रतिवादीउपर दायर गरेको यसै लगाउमा रहेको ०७२-CR-०४७ को जालसाजी मुद्दामा सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०६७।०१।२० मा भएको फैसला उल्टी गरी दाबी ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९।८।२६ मा भएको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको हुँदा सोही मुद्दामा लिइएको बुँदा प्रमाणसमेतको आधारमा प्रस्तुत मुद्दामा समेत वादी दाबी नपुग्ने ठहराई सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी दाबी ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवं यस अदालतबाट मिति २०७२।६।६ मा भएको आदेशमा लिइएका आधारसमेतसँग सहमत हुन नसकिने।

तसर्थ यसै लगाउमा रहेको ०७२-CR-०४७२ को जालसाजी मुद्दामा विवेचित आधार प्रमाणहरूसमेतबाट प्रस्तुत मुद्दामा सुरू बर्दिया जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने भनी मिति २०६७।०१।२० मा भएको फैसला उल्टी हुने ठहराई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९।०८।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७४ साल चैत्र १ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CR-०४७२, जालसाजी, भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-०६५९, ०७२-CR-१५९७, कर्तव्य ज्यान, हरिकृष्ण दानी वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिकृष्ण दानी*

प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्षको बयान स्वइच्छाको होइन प्रहरीमा मलाई कुटपिट गरेर त्यस्तो लेखाएको हो घटनाको बारेमा मलाई केही थाहा छैन सहीछाप मेरै हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको होइन मलाई कुटपिट गरेर त्यस्तो लेखाएको हो भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न नमिल्ने।

आफूलाई डर त्रास देखाई वा कुटपिट गरी बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु

परेको कुराको जिकिर लिनेले सो कुरा वस्तुनिष्ठ रूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, कुटपिट गरेको जस्ता कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुराको प्रमाण पेस गर्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

प्रतिवादी र मृतकबिच पूर्वरिसइवी भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको छैन । त्यसैगरी मृतकलाई मार्नै पर्ने मनसायले साथ लागी प्रतिवादी गएको पनि देखिँदैन । यसरी मारौं भन्ने नियतले नभई यौन सम्पर्कका विषयमा भएको सामान्य विवादमा तत्काल उठेको रिसमा जोखिमी हतियारको प्रयोग नगरी हातले धकेली दिएको कारण मृतकको मृत्यु हुन गएको कुरा मिसिल संलग्न परिस्थितिजन्य प्रमाणबाट भएको देखिन्छ। प्रतिवादीले मृतकलाई मार्ने नै मनसायले जोखिमी हतियार प्रयोग नगरी सामान्य विवादमा तत्काल उठेको रिसले धकेली दिएको कारण मृतकको मृत्यु हुन गएबाट यस्तो प्रकृतिको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. आकर्षित हुने नभई सोही महलको १४ नं. आकर्षित हुने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोहीबमोजिम १० (दस) वर्ष कैद हुने ठहराएको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।१ भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल कार्तिक १६ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७०-CR-०५६९, ०७०-CR-१०७३, ०७२-RC-०१६५, कर्तव्य ज्यान, हुकुमबहादुर विष्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. हुकुमबहादुर विष्टसमेत, नेपाल सरकार वि. गोपाल विष्ट*

प्रतिवादीमध्येका गोपाल विष्ट र मृतकका बिचमा रहेको पूर्ववत् विवाद रही आएको देखिएको र प्रतिवादीको घरमा गएकी मृतकले गोपाल विष्टसँग आफूलाई श्रीमती तुल्याउने विषयमा कुरा हुँदाका अवस्थामा प्रतिवादी हुकुमबहादुर विष्टले यस्तालाई त मारे पनि हुन्छ भन्नेसम्मको अभिव्यक्ति दिएको भन्ने देखिएको छ भने प्रतिवादी तिलु विष्टले उक्त कसुरमा के कुन कार्य गरेको हो भन्ने यकिन हुन सकेको नदेखिएको अवस्थामा प्रतिवादीमध्येका गोपाल विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहराएको देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.मा भएको कानूनी व्यवस्थातर्फ हेर्दा, **"-------कसैले अरूको ज्यान मर्ने गैह्र कुरा गर्दा उसै बखत वा ऐनका म्यादभित्र ज्यान मरेमा सो ज्यान मार्नेलाई र मुख्य भई बचन दिनेलाई र वारदात भइरहेका ठाउँमा गई अर्काको जिउमा हात हाली मार्नालाई संयोग पारिदिने नियतले पक्री समाती राख्नेसमेतलाई देहायमा लेखिएबमोजिम सजाय गर्नुपर्छ--"** भन्ने उल्लेख भई सोही नं.को देहाय ३ मा **"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ"** भन्ने उल्लेख भएको देखिएकोले मृतकलाई यी सबै प्रतिवादीहरूले हातहतियार छाडेको भन्नेसमेत देखिन नआई मुख्य रूपमा विवादको विषय नै निज प्रतिवादी

गोपाल विष्टसँग रहेको र निजैको घरमा गएकी निज मृतकको शरीरमा लागेको लागेको चोटपीडाबाट मृत्यु भएको भन्ने देखिन आएबाट प्रतिवादी गोपाल विष्टले छाडेको चोटपीडाबाट निजको मृत्यु भएको देखिन आएकोले निजको हकमा उक्त १३(३) नं. को अवस्था आकर्षित हुने नै देखिन आउने।

प्रतिवादी हुकुमबहादुर विष्टले उक्त वारदातमा मृतकलाई मार्नु भनी मुख्य भई बचनसमेत दिएको नदेखिएको र निजले मृतकमाथि हातहतियार छाडेकोसमेत नदेखिएको एवं हतियार इत्यादि लिई वारदातस्थलमा रहेकोसमेत नदेखिएको अवस्था हुँदा निजलाई सोही महलको १७(३) नं. बमोजिम सजाय ठहर गरेको सन्दर्भमा उक्त १७ नं. मा भएको कानूनी व्यवस्थातर्फ हेर्दा, **"ज्यान मार्नालाई मतलबमा भने पसेको तर मुख्य भई बचन पनि नदिने, हातहतियार पनि नछोड्ने, जिउमा पनि नछुने देहायका अवस्थाका अरू मतलबीहरूलाई ज्यान मरेको रहेछ भने देहायबमोजिम र ज्यान मरेको रहेनछ भने देहायमा लेखिएको सजायको आधा सजाय गर्नुपर्छ"** भन्ने उल्लेख गरी सोही नं.को देहाय १ मा **"ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानी जानी हातहतियार गोली बारूद विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहनेलाई दश वर्ष कैद गर्नुपर्छ"** भन्ने उल्लेख भएको र सोही देहाय २ मा **"माथि १ दफामा लेखिएबाहेक घेरा दिने, बाटो, गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ"** भन्ने उल्लेख भएको सोही देहाय ३ मा **"अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ"** भन्ने उल्लेख भएको देखिएको हुँदा मृतकलाई यी प्रतिवादीले कुटपिट नगरे तापनि यस्तालाई मारे पनि हुन्छ भन्ने वाक्य प्रयोग गरेको देखिएबाट निजले मृतकलाई मार्नमा बचन दिएको भन्ने अर्थ गर्न मिल्ने नदेखिएको र मतलबीको रूपमा वारदातमा संलग्न भई मतसल्लाहमा पसेकोसम्म देखिएबाट निजको हकमा सोही १७(३) नं. को अवस्था आकर्षित हुने।

प्रतिवादी तिलु विष्टको हकमा निज प्रतिवादीले मृतकलाई मार्ने कार्यमा निज कुनै हातहतियारसहित घटनास्थलमा मौजुद रहेको भन्नेसमेत नदेखिएको र मृतकलाई मार्नुपर्नेसम्मको निजको कुनै पूर्वरिसइवी रहेको भन्नेसमेत कहीँकतैबाट खुल्न नआएको हुँदा शंकारहित तवरले आरोपित कसुर पुष्टि हुने सबुद प्रमाणको अभावमा निजले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने अवस्था विद्यमान रहेको देखिने।

यसरी माथि विवेचना गरिएको आधार तथा प्रमाण मूल्याङ्कनबाट प्रतिवादी गोपाल विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अर्का प्रतिवादी हुकुमबहादुर विष्टको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने तथा प्रतिवादी तिलु विष्टको हकमा सबुद प्रमाणको अभावमा अभियोग दाबीबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CI-०६२२, लिखत दर्ता बदर दर्ता कायम, बथीदेवी थारू वि. अभिनारायण चौधरी*

हजुरबुबा अकलुको काजक्रिया आफूले गरेको भन्ने वादी दाबीलाई प्रतिवादीले अन्यथा

भन्न नसकेको र प्रतिवादी तितरादेवीले घर व्यवहार गर्नका लागि दाबीको जग्गा बिक्री गरेको भन्ने जिकिर वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्न सकेको मिसिल संलग्न कागजातबाट पाइँदैन । दाबीको जग्गा के, कस्तो स्रोतबाट प्राप्त भएको हो सो कुरा प्रतिवादीले देखाउन सकेको देखिँदैन । यस्तो अवस्थामा केवल प्रतिवादीको मौखिक भनाइलाई मात्र आधार मानी दाबीको जग्गा प्रतिवादी तितरादेवीको निजी आर्जनको भई अन्य सगोलका अंशियारको हक नलाग्ने भनी भन्न न्यायोचित हुने नदेखिने।

वादी र प्रतिवादी तितरादेवी एकासगोलका अंशियार भई दाबीको जग्गा वादीसमेतलाई अंशभाग लाग्ने प्रकृतिको देखिएको, त्यस्तो सम्पत्ति राजीनामाबाट हक हस्तान्तरण गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. बमोजिम वादीको सहमति वा मन्जुरी लिएको नदेखिँदासमेत दाबीको राजीनामा लिखत यथावत् कायम रहन नसक्ने भएकोले दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिँदा लिखत बदर हुनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणबाट वादी दाबी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।५।२० मा भएको फैसला उल्टी गरी दाबीको कि.नं.९०१ को जग्गाबाट ४ भागको १ भाग लिखत दर्ता बदर गरी वादीको नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।१०।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CR-०८५७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. प्रकाश पन्त*

भिषा आएपछि पासपोर्ट बनाइदिने भनी जाहेरवालालाई प्रतिवादीले भनेको भनी जाहेरवालाले आफ्नो बकपत्रको बेहोरामा लेखाइदिएको देखिएबाट जाहेरवालाले राहदानी बनाएको अवस्थासमेत नदेखिएको र नेपाली नागरिकले विदेश क्यानाडा जानको लागि आफूसँग भएको राहदानीमा उल्लिखित व्यक्तिगत विवरणसमेत खुलाएर मात्र भिषाको लागि आवेदन गर्न सकिने हुन्छ । तर निज जाहेरवालाले आफूसँग राहदानी रहेको छ भनी खुलाउनसमेत सकेको देखिन आएन । विदेश जानको लागि चाहिने न्यूनतम कागजातको रूपमा राहदानी नै नभएका निज जाहेरवालाले पेस गरेको उक्त लिखतका आधारमा मात्र निज प्रतिवादी र जाहेरवालाका बिचमा वैदेशिक रोजगारीमा पठाउनको लागि नै सो लिखत भई सोहीअनुसार उक्त लेनदेनको कारोबार भए गरेको रहेछ भनी केवल अनुमान र आशंकाका आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहर गर्न कानून तथा न्यायका दृष्टिले मिल्ने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीमा निहित हुनेमा प्रस्तुत मुद्दामा प्रतिवादीले अनुसन्धानकै क्रममा जाहेरवालाबाट पेस भएको उक्त लिखतका सम्बन्धमा लिखतको बेहोराप्रति इन्कार रही वैदेशिक रोजगारको निमित्त आफूले सो कागज गरिदिएको नभई अन्यथा हो भनी जिकिर लिइरहेको अवस्था विद्यमान देखिएको हुँदा सामान्यतः वैदेशिक रोजगारमा वा अन्य कुनै उद्देश्यले भए पनि विदेश जान चाहने व्यक्तिका साथमा निजको आफ्नो राहदानी रहेको छ, छैन ? भन्ने सम्बन्धमा सामान्य अनुसन्धानसमेत नगरी केवल वैदेशिक रोजगारमा पठाइदिने छु भनी उल्लेख गरिएको लिखतका आधारमा मात्र वैदेशिक रोजगारसम्बन्धी फौजदारी कसुर गरेको भनी अभियोग दायर गर्दैमा सोही अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्नु कानून तथा न्यायको मर्मविपरीत हुन जाने।

वादी पक्षबाट वैदेशिक रोजगारमा जानका लागि जाहेरवालाको साथमा रहनुपर्ने राहदानी जस्तो अपरिहार्य कागजातसमेत नरहेको अवस्थामा प्रतिवादीउपरको अभियोग निर्विवाद तवरबाट पुष्टि भएको भनी प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्न मिल्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीउपरको अभियोग मागदाबी शंकारहित तवरले पुष्टि हुन नसकेकोले प्रतिवादीउपरको अभियोग दाबीबाट निजले सफाइ पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७१।०७।१० मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन नसकेको हुँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।७।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CR-११८२, कर्तव्य ज्यान, नेपाल सरकार वि. कृष्ण पौडेलसमेत*

प्रतिवादीहरूको मृतकसमेतसँग मार्नेसम्मको कुनै पूर्वरिसइवी रहेको भन्नेसमेत नदेखिएको र निजहरूलाई मार्नकै लागि भनी प्रतिवादीहरूले पूर्वयोजना बनाई उक्त स्थानमा आई बसी मृतकसमेतलाई लाग्ने गरी ताकेर उक्त ढुङ्गा खसालेको भन्नेसमेत देखिन नआएको अवस्थामा मृतकसमेतलाई मार्ने पूर्व कुनै योजना वा मार्ने मनसायपूर्वक प्रतिवादीहरूले सो ढुङ्गा खसालेको नदेखिएको हुँदा निज प्रतिवादीहरूले अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

मृतक राजु तामाङसमेतका ५ / ६ जना केटाहरू तल रूखको छहारीमा बसेको देखी माथिबाट ढुङ्गा खसालिदिने यी प्रतिवादीहरूको मृतकसमेतसँग मार्नेसम्मको कुनै पूर्वरिसइवी रहेको भन्नेसमेत नदेखिएको र निजहरूलाई मार्नकै लागि भनी पूर्वयोजना बनाई प्रतिवादीहरू उक्त स्थानमा पुगेको भन्ने पनि नदेखिएको र मार्नकै लागि भनी निज मृतकलाई नै लाग्ने गरी ताकेर उक्त ढुङ्गा खसालेको भन्नेसमेत देखिन नआएको अवस्थामा निज प्रतिवादीहरूले आफूहरू बसेको भिरबाट गुल्टाएको ढुङ्गाले तल रूखको छहारीमा बसेका व्यक्तिहरूलाई गम्भीर चोटपटक लाग्न सक्नेतर्फ होस नपुऱ्याई हेलचेक्र्याईं गरी ढुङ्गा गुल्टाउने कार्य गरेका देखिन आएकोले यी प्रतिवादीहरूले सोही ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको कसुर गरेको देखिन आएको हुँदा निज प्रतिवादीहरूलाई सोही महलको ६(२) नं.बमोजिम सजाय हुने अवस्था रहेको देखिने।

प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर एवं सजाय आकर्षित हुन सक्ने अवस्था नदेखिएको हुँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको कसुरमा सोही महलको ६(२) नं. ले सजाय ठहर गर्नुपर्नेमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको सुरू नुवाकोट जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको ६(२) नं.ले जनही २(दुई) वर्ष कैद हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।४।२७ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, निज प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद हुने भनी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६९।०३।२७ मा भएको फैसला सो हदसम्म केही उल्टी भई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी

महलको ६(२) नं. ले जनही २(दुई) वर्ष कैद हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०४।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः- मन्जिता ढुङ्गाना
इति संवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-WO-०१४८, उत्प्रेषण, वीरबहादुर आलेसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत*

विचाराधीन मुद्दामा उठेका त्यस्तो विवादित प्रश्न जसको सही जवाफ कारणीले मात्र दिन सक्दछ, त्यस्ता प्रश्नको निरूपणको लागि अ.बं. ८३ नं. बमोजिम अनुमति प्राप्त व्यक्तिको जवाफ पर्याप्त नहुन सक्छ र अ.बं. ८३ नं. बमोजिम अनुमति प्राप्त व्यक्तिको जवाफको आधारमा निर्णयकर्ता सही निष्कर्षमा नपुग्न पनि सक्छ । त्यस्तो अवस्थामा कानूनसम्मत तरिकाले कारणी झिकाउने आदेश गर्न जिल्ला अदालत सक्षम हुँदैन भन्न मिल्दैन, सारवान् हकको सम्बन्धमा औचित्यपूर्ण तरिकाले निष्कर्षमा पुग्न अदालतले कार्यविधि कानूनमा भएको अ.बं. ८० नं. जस्ता व्यवस्थालाई आवश्यकताअनुसार प्रयोग गर्नुपर्ने नै हुन्छ । अंश मुद्दामा प्रतिउत्तर लगाउँदा नातामा प्रश्न उठाउने प्रतिवादी तथा कारणी स्वयंले नै अदालतमा आई बयानमार्फत आफ्नो दाबी / भनाइ पुष्टि गर्नु नै हुन्छ। नाताको सम्बन्धमा आफैँले उठाएको प्रश्नको कानूनसम्मत रूपमा निरूपण गर्न निवेदकले पूरा गर्नुपर्ने यस प्रकृतिको दायित्व निजको कानूनी दायित्व पनि हुने।

विवादित प्रश्नमा निष्कर्षमा पुग्न कारणी झिकाउने सम्बन्धमा भएका जिल्ला र पुनरावेदन अदालतको आदेशको सम्मान गरी प्रतिवादी / कारणी स्वयं अदालतमा उपस्थित भई बयान गरी आफ्नो भनाइ / दाबी पुष्टि गर्नेतर्फ लाग्नुपर्नेमा सो नगरी त्यस्तो आदेशलाई नै चुनौती दिई बदर गर्न रिट क्षेत्रमार्फत अदालतमा निवेदन दिएकोलाई स्वाभाविक र औचित्यपूर्णसमेत मान्न मिल्ने नदेखिने।

यसप्रकार विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत निवेदनमा पाल्पा जिल्ला अदालतबाट मिति २०७१।१२।१९ तथा २०७२।१।८ मा भएको आदेश एवं उक्त आदेशहरूलाई कायम राख्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।३।३ मा भएको आदेशहरूबाट रिट निवेदकको कुनै संवैधानिक एवं कानूनी हकमा आघात परेको अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इशा सुवेदी
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७५ साल असोज १० गते रोज ४ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, *०७६-WH-०३९३, बन्दीप्रत्यक्षीकरण, रूपबहादुर भुल वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत*

निवेदकउपर लगाइएको अभियोग एवं मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) को कानूनी व्यवस्था हेर्दा, ***कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन***" भन्ने उल्लेख छ । संहिताको उल्लिखित व्यवस्थाले कुनै पनि व्यक्तिले अभद्र व्यवहार गर्न, सार्वजनिक स्थानमा वा कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्नमा प्रतिबन्ध लगाएको देखिन्छ । यस निवेदनको सन्दर्भमा के कस्तो अभद्र

व्यवहार भयो भन्ने खुल्न सकेको नदेखिने।

प्रस्तुत विवादका सन्दर्भमा निवेदकलाई अभद्र व्यवहार गर्न नहुने कसुरमा पक्राउ गरी सोही कसुरमा मुद्दा दर्ता गरी अनुसन्धानको लागि भन्दै जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पेस गरी मिति २०७७/०३/०१ गतेबाट लागु हुने गरी पटकपटक म्याद थप गरी बयानलगायतको प्रारम्भिक अनुसन्धानको लागि हिरासतमा राखी अनुसन्धान जारी रहेको भन्ने देखिन्छ। कुनै पनि व्यक्तिलाई थुनामा राख्दा विधिपूर्वक, कानूनसम्मत उचित कारण वस्तुनिष्ठ आधार उल्लेख हुनुपर्नेमा यी निवेदकले डिउटीमा खटिएका प्रहरी कर्मचारीलाई अभद्र व्यवहार गरेको भन्ने उल्लेख भए पनि के कस्तो अभद्र व्यवहार गरेको भन्ने स्पष्टसँग खुल्न आएको देखिएन । जसबाट यी निवेदकलाई फरक विचार र आस्था राखेकै कारणबाट पक्राउ गरेको भन्ने देखिन्छ । निजले के कस्तो अभद्र व्यवहार गरे भन्ने स्पष्ट नै नगरी पक्राउ पुर्जी दिइएको अवस्था विद्यमान छ । म्याद थप गर्दा र म्याद थपको आदेश गर्दासमेत सोको स्पष्ट आधार र कारण मिसिल संलग्न कागजबाट खुल्न सकेको देखिएन । निजलाई थुनामा राखी अनुसन्धान गर्नुपर्ने अवस्था लिखित जवाफबाट समेत खुलाउन सकेको देखिएन । जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रारम्भिक अनुसन्धानको कार्य सम्पन्न गरी अनुसन्धानको लागि हिरासतमा राखेकोमा के कुन प्रयोजनको लागि हिरासतमा राखेको हो भन्ने बेहोरा वस्तुनिष्ठ कारण र आधारबाट खुलाउन सकेको अवस्था नदेखिने।

बन्दीप्रत्यक्षीकरणको आदेश मानव अधिकारसँग सम्बन्धित विषयवस्तु हो। नेपाल विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र हो। महासन्धिको पक्ष राष्ट्र भएको कारणबाट नेपालले उक्त महासन्धिमा भएको व्यवस्थाहरू कार्यान्वयन गर्नु आफ्नो दायित्वभित्र नै पर्दछ । *Universal Declaration On Human Rights (UDHR) को धारा १९ मा Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers* भन्ने व्यवस्था रहेको देखिन्छ । यसैगरी *International Covenant On Civil And Political Right (ICCPR) को धारा १९(१) ले पनि Everyone shall have the right to hold opinions without interference* भन्ने व्यवस्था रहेको छ । यसरी अन्तर्राष्ट्रिय दस्ताबेजले नै *right to hold opinion* भन्ने अधिकारको व्यवस्था रहेकोमा कुनै पनि व्यक्तिले आफूले चाहेको विचार र आस्था राख्न सक्छ। यदि कुनै व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता नदिने हो सो कार्य मानव अधिकारको उल्लङ्घन हुन जान्छ। उक्त मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थाहरूलाई प्रचलित नेपालको संविधानको भाग ३ धारा १७ मा स्वतन्त्रतासम्बन्धी हकको प्रावधान छ भने सोही धाराको उपधारा १ मा ***"कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन"*** भन्ने उल्लेख छ भने सोही धाराको उपधारा २ ***(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता***समेतको व्यवस्था रहेको पाइन्छ । उल्लिखित संविधानको व्यवस्थालाई विश्लेषण गर्दा नागरिकको विचार र अभिव्यक्तिलाई प्रचलित कानूनले अपराध भनी परिभाषित गरेको आपराधिक तत्त्वको विद्यमानता नरहेसम्म सोउपर नियन्त्रण गर्ने परिकल्पना गरिएको पाइँदैन । त्यसैगरी मानवहित, समाजहित र राष्ट्रहितका लागि उक्त क्षेत्रका मानिसहरू सामेल गराई शान्तिपूर्ण भेलाको आयोजना गरिन्छ वा त्यस्ता उद्देश्यका लागि सङ्घ संस्था खोल्दछन् भने त्यस्तो भेला हुने वा सङ्घ संस्था खोल्ने हक नागरिकको मौलिक हक हुने कुराको प्रत्याभूति गरिएको पाइन्छ । विशुद्ध

रूपमा राष्ट्र, समाज, जनता एवं मानवताको हितका खातिर अभिव्यक्त गरिने वा सम्प्रेषण गरिने विचार र अभिव्यक्ति तथा सङ्गठित हुने कार्य मात्र मौलिक हकअन्तर्गत राज्यद्वारा संरक्षण गरिन्छ । यदि मौलिक हक संरक्षणको आवरणमा हातहतियार र बल प्रयोग गरी कुनै पनि कार्य गरिन्छ भने त्यस्तो अवस्थामा मात्र विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रतासम्बन्धी हकको व्यापकताको हद समाप्त हुन गई कानूनी सीमाको हद सुरू हुन जान्छ । यसबाट विशुद्ध रूपमा राष्ट्र, समाज, जनता एवं मानवताको हितका खातिर अभिव्यक्त गरिने वा सम्प्रेषण गरिने विचार र अभिव्यक्ति तथा संगठित हुने कार्य मात्र मौलिक हकअन्तर्गत राज्यद्वारा संरक्षण गरिने भएकोले निवेदकले एम.सि.सि. सम्झौता राष्ट्रको हितमा नभएकोले त्यसलाई लागु नगर्न सरकारसँग माग गरेर शान्तिपूर्ण रूपमा ऱ्याली गर्ने कार्य सरकारबाट हुनसक्ने कुनै सम्झौताका सम्बन्धमा व्यक्त गरिएको असन्तुष्टिका आवाजहरू मात्र देखिन्छ । यसप्रकारका शान्तिपूर्ण रूपमा गरिने गतिविधि संवैधानिक अधिकारको परिधिभित्र अटाउने नै देखिने ।

नेपालको संविधानले वैयक्तिक हक, स्वतन्त्रताको हक, यातना विरूद्धको हक एवं न्यायको हकलगायतका मौलिक हकहरूलाई विशिष्ट स्थान प्रदान गरेको देखिन्छ । कुनै पनि व्यक्तिलाई मनासिब आधार र कारणबिना बन्दी बनाउन नहुने र कुनै अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निज निर्दोष रहेको मानिने, अभियुक्तलाई आफूविरूद्धको अभियोगमा सफाइ पेस गर्न उचित मौका दिनुपर्नेलगायतका कुराहरू फौजदारी न्यायका प्रचलित मान्य सिद्धान्त हुन् । सोही कुराको मनन गरी नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको छ । साथै संविधानको धारा १८ ले कानूनको दृष्टिमा सबै समान हुने, कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने र ऐ. संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने र धारा २२ ले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिन नहुने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको समेत सुनिश्चितता धारा ४६ ले प्रदान गरेको छ । यसैगरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निम्ति सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ भने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

उल्लिखित कानूनी व्यवस्थाको रोहबाट हेर्दा, कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा हनन वा अङ्कुश गर्नुहुँदैन सो कार्य कानूनी राज्यमा शोभनीय कार्य मान्न पनि सकिँदैन । कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी विनाआधार, कारण कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा सीमित गर्ने वा वैयक्तिक स्वतन्त्रता हरण गर्ने अधिकार संविधान र कानूनले कसैलाई प्रदान गरेको छैन । प्रस्तुत सन्दर्भमा यी निवेदकउपर लागेको अभियोग एकातिर निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने प्रकृतिको देखिएको छैन भने अर्कोतिर उचित एवं पर्याप्त आधार र कारणविना नै निजको हकमा पटकपटक म्याद थप गर्ने गरी भएका विपक्षीका कार्यहरू कानूनसङ्गत देखिँदैन । निवेदक बन्दीले प्रहरी कर्मचारीलाई अभद्र व्यवहार, गाली गलौज गरेकोले अभद्र व्यवहारको कसुरमा अनुसन्धानको क्रममा निजलाई थुनामा राखेको भन्ने विपक्षी महानगरीय प्रहरी परिसरसमेतको जिकिर रहेको देखिए तापनि यी निवेदकलाई जुन

अभियोगको सम्बन्धमा मुद्दा अनुसन्धानको लागि भनी म्याद थपको माग गरिएको छ त्यसमा स्पष्ट आधार र कारण उल्लेख भएको नदेखिने।

यसै सम्बन्धमा **"यदि कुनै व्यक्तिलाई गैरकानूनीरूपमा वा कानूनको उचित प्रयोगबिना वैयक्तिक स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित गर्ने गरी नियन्त्रणमा राखिएको छ भने त्यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी दिनुपर्ने"** भनी ने.का.प. २०७१, अङ्क ४, नि.नं. ९१४५ मा र ***"संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ। सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने। कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिनाआधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने।"*** भनी (ने.का.प.२०७५, अङ्क ५, नि.नं.१००२०) यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत सिद्धान्त यस रिट निवेदनका सन्दर्भमा पनि आकर्षित र सान्दर्भिक देखिन आउने।

उल्लिखित संवैधिनिक एवं कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट हेर्दा, निवेदक पूर्णबहादुर श्रेष्ठलाई बिनाआधार र कारण पक्राउ गर्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने अवस्था देखिएन । निजलाई विपक्षीहरूले बिनाआधार र कारण केबल फरक आस्था र विचार राखेको आधारमा प्रवृत्त भावना राखी गैरकानूनी रूपमा हिरासतमा राखेको देखिएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले विधिसम्मत पक्राउ गरी हिरासतमा राखिएको भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः वस्तुनिष्ठ आधार र कारणबिना निवेदकलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएको र निवेदकलाई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनबमोजिमको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत:- नबिन आचार्य
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७७ साल असार १५ गते रोज २ शुभम्।

- यसै लगाउको ०७६-WH-०३९४, बन्दीप्रत्यक्षीकरण, *बुधहाङ्ग नेम्वाङसमेत वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-CR-२२१३, कर्तव्य ज्यान, विकास राईसमेत वि. नेपाल सरकार*

घटनाको प्रत्यक्षदर्शीसमेत रहेका भलाकाजी राई, धिरराज राईसमेतका व्यक्तिहरूले मृतक चन्द्रप्रसाद राईलाई प्रतिवादीहरूले कुटपिट, लछार पछार र हानाहान गरेका थिए भनी अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएका र मौकाको भनाइलाई नै समर्थन हुने गरी अदालतसमक्ष बकपत्रसमेत गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट मृतक चन्द्र प्रकाश राईको मृत्युको कारण Undetermined भन्ने उल्लेख भएको पाइए तापनि मिति २०७४/०१/२७ गते बेलुकी मृतक र प्रतिवादीहरूबिच वादविवाद हुँदा मुक्का हानाहान र लछार पछारको घटना भएको तथ्य स्थापित भइरहेको देखिन्छ । मृतकका शरीरमा चोट भएको भन्ने पनि देखिएको, कुटपिटपछि भएको घाउ जाँच केश फाराममा घाइतेको अवस्था Fatal भनी उल्लेख भएको देखिएको र सोही घटनापछि थला परी

प्राथमिक उपचार गराउँदा गराउँदै निज मृतक चन्द्र प्रकाश राईको मृत्यु मिति २०७४/०२/०२ मा भएको देखिएको कारण यिनै प्रतिवादीहरूको चोटका कारण चन्द्र प्रकाश राईको मृत्यु भएको देखिएको अवस्थामा मृतक अत्यधिक रक्सी खाई आफैँ लडी घाउ चोट लागेको हो हामीले कुटपिट गरेको कारणबाट मृत्यु भएको होइन भन्ने पुनरावेदन जिकिर तथ्यसङ्गत नदेखिने।

मिति २०७४/०१/२७ गते बेलुकी मादक पदार्थ सेवन गरी तास खेलिरहेको समयमा मृतक चन्द्र प्रकाश राई र प्रतिवादीहरू गौरबकुलुङ राई, विकास कुलुङ राई र डिकबहादुर राईबिच वादविवाद हुँदा मुक्का हानाहान र लछार पछारको घटना भएको देखिन्छ । मृतकका शरीरमा चोट भएको भन्ने पनि देखिएको, कुटपिटपछि भएको घाउ जाँच केश फाराममा घाइतेको अवस्था Fatal भनी उल्लेख भएको देखिएको र सोही घटनापछि थला परी प्राथमिक उपचार गराउँदा गराउँदै निज मृतक चन्द्र प्रकाश राईको मृत्यु मिति २०७४/२/२ मा भएको देखिएको कारण चन्द्र प्रकाश राईको मृत्यु यिनै प्रतिवादीहरूको कर्तव्यबाट भएको देखिने।

यसरी प्रतिवादीहरू गौरबकुलुङ राई, विकास कुलुङ राई र डिकबहादुर राईसमेतले कुटपिट गरी चन्द्र प्रकाश राईको कर्तव्य गरी हत्या गरेको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. मा **"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ"** भन्ने व्यवस्था रहेको देखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट मृतक चन्द्र प्रकाश राईको मृत्यु प्रतिवादीहरू गौरबकुलुङ राई, विकास कुलुङ राई र डिकबहादुर राईसमेतको कर्तव्यबाट भएकोमा विवाद नदेखिएको र मृतकको मृत्यु यसैको चोटबाट भएको भन्ने नदेखिँदा सम्पूर्ण प्रतिवादीहरू गौरबकुलुङ राई, विकास कुलुङ राई र डिकबहादुर राईसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको मिति २०७५।९।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्नेदेखि मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट राय व्यक्त गरेकोतर्फ विचार गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हो, होइन ? भन्नेतर्फ विश्लेषण गर्नुपर्ने देखियो । मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्था हेर्दा, **"सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ"** भन्ने रहेको देखिने।

माथि उल्लिखित विद्यमान कानूनी व्यवस्थासमेतलाई मध्यनजर गरी हेर्दा प्रस्तुत

मुद्दाको सन्दर्भमा तथ्यावलोकन गर्दा प्रस्तुत मुद्दाका प्रतिवादीले मृतकलाई मार्नुपर्ने मनसाय र कारण एवं आशय पनि देखिन नआएको, एकै ठाउँमा बसी मादक पदार्थ सेवन गरी तास खेल्ने क्रममा रू.२०।- बोट राख्ने सामान्य विषयमा वादविवाद भई हात हालाहाल हुँदा रक्सीले लठ्ठ भएका प्रतिवादीहरूबाट मृतकलाई कुटपिट गरेको देखिएको र प्रतिवादीहरूको उमेरसमेतको अवस्था विचार गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई जन्मकैद गर्दासमेत चर्को पर्ने हुँदा ५(पाँच) वर्ष कैद सजाय गर्ने गरी साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट व्यक्त गरेको रायसमेत मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार २१ गते रोज १ शुभम्।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CR-११५१, बाल यौन दुराचार, सरजु वादी वि. नेपाल सरकार*

प्रतिवादीले वर्ष ६ का पीडितलाई ललाई फकाई आफ्नो कोठामा लगी पीडितको मलद्वारमा अप्राकृतिक यौन सम्पर्क गरी बालयौन दुराचार गरेको भन्ने तथ्य जाहेरी दरखास्त, प्रतिवादीले मौकामा गरेको बयान, जाहेरवाला तथा पीडितले गरेको बकपत्रसमेतबाट स्थापित भएको देखिन आयो।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९क र ३(१) नं.को कानूनी व्यवस्था हेर्दा, *ऐ.९क मा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नं.बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मार्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब क्षतिपूर्तिसमेत भराइदिनुपर्छ र ऐ.३(२) नं.मा दश वर्षभन्दा मुनिको बालिकालाई जबरजस्ती करणी गरेमा दशदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुने छ* भन्ने उल्लेख भएको पाइन्छ। सोअनुसार यी प्रतिवादीले जाहेरवालाको छोरा वर्ष ६ को पीडितको मलद्वारमा अप्राकृतिक यौन सम्पर्क गरी बालयौन दुराचार गरेको देखिँदा यी प्रतिवादी सरजु वादीको हकमा उक्त कानूनी व्यवस्था आकर्षित हुने देखिन आएकोले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।१।२३ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकने।

अत: विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादीले वर्ष ६ को पीडित परिवर्तित नाम ६५ग१३८ लाई ललाई फकाई आफ्नो कोठामा लगी पीडितको मलद्वारमा अप्राकृतिक यौन सम्पर्क गरी बालयौन दुराचार गरेको देखिन आएकोले निज प्रतिवादी सरजु वादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम दश वर्ष कैद र ऐ.महलको ९क नं. बमोजिम छ महिना कैद थप गरी जम्मा दश वर्ष छ महिना कैद सजाय हुने र प्रतिवादीबाट पीडितले पैंतिस हजार रूपैयाँ क्षतिपूर्ति पाउने गरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७३।७।४ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार ११ गते रोज ५ शुभम्।

१२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-१५५४, चोरी, नेपाल सरकार वि. फिरोज अन्सारी*

प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १ नं.को कसुरमा ऐ.१२ नं.बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी लिएको देखिन्छ । ऐ.१ र १२ नं.को कानूनी व्यवस्था हेर्दा, *ऐ.१ नं.मा आफ्नो हक नपुग्ने अचल भइरहेकोलाई चलको हिसाब गराई वा चल धनमालसमेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जुरी नलिई धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ । र ऐ.१२ नं.मा डाँका, रहजनी, जबरजस्ती चोरी र नकबजनीबाहेक अरू साधारण चोरीमा कसुरदारलाई जनही सो चोरीको जम्मा बिगोबमोजिम जरिवाना र पहिला पटककोलाई एक महिना, दोस्रो पटककोलाई तीन महिना, तेस्रो पटककोलाई छ महिना, चौथो पटककोलाई एक वर्ष, पाँचौं पटककोलाई दुई वर्ष, छैठौं पटककोलाई चार वर्ष र सोभन्दा बढी जतिसुकै पटक भए पनि छ वर्ष कैदसमेत गर्नुपर्छ* भन्ने उल्लेख भएको पाइन्छ । सोअनुसार यी प्रतिवादी फिरोज अन्सारीले हिमालय डिष्टिलरीको फायर फाइटिङ बक्सको दुई थान सकेट धनीको मन्जुरीविना लगेको र सो फायर फाइटिङ बक्सको दुई थान सकेट मात्र बरामद भएको देखिँदा सो बरामद धनमाल यी प्रतिवादीले चोरी गरेको मान्नुपर्ने हुन्छ । यसरी प्रतिवादीले हिमालय डिष्टिलरीको फायर फाइटिङ बक्सको दुई थान सकेट मात्र चोरी गरेको देखिएको अवस्थामा बरामद हुन नसकेको जाहेरवालाको धनमाल यी प्रतिवादीले नै चोरी गरेको भन्ने मिसिल प्रमाणबाट नदेखिएको हुँदा उक्त १२ नं.को कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीलाई बरामद बिगोअनुसार नै सजाय हुने देखिने ।

यी प्रतिवादीलाई लगाउको ०७२-CR-०५३ नं.को नकबजनी चोरीसमेत ठहरेकोले चोरीको दोस्रो पटक कसुर कायम गरी सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादीले जाहेरवालाको उक्त बरामद धनमाल चोरी गरी पहिलो पटक साधारण प्रकृतिको चोरी गरेको देखिन आएको छ । निज प्रतिवादीउपर ०७२-CR-०५३ नं.को मुद्दा नकबजनी चोरीसमेत ठहर भएको भन्ने देखिएको हुँदा प्रस्तुत मुद्दाको कसुरको प्रकृति र उक्त नकबजनी चोरी मुद्दाको प्रकृति नै फरक परेको देखिन्छ । यसरी एउटै रीतबाट चोरी भएको नदेखिँदा प्रतिवादीलाई चोरीको दोस्रो पटकको कसुर कायम गर्न मिल्ने देखिन नआउने ।

प्रतिवादीले हिमालयन डिष्टिलरीको फायर फाइटिङ बक्सको दुई थान पित्तलको सकेट चोरी गरी लगेको भन्ने तथ्य जाहेरी दरखास्त, खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवादीले मौकामा गरेको बयान, जाहेरवाला तथा वस्तुस्थितिका मानिसले अदालतमा आई गरेको बकपत्रसमेतबाट स्थापित भएको देखिँदा बरामद बिगोअनुसार प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम सजाय हुने र नकबजनी चोरी मुद्दामा कसुर ठहर भएको पटक साधारण चोरी मुद्दामा पटक कायम गर्न नमिल्ने भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।३।२३ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७५।१।२१ मा भएको आदेशमा उल्लिखित आधारहरू तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणबाट यी प्रतिवादी फिरोज अन्सारीले हिमालयन डिष्टिलरीको कम्पाउन्डबाट फायर फाइटिङ बक्सको दुई थान सकेट चोरी गरेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १ नं. र १२ नं. को कसुरमा सोही महलको १२ नं. बमोजिम प्रतिवादीलाई एक महिना कैद र बरामद बिगो बराबर दश हजार रूपैयाँ जरिवाना हुने र ०७२-CR-०५३ नं. नकबजनी चोरी मुद्दामा कसुर ठहर भएको पटक साधारण चोरी मुद्दामा पटक कायम गर्न नमिल्ने भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।३।२३ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७३-CI-०३८९, परमादेश, कृष्णकुमार महत वि. चिजा पाण्डे*

नागरिकले न्याय प्राप्त गर्ने हकबाट विमुख हुने गरी राज्यका कुनै निकायले काम कारबाही गर्नु हुँदैन। पीडित पक्षले न्यायिक उपचारका लागि निवेदन गरेपछि सो सम्बन्धमा विधिसम्मत तवरबाट निरूपण गरिनु पर्दछ। मानव अधिकारको सम्मान र संरक्षण गर्नु राज्यको कर्तव्य हुने।

प्रहरी कार्यालय पनि राज्यको एउटा अङ्ग भएकोले अपराधको नियन्त्रण, अनुसन्धान र कारबाहीजस्ता कानूनी कर्तव्यको पालना गर्दा कानूनद्वारा निर्धारित प्रक्रिया अनुशरण गर्नु नै पर्दछ । तर प्रस्तुत विवादका सन्दर्भमा हेर्दा विपक्षी प्रहरी कार्यालयले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३, दफा २० लगायतका अन्य कानूनी प्रावधानको अनुशरण गरेको देखिन नआउने।

निवेदकले कर्तव्य ज्यानसम्बन्धी कसुरमा कारबाही पाउँ भनी दिएको जाहेरी दरखास्त सरकारी मुद्दासम्बन्धी ऐनको दफा ३(४) बमोजिम दर्ता गरी अनुसन्धान कार्य प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने कानूनी कर्तव्य प्रहरीमा रहेको देखिन्छ । तर अनिल थापाले दिएको आत्महत्या ज्यान शीर्षकमा जाहेरी दरखास्त अपराध दर्ता किताब १० नं. मु.नि. नं. १७२ मा दर्ता भइसकेको भनी निवेदकको जाहेरी सोही मु.नि.नं. १७२ मा संलग्नसम्म राखी अनुसन्धान भइरहेको भनी जवाफ पेस गरेको देखियो । निवेदकले दिएको जाहेरी दरखास्त विधिवत् रूपमा दर्ता गरेको र सो सम्बन्धमा छानबिन गरेको देखिएन । यसलाई कानूनको उचित प्रक्रिया अनुशरण गरी काम कारबाही भएको मान्न नमिल्ने।

अत: माथि विवेचित आधार एवं कारणबाट निवेदकको मागबमोजिम निजले दिएको जाहेरी दर्ता गरी कानूनबमोजिम अनुसन्धानको काम कारबाही अगाडि बढाई मुद्दा चलाउन सबुद प्रमाण पुग्ने भए सोहीबमोजिम गर्नु र मुद्दा चलाउन नमिल्ने भएमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २० बमोजिम जाहेरवालालाई सूचनासमेत दिनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पोखराको मिति २०७३।३।२९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा माया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CI-१०६०, मोही नामसारी, राजमान सुनार वि. लव श्रेष्ठ*

मोही हुनलाई अरूको जग्गा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गरेको हुनुपर्ने पूर्वसर्त रहेको देखिन्छ । यी वादीले निजको बाबुको जीवनकालमा र बाबुको मृत्युपश्चात् जग्गाधनीलाई मोहीका हैसियतले कुत बुझाएको देखिने लिखत भरपाई पेस गर्न सकेको देखिँदैन । वर्षौंदेखि कुतबाली बुझाएको नदेखिएकोमा केवल मोही हक दाबी गर्ने प्रयोजनको लागि कुतबालीबापतको रकम धरौट राखेको आधारमा जग्गा जोत भोग गरेको भनी अर्थ गर्न न्यायोचित नहुने।

मोही हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६

अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था देखिन्छ। वादीको पिताको नाउँमा उल्लिखित कानूनी प्रक्रिया पूरा गरी मोही हक कायम भइसकेको अवस्थामा मात्र यस दफाबमोजिम जग्गाधनीले पत्याएको मोहीको हकदारको नाउँमा नामसारी हुने।

वादीका बाबु लालबहादुर सुनारले मोही हक कायम गरिपाउँ भनी भूमिसुधार कार्यालयमा निवेदन दिई कारबाही चलिरहेको अवस्थामा निजका बाबुको मृत्यु भएको देखिएको छ। वादीका बाबुको नाउँमा मोही हक कायम हुन सक्ने कानूनी आधार देखिन आएको छैन । अरूको जग्गा कमाउने व्यक्तिले भूमिसम्बन्धी ऐन, २०२१ र नियमहरू, २०२१ को प्रक्रिया पूरा नगरी अन्य कुनै सर्तमा जग्गा कमाएको नाताले नापीका बखत फिल्डबुकमा किसानको महलमा यी वादीका बाबु लालबहादुर सुनुवारको नाउँ उल्लेख भएको र सोही फिल्डबुकको आधारमा तयार हुने जग्गाधनी दर्ता प्रमाणपुर्जाको मोही महलमा नाम उल्लेख हुँदैमा प्रचलित भूमिसम्बन्धी ऐन, नियमबमोजिमको मोही कायम हुन आवश्यक पर्ने सर्त एवं प्रक्रिया पूरा नै नभएको अवस्थामा मोही कायम हुन सक्ने अवस्था देखिन नआउने।

तसर्थ, वादीका स्व. पिता लालबहादुर सुनारको मोही हक कायम नै नभएको जग्गामा निजको मृत्युपश्चात् यी वादीको नाउँमा भूमिसम्बन्धी ऐन, दफा २६(१) बमोजिम मोही नामसारी गर्ने गरी भूमिसुधार कार्यालय, काठमाडौंले गरेको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको मिति २०७०।०५।२५ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भाद्र १ गते रोज ६ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CI-१६०८, निषेधाज्ञा / परमादेश, परमेश्वर यादव वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत*

रंजीत यादवको श्रीमती रामबाबु यादवको छोरी रंजु यादवले मिति २०७१।६।२९ गते महिला हिंसा गरेकाले आवश्यक कारबाही गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालय धनुषामा यी पुनरावेदक निवेदक परमेश्वर यादवसमेतउपर उजुरी निवेदन दिएको र सोही उजुरीको आधारमा निवेदकलगायतका व्यक्तिलाई झिकाउन पत्राचार गरिएको हो, निवेदनमा लेखिएबमोजिम कुटपिट गर्ने थुनामा राख्ने कुनै कार्य यस कार्यालयबाट भए गरेको छैन भनी जिल्ला प्रहरी कार्यालय धनुषाको लिखित जवाफबाट देखिने।

महिला माथि घरेलु हिंसा भएको भनी परेको उजुरीका सन्दर्भमा घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ बमोजिम प्रहरी कार्यालयबाट आवश्यक जाँचबुझ गर्न सक्ने देखिन्छ । यसरी महिलाउपर भएको घरेलु हिंसाको सम्बन्धमा कानूनद्वारा निर्दिष्ट कार्यबाही गर्न सक्ने अधिकार प्रहरी कार्यालयलाई रहेको देखिएको र प्रहरी कार्यालय धनुषाको लिखित जवाफबाट कुट्ने थुन्ने काम गरेको छैन झिकाइएको हो भनी उल्लेख भएकोसम्म देखिँदा त्यस्तो कार्यलाई विनाआधार, प्रमाण अन्यथा भन्नुपर्ने नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

अतः माथि विवेचना गरिएका आधार र कारणहरूबाट निवेदन मागबमोजिम निषेधाज्ञा र परमादेशको रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।११।२६ मा

भएको आदेश मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: डिल्लीराम प्रसाई
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-१६२५, झुट्ठा विवरण पेस गरी नागरिकता निकाल्ने उद्योग, नेपाल सरकार वि. प्रेमप्रसाद काफ्ले*

गा.वि.स.मा पर्याप्त दरबन्दी नभएको अवस्थामा भइरहेको दरबन्दीबाट काम चलाउने सिलसिलामा तल्लो स्तरको कर्मचारीलाई पनि सानोतिनो जिम्मेवारी दिई त्यसैबाट काम चलाउने बाध्यतासमेत सचिवलाई पर्न जानु स्वाभाविकै देखिन्छ। गा.वि.स. भरिका सम्पूर्ण मानिसलाई सचिवले चिन्न सक्ने अवस्था नरहने हुँदा अभिभावक उपस्थित भई यो मेरो छोरा हो भनी सनाखत गरिएको अवस्थामा गा.वि.स.सचिवले त्यसैमा भर परी सिफारिस गर्नु अन्यथा देखिँदैन । त्यसमा पनि प्रतिवादीहरूले नागरिकता लिन नपाउँदै प्रतिवादीमध्येको प्रेमप्रसाद काफ्लेकै प्रयास र सक्रियतामा निजहरू पक्राउ परेका र गा.वि.स. सचिवले सिफारिस गलत भयो भनी मौकैमा प्र.जि.अ. समक्ष निवेदन दिएको देखिँदा निजको मनसाय नै गलत रहेछ भनी भन्नु न्यायोचित नहुने।

प्रस्तुत मुद्दामा गा.वि.स. मा रहेको सीमित जनशक्तिबाट काम चलाउनुपर्ने बाध्यतामा रहेका प्रेमप्रसाद काफ्लेले कार्यालय सहयोगी महफुज आलमलाई सिफारिससम्बन्धी कागजातहरूको रेकर्ड हेर्ने, मिलाउने, भिडाउनेलगायतको काममा सहयोग लिएकोमा निजले राम्ररी नहेरी दिएका कारण भूलवश नागरिकताको लागि सिफारिस गरेको भन्ने देखियो। उक्त सिफारिसको लागि गलत विवरण तयार गर्ने महफुज आलम फरार रहेको देखिन्छ। भिडभाडको समयमा कार्यालय सहयोगीको विश्वासमा परी प्रतिवादीबाट भुलवश गलत सिफारिस हुन पुगेको भन्ने देखिन्छ। गाउँ विकास समिति कार्यालयमा नागरिकता लिने उद्देश्यले लाइनमा बसेको अवस्थामा गा.वि.स. सचिव प्रेमप्रसाद काफ्लेले नै पक्राउ गरी प्रहरीलाई जिम्मा दिएको मैले देखेको हुँ। निजले बदनियतसाथ कार्य गरेको होइन भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी निजको साक्षी ओमप्रकाश गौतमले बकपत्र गरेको देखिन्छ । निजले उक्त सिफारिस गरेबापत कुनै किसिमको आर्थिक लाभ वा अन्य केही फाइदा लिएको भन्ने पनि नदेखिएको हुँदा जानीजानी भारतीय नागरिकलाई नेपाली नागरिक भनी सिफारिस गरेको भनी निजलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) र २१ (५) बमोजिमको कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित हुने नदेखिने।

तसर्थ, मिसिल संलग्न उल्लिखित आधार कारणबाट प्रतिवादी प्रेमप्रसाद काफ्लेले जानी जानी भारतीय नागरिकलाई नेपाली नागरिक भनी सिफारिस गरेको भन्ने मिसिल प्रमाणबाट नदेखिएको अवस्थामा निजलाई कसुरदार ठहर गर्ने गरी भएको झापा जिल्ला अदालतको मिति २०७१।३।११ को फैसला सो हदसम्म उल्टी भई प्रतिवादी प्रेमप्रसाद काफ्लेले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट भएको मिति २०७२।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: जगदीशप्रसाद भट्ट
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७४ कार्तिक २७ गते रोज २ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CI-१७०६, निषेधाज्ञा, जागोदास तत्मा वि. सिराहा नगरपालिकाको कार्यालय, सिराहासमेत*

तीन पुस्ताअघिदेखि पोखरीको डिलमा घर बनाएकोले मेरो अविच्छिन्न हक भोग छ। सो घरबाहेक म पुनरावेदकको अन्य कहीँकतै घरबास नभएकोले विपक्षीहरूको नाममा घर नभत्काउनु भनी निषेधाज्ञाको

आदेश जारी गरिपाउँ भन्ने जागोदास तत्माको निवेदन दाबी रहेको पाइयो। पोखरीको डिल सार्वजनिक जग्गा हो। सार्वजनिक जग्गा सरकारको जग्गा भएकोले निवेदन खारेज गरिपाउँ भनी विपक्षीबाट लिखित जवाफ पेस भएकोले सर्वप्रथम पोखरीको डिलमा रहेको जग्गामा निवेदकको हक स्वामित्व तथा निर्विवाद हक छ, छैन ? त्यसतर्फ हेर्नुपर्ने हुन आयो। किनकि निषेधाज्ञा मुद्दामा निवेदकको निर्विवाद हक नभएको अवस्थामा सिद्धान्ततः निषेधाज्ञाको रिट जारी गर्न मिल्दैन। निवेदकले बनाएको घरजग्गामा निजको निर्विवाद हक र स्वामित्व हुनु निषेधाज्ञाको लागि पहिलो र अनिवार्य सर्त हो। सोको अभावमा निषेधाज्ञा आकर्षित हुँदैन। निवेदक स्वयंले दाबीको जग्गामा आफ्नो निर्विवाद हक र स्वामित्व छ भनी लेखाउन र देखाउनसमेत सकेको पाइँदैन। निवेदकले घर बनाउँदैमा घर बनाएको नाताले सो जग्गामा हक अधिकार स्थापित हुन सक्ने पनि होइन। तीन पुस्ताअघिदेखि सो ठाउँमा घर बनाएको भनेर पुनरावेदकले जिकिर लिए तापनि विवादित घर नगरपालिकाले भत्काइसकेको अवस्थासमेत देखिन्छ। सिराहा नगरपालिकाको तर्फबाट प्रस्तुत गरिएको लिखित जवाफमा पोखरीको डिल स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३४(१)(ख) बमोजिम नगरपालिकाको सम्पत्ति भएकोले सोही ऐनको दफा ९६(ञ)(३) बमोजिम पोखरी डिलसहितको जग्गा नगर विकासको लागि कारबाही अगाडि बढाएको छ भन्ने बेहोरा उल्लेख भएको देखिँदा आशंकाको अवस्था र स्थितिसमेत रहेको पाइँदैन। आशंकाको स्थिति पार गरी घर भत्काउने कार्यसमेत भइसकेको भन्ने देखिँदा निषेधाज्ञाको कुनै औचित्यसमेत नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट विवादित जग्गामा पुनरावेदकको निर्विवाद हक स्वामित्व नदेखिएको र निवेदकले जुन कार्यलाई रोकाउन निषेधाज्ञाको माग गरेका हुन् सो कार्य नै भइसकेकोले मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन। तसर्थ, निवेदकको निवदेन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।४।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल चैत्र ४ गते रोज १ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CI-१९७६, निषेधाज्ञा, धनिकलाल यादव वि. राजेश्वर साह*

सप्तरी जिल्ला मौवाहा गा.वि.स. वडा नं. ९ अन्तर्गत रहेको सर्भे नापीको ब्लक नं.१०८ को ०-३-१ जग्गामा म निवेदकलगायत सर्वसाधारणले सार्वजनिक रूपमा भोगचलन गर्दै आएकोमा विपक्षीले सो जग्गामा घर बनाउने निर्माण सामग्री थुपारी घर बनाउन सक्ने आंशकाको स्थिति विद्यमान रहेकाले कुनै प्रकारको भौतिक स्वरूपको संरचना निर्माण नगर्नु, गर्न नलगाउनु, घेरबार नगर्नु, गर्न नलगाउनु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन दाबी रहेको देखियो। विवादित जग्गामा धेरै वर्ष पहिलादेखि घर बनाई बसोबास गर्दै आएको हाल निर्माण कार्य गर्न लागेको होइन। विवादित जग्गा दर्ता गर्न छुट भएको हो, छुट दर्ताको प्रक्रियामा छ। मेरो नाउँ दर्ताको कि.नं. ३३८ को जग्गामा हाल नयाँ घर निर्माण गर्न लागेको छु भन्ने बेहोराको विपक्षीको लिखित जवाफ रहेको देखिने।

रिट निवेदकले निवेदन साथ पेस गरेको फिल्डबुकमा जग्गाधनीको महल खाली रहेको देखिन्छ। पुनरावेदक विपक्षीको लिखित जवाफमा धेरै वर्ष पहिलादेखि विवादित जग्गामा घर बसोबास गरी आएको र छुट दर्ताको प्रक्रियामा रहेको भनी जिकिर लिएबाट नै विवादित जग्गामा पुनरावेदक विपक्षीको निर्विवाद हक रहेको भन्ने देखिँदैन। पुनरावेदक विपक्षीको हक र स्वामित्व प्रमाणित हुने प्रमाणको

मिसिलमा अभाव हुँदा भोगाधिकारको कारणले मात्र हकको सिर्जना हुन नसक्ने भई विवादको ब्लक नं. १०८ को जग्गाको स्वरूप र प्रकृति सार्वजनिक सरोकारसँग जोडिएको भन्ने देखिने।

अतः उल्लिखित आधार, प्रमाण र कारणहरूबाट निवेदन मागबमोजिम सप्तरी जिल्ला मौवाहा वडा नं. ९ को सबै नापीको ब्लक नं. १०८ को ०-३-१ जग्गामा कुनै प्रकारको भौतिक स्वरूपको संरचना निर्माण नगर्नु, गर्न नलगाउनु, घेरबार नगर्नु, गर्न नलगाउनु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र ४ गते रोज १ शुभम्।

५

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७४-WH-००२७, बन्दीप्रत्यक्षीकरण, जुठबहादुर सार्की वि. धादिङ जिल्ला अदालतसमेत*

प्रस्तुत मुद्दामा जुठबहादुर सार्की भन्ने अर्को व्यक्तिको अस्तित्व स्थापित भएको पाइँदैन । साथै जुठलाई जुठे भनी सम्बोधन गर्ने कुरा आम भई त्यसले तात्विक फरक पार्ने पनि देखिँदैन । जाहेरीमा बाबुको नाम देवबहादुर भनी उल्लेख भए तापनि सामान्यतया सम्बोधन गर्ने क्रममा देवे भनी सम्बोधन गर्ने कुरा आम प्रचलनको विषय भएको हुनाले निवेदकको नागरिकताको प्रमाणपत्रको बाबुको नाम, थर, वतनमा देवे सार्की भन्ने उल्लेख हुनुलाई पनि सामान्यरूपमा बुझ्नुपर्ने देखियो । प्रस्तुत मुद्दा मिति २०६१।१।२९ मा मुल्तबी भई मिति २०६६।३।१० मा मुल्तबी जागी फैसला भएबमोजिम जुठे नेपाली सार्कीलाई ४ (चार) वर्ष कैद ठेकिएको र ठेकिएको कैदको लगत असुल गर्न धादिङ जिल्ला अदालतको कैदी पुर्जीबमोजिम कैदमा राख्न पठाइएको देखिँदा कानूनको उल्लङ्घन भएको भन्ने निवेदकको भनाइसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रस्तुत रिट निवेदनमा केवल जुठ भनेको ठाउँमा जुठे भयो भन्दैमा आम तवरले सम्बोधन गर्दा उच्चारण गरिने जुठलाई जुठे भयो भनी भनेकै भरमा अन्य वस्तुनिष्ठ र भरपर्दो एवं विश्वसनीय आधार र प्रमाणको अभावमा त्यतिसम्मकै झिनो आधारले निवेदकलाई राखिएको थुना नाम फरक पऱ्यो भनी गैरकानूनी भन्ने मिलेन । अतः निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CR-१३२८, कर्तव्य ज्यान, नेपाल सरकार वि. रमेश साउदसमेत

प्रतिवादीको जन्ममिति खुलेको जन्मप्रमाणपत्र अस्पतालबाट जारी भएको देखिएन । तर यी प्रतिवादीले आफू नाबालक रहेको जिकिर पुष्टि गर्नको लागि सुरू अदालतसमक्ष अछाम जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट दर्ता नं. ५३ को मिति २०६३।११।२७ मा जारी भएको जन्मदर्ता प्रमाणपत्र पेस गरेको देखिँदा त्यो जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई नै यी प्रतिवादी रमेश साउदको आधिकारिक उमेर मान्नुपर्ने हुन आयो । निजले पेस गरी मिसिल संलग्न रहेको अछाम जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, भाटाकाटीया गा.वि.स. १ रोल्तबाट मिति २०६३।११।२७ मा जारी जन्मदर्ता प्रमाणपत्र हेर्दा निजको जन्ममिति २०५२।९।१०

उल्लेख भएको पाइन्छ । यसबाट प्रस्तुत मुद्दाको वारदात मिति २०६८।३।२३ मा हुँदा यी प्रतिवादी रमेश साउदको उमेर १५ वर्ष ६ महिना १३ दिन मात्र रहेको देखिन आउने।

प्रतिवादी रमेश साउद बालक नै रहेको देखिन आयो । वादीले आफ्नो पुनरावेदनपत्रमा पूर्ण चन्द्र माध्यमिक विद्यालय र कालिका देवी प्रस्ताविक नि.मा.वि. विद्यालयको पत्रबाट यी प्रतिवादी रमेश साउदको जन्ममिति २०५१।०७।०७ मा भएको हो भन्ने जिकिर लिएकोमा कुन जन्मदर्ता प्रमाणपत्रलाई आधिकारिक मान्ने भन्ने सम्बन्धमा बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ को खण्ड (ग) मा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्र नभएको खण्डमा मात्र विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममितिलाई आधिकारिक जन्ममितिको रूपमा लिन सकिने व्यवस्था रहेको देखियो। प्रस्तुत मुद्दामा प्रतिवादीले पेस गरेको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको सो प्रमाणपत्रलाई वादीले अन्यथा प्रमाणित गर्न सकेको नदेखिँदा स्थानीय पञ्जिकाधिकारी कार्यालयबाट जारी भएको उक्त जन्मदर्ता प्रमाणपत्रमा उल्लिखित मितिलाई यी प्रतिवादीको आधिकारिक जन्ममिति मान्नुपर्ने हुन आयो । यस जन्मदर्ता प्रमाणपत्रमा उल्लिखित जन्ममितिबाट यी प्रतिवादीको उमेरको गणना गर्दा वारदातको समयमा निजको उमेर १५ वर्ष ६ महिना १३ दिन मात्र भई १६ वर्ष उमेर पूरा भएको नदेखिएको र बालक नै रहेको देखिन आउने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) ले **"कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नुपर्ने गरी तोक्न सक्ने छ"** भन्ने व्यवस्था गरेको छ। यस दफा ५०(२) ले न्यायकर्तालाई बालक कसुरदार ठहरिएको अवस्थामा पनि निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदिको विचार गरेर निज प्रतिवादीको सजाय स्थगित गर्न सक्ने स्वविवेकीय अधिकार प्रदान गरेको देखिने।

पुनरावेदन अदालत दिपायल डोटीले उपर्युक्त अवस्थाहरूलाई मध्यनजरमा राखी निजलाई जन्मकैदको सजाय गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भनी उल्लेख भएकोमा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कैद सजायमा आधा अर्थात् १० वर्ष कैद सजाय हुने गरी भएको फैसला र सो सजायलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार स्थगित गरेको कानूनसम्मत नै देखिन आयो। अत: सजाय स्थगित गरेको फैसला मिलेको छैन भन्ने वादीको पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने।

तसर्थ, प्रतिवादी रमेश साउदले अनुसन्धान अधिकारी र अदालतसमक्ष उपस्थित भई रक्सीको नसामा मृतक पदम साउदलाई कुटपिट गरी मारी खाडलमा पुरेको हो भनी कसुरमा साबित बयान गरेको, दिनेश साउद, परमिल साउद, मिनबहादुर साउदले समेत प्रतिवादीले नै मृतकको कर्तव्य गरेको हो भनी अदालतसमक्ष गरेको बकपत्रलगायतका अन्य मिसिल संलग्न प्रमाणहरूबाट निज प्रतिवादीलाई अभियोग दाबीअनुसार कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरी निज नावालिग देखिँदा निजलाई १० वर्ष मात्र कैद

सजाय हुने ठहऱ्याई बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ५०(२) बमोजिम सो सजाय स्थगन गरेको सुरू फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा रहेछ भनी मान्न नमिल्ने ।

अतः उपर्युक्त आधार र प्रमाणसमेतबाट सुरू अछाम जिल्ला अदालतबाट प्रतिवादी रमेश साउदलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कैद सजायमा आधा सजाय अर्थात् १० वर्ष कैद हुनेमा निज प्रतिवादीको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक वादीको विचार गरी निजलाई लागेको कैद सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) नं. बमोजिम स्थगित गरी दिने र प्रतिवादी विरसिंगे साउदलाई सफाइ दिने ठहऱ्याई सुरू जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७०।५।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुभद्रा जि.सी.

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CI-११४८, अपुताली अंश, पम्फी गुरूङ वि. थलबहादुर बुढाथोकीसमेत*

अधिकारप्राप्त निकाय स्यालापाखा गा.वि.स. बाट कानूनबमोजिम जारी भएको उक्त मृत्युदर्ता प्रमाणपत्र अन्यथा भएको नदेखिँदा सो नाता प्रमाणपत्र सद्दे साँचो रहेछ भनी अदालतले अनुमान गर्नुपर्ने हुन आयो । उक्त मृत्यु दर्ता प्रमाणपत्रबाट वादीको पिता बुदे बुढाथोकीको मिति २०६८।०५।१६ मा मात्र मृत्यु भएको देखिँदा २०१२ सालमै बुदे बुढाथोकीको मृत्यु भएको भन्ने प्रतिवादीहरूको जिकिर कानूनसम्मत देखिएन । अत: वादीको पिताको २०६८।०५।१६ मा मृत्यु भएको मितिले तत्कालीन मुलुकी ऐन, अपुतालीको महलको २० नं. ले तोकेको हदम्याद ३ वर्षभित्र अर्थात् २०७०।०३।०५ मा वादीको फिराद परेको देखिन आउने ।

जहाँसम्म सुरू जिल्ला अदालतले फैसला गर्दा मिति २०५०।१०।९ मा भएको घरसारको लिखतलाई फैसलाको प्रमुख आधार बनाएको देखिन्छ, उक्त कागजमा यी वादीले आफ्ना स्वर्गीय बुबा बुदिराम बुढाथोकीको नामको सम्पूर्ण चल अचल सम्पत्ति तथा दरदाइजोसमेत गरी रू.१५,०००।- तत्कालीन गा.वि.स. अध्यक्ष माधवप्रसाद चन्दको रोहवरमा बुझी लिएको भन्ने बेहोरा उल्लेख भएको देखियो । उक्त मितिको कागजलाई यी वादीले इन्कार गर्दै मैले पाउनुपर्ने अपुताली अंश काहीँ कसैबाट लिए पाएको छैन भनी सुरू अदालतमा अ.बं.७८ नं. बमोजिम बयान गरी दिएको पाइन्छ । गा.वि.स. को अध्यक्षलाई त्यस्तो कागज गराउने अधिकार कानूनले प्रदान गरेकोसमेत देखिँदैन । त्यस्तै, तत्कालीन मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. मा, "***अचल सम्पत्ति बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको लिखत र अंशबन्डाको लिखतसमेतलाई लिखत गर्दा गराउँदा रजिस्ट्रेसन गराउनु पर्छ***" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । मिति २०५०।१०।०९ मा भएको कागजमा अपुताली मात्र नभएर अंश हकसमेत सन्निहित रहेको तथा रजिस्ट्रेसन पारित भएकोसमेत नदेखिँदा उक्त कानूनी अस्तित्व नै नभएको लिखतलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

तसर्थ, मिति २०७०।०२।३१ को मृत्यु दर्ता प्रमाणपत्रबाट वादीको पिता बुदे बुढाथोकीको मिति २०६८।०५।१६ मा मात्र मृत्यु भएको देखिएको, निजको मृत्यु भएको मितिले अपुतालीको महलको २० नं. ले तोकेको हदम्याद ३ वर्षभित्रै मिति २०७०।०३।०५ मा वादीको फिराद परेको देखिएकोले सुरू र पुनरावेदन अदालतले अधिकार क्षेत्र नै नभएको निकायसमक्ष गरेको र कानूनबमोजिम रजिस्ट्रेसन पास नभएको मिति २०५०।१०।०९ को लिखतको आधारमा वादीले पेस गरेको फिरादपत्र अपुतालीको

२० नं. ले तोकेको हदम्यादभित्र नपरेको भनी खारेज गरेको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नुपर्छ बुझी वादीको फिराद दाबी पुग्ने हो होइन भन्नेतर्फ इन्साफ गर्नु भनी उपस्थित पक्षहरूलाई सुरू रूकुम जिल्ला अदालतमा हाजिर हुन जानु भनी तारेख तोकी मिसिल सुरू रूकुम जिल्ला अदालतमा पठाइदिने।

इजलास अधिकृतः उषा श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७६ साल १५ गते रोज १ शुभम्।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-०१४७, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. रजनिसकुमार राय*

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा ***"बेरूजु भन्नाले प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकारले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार"*** भनी बेरूजुको परिभाषा गरेको देखिन्छ । उक्त परिभाषाको आधारमा हेर्दा बेरूजु व्यक्तिगत फाइदाको लागि गलत नियत राखी सरकारी सम्पत्ति मासे वा मास्न लगाएको अवस्था नभई सरकारी रकम खर्च गर्दा नियमित रूपमा राख्नुपर्ने स्रेस्ता अद्यावधिक गर्न नसकेको कारण त्यस्तो सरकारी रकमको नियमितता र औचित्यता पुष्टि हुन नसकी अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार भएको भनी लेखा परीक्षणबाट औंल्याइएको अवस्था हो। बेरूजु रकमलाई सम्बन्धित निकायबाट संपरीक्षण गराई वा बेरूजु रकम भुक्तानी भएपछि जसका नाममा बेरूजु औंल्याइएको हो त्यस्तो व्यक्तिले सो दायित्वबाट उन्मुक्ति पाउने।

भ्रष्टाचार र बेरूजु फरक कुरा हुन् भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट पुनरावेदक नेपाल सरकार प्रत्यर्थी चन्देश्वर राय यादवसमेत भएको **सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको मुद्दा** (ने.का.प. २०७४, असोज अङ्क ६, निर्णय नं.९८२७) मा प्रतिपादित कानूनी सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक हुने देखियो । उक्त मुद्दामा ***"भ्रष्टाचार हुनु र बेरूजु हुनु पृथक् पृथक् कुरा हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्टरूपमा देखिनुपर्ने । ....बेरूजु रकम स्रेस्तामा संलग्न हुन छुट गएका बिल भरपाई पछि पेस गरी रूजु हुन पनि सक्छ। बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्नेसम्मको दायित्व हुने"*** भनी सिद्धान्त प्रतिपादन भएको देखिने।

प्रस्तुत मुद्दामा सरकारी पद्धति र प्रक्रिया पूरा गरी स्थापना भएको विद्यालय सञ्चालनका लागि निकासा भएको रकम नियमसम्मत खर्च नगरेकोले लेखा परीक्षण गर्दा असुलउपर गर्नुपर्ने भनी औंल्याएको बेरूजु रकम दाखिला गर्नु भनी अनुदान दिने शिक्षा कार्यालयले पत्राचार गरेको र सो पत्रानुसार विद्यालयले उक्त बेरूजु रकम राजस्व खातामा जम्मा गरी बेरूजु रकम फर्छ्यौट गरिसकेको मिसिल संलग्न भौचरसमेतबाट देखिएको छ। यसरी प्रतिवादी रजनिश कुमारले जुन रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर भ्रष्टाचार गरेको भनी आरोपपत्र दायर भएको छ सोही रकमलाई शिक्षा मन्त्रालय र शिक्षा विभागअन्तर्गतका जिल्ला शिक्षा कार्यालयले बेरूजु भनी बेरूजु रकम दाखिला गर्न पत्राचार गरेको र सो पत्रानुसार उक्त बेरूजु भनिएको रकम दाखिला गरिसकेको अवस्थामा

प्रतिवादी रजनिश कुमारले विद्यालयलाई प्राप्त अनुदान रकम बदनियत चिताई खर्च गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने देखिएन। निवारण ऐन, २०५९ को दफा १७ मा परिभाषित कसुर गरेको भन्न मिल्ने नदेखिँदा विशेष अदालत काठमाडौंबाट मिति २०७४।२।३ मा भएको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादी रजनिशकुमार रायले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७४।०२।०३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल श्रावण २८ गते रोज ३ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७५-CR-११६७, *वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मञ्जु लामा*

आरोपित कसुर वस्तुनिष्ठ विश्वासयोग्य प्रमाणद्वारा प्रमाणित भएको देखिनुपर्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ सो व्यवस्थाअनुसार अभियोग मागदाबी वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट निर्वाह भएको पाइँदैन। आरोपित कसुर वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गरेको हुनुपर्ने र देखिनुपर्ने हुन्छ। शंकाकै भरमा कसैलाई पनि कसुरदार ठहराउन मिल्दैन।

प्रतिवादीउपरको दाबी शंकारहित तवरबाट पुष्टि हुनुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्तअनुरूप प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा अमेरिका पठाइदिने भनी विश्वासमा पारी रकम लिएको र भनेबमोजिम विदेश नपठाएको भन्ने अभियोग दाबी पुष्टि हुने गरी ठोस प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिँदा प्रतिवादी मन्जु लामाउपरको अभियोग दाबी प्रमाणको अभावमा ठहर गरी सजाय गर्न मिलेन भनी प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मुनासिब नै देखिने। प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै प्रस्तुत गरेको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी मञ्जु लामाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-CI-१५५५, अंश चलन, अजय क्षेत्री वि. मीरा क्षेत्रीसमेत*

प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीहरू अंशियार दाजुभाइ नाताका व्यक्तिहरू रहेको तथ्यमा विवाद छैन। यसअघि निजहरूबिच विधिवत् अंशबन्डा भइसकेको अवस्था पनि देखिँदैन। वादी प्रतिवादीहरू जम्मा ३ अंशियार रहेको तथ्यमा पनि मुख मिलेकै देखिएबाट तायदाती फाँटवारीमा उल्लेख भएका बन्डा लाग्ने सम्पत्तिबाट ३ भागको १ भाग अंश यी वादीले छुट्याई लिन पाउने नै देखिन्छ। वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारी हेर्दा शरद क्षेत्रीका नाउँमा दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ५क कि.नं. २२३ क्षेत्रफल ०-६-२-० को घर जग्गा र ऐ. वडा नं. ४ख कि.नं.२९

क्षेत्रफल ०-११-२-० का २ कित्ता जग्गाहरू तायदाती फाँटवारीमा उल्लेख गरेको भए तापनि दुवै कित्ता जग्गा पैतृक नभई आफूहरूको स्वआर्जनले खरिद गरेको हुँदा बन्डा लाग्ने सम्पत्ति होइन भनी जिकिर लिएको देखिने।

उक्त जग्गामध्ये कि.नं. २२३ को ज.रो. ०-६-२-० को शरद क्षेत्रीका नाउँमा दर्ता रहेको जग्गा बन्डा लाग्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसलामा शरद क्षेत्रीको पुनरावेदन परेको नदेखिएको र यी पुनरावेदक अजय क्षेत्रीले आफ्नो पुनरावेदनमा समेत सो कि.नं. २२३ को सम्बन्धमा कुनै जिकिर लिएको नदेखिँदा त्यसतर्फ केही बोलिरहन परेन । अब प्रतिवादी अमरबहादुर क्षेत्रीका नाउँमा दर्ता रहेको कि.नं. २९ को जग्गा बन्डा लाग्ने हो होइन भनी हेर्दा निज अमरबहादुर क्षेत्रीले आफू २०२२ सालदेखि सरकारी सेवामा प्रवेश गरी त्यसैको आम्दानीबाट २०३८ सालमा जग्गा खरिद गरेको र आफ्नो निजी आर्जनको सञ्चय कोषबाट ऋण लिई घर बनाएको हुँदा कि.नं. २९ को जग्गा बन्डा नहुने भनी जिकिर लिएको देखिन्छ । उक्त जग्गा के कसरी प्राप्त भएको रहेछ भनी मिसिल संलग्न प्रमाण कागजातहरू हेर्दा २०२९ सालमा रू.७०,०००।- मा खरिद गरी जेठा छोरा अमरबहादुर क्षेत्रीको नाउँमा दर्ता गरेकोमा २०३७।१२।२७ मा देवकुमार राईलाई रू.९९,०००।- मा बिक्री गरेको संलग्न राजीनामाको प्रतिलिपिबाट देखिएको छ । त्यसैगरी २०३८।६।८ मा कि.नं. २९ को जग्गा धर्मलाल तण्डुकारबाट रू.७०,०००।– मा प्रतिवादी अमरबहादुर क्षेत्रीका नाउँमा खरिद भएको देखिन्छ । २०२९ सालमा खरिद गरेको जग्गा बिक्री गरी सोबाट प्राप्त रकममध्येबाट विवादित कित्ता नं. २९ को जग्गा खरिद गरेको तथ्य निर्विवाद रूपमा स्थापित भएको छ । यी वादी र प्रतिवादीका बाबु भारतीय सेनामा सेवा गरी निवृत्त भएको तथा निज र आमाको समेत नागरिकता नभएको भन्ने तथ्यलाई यी प्रतिवादीले अन्यथा भन्न सकेको अवस्था छैन । यस स्थितिमा जेठा छोरा यी प्रतिवादीको घर व्यवहार सञ्चालन गरी आएको र बाबुआमासँग नागरिकतासमेत नभएको हुँदा निजका नाममा सबैको सल्लाहअनुरूप खरिद गरेको कुरालाई इन्कार गर्न सक्ने अवस्था नदेखिने।

मुलुकी ऐन अंशबन्डाको १८ नं. ले **"मानो नछुट्टिई सँगै बसेका अंशियार छन् भने अंशियारहरूले कमाएको धन र लाएको ऋण सबै अंशियारलाई भाग लाग्छ। ऐनबमोजिम अंश गरी लिनुदिनु पर्दछ। अंश नभए पनि मानो छुट्टिई भिन्न बसेका वा खतिउपति आफ्नो गरी आफ्नो हिस्सासँग मात्र राखी खानु पिउनु गरेकोमा एकै ठाउँमा भए पनि मानो छुट्टिई भिन्न भएको ठहर्छ। त्यस्तोमा कमाएको धन लाएको ऋण आफ्नोआफ्नो हुन्छ।"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । विवादित कित्ता नं.२९ को जग्गाको स्रोत २०२९ सालमा खरिद गरेको जग्गा रहेको र सोही सम्पत्तिबाट बढेबढाएको देखिएको अवस्थामा तत्कालीन समयमा जुनसुकै अंशियारको आर्जनबाट कमाएको भए पनि सबै अंशियारलाई भाग लाग्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । जग्गा खरिद गर्दाको अवस्थामा प्रचलित रहेको कानूनी व्यवस्था नै आकर्षित हुन्छ भन्ने कानून व्याख्याको सिद्धान्त रहेको परिप्रेक्ष्यमा विवादित जग्गा प्रतिवादी अमरबहादुर क्षेत्रीको निजी आर्जनको हो भनी मान्न मिल्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार कारणहरूबाट कि.नं. २९ को जग्गा बन्डा लाग्ने ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी कि.नं. २९ को जग्गा निजी आर्जनको हुँदा बन्डा लाग्ने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिँदा केही उल्टी भई कित्ता नं.२९ को जग्गासमेतबाट ३ भागको १ भाग अंश यी पुनरावेदक वादीले छुट्याई लिन पाउने।

इजलास अधिकृत: तीर्थराज भट्टराई
कम्प्युटर: रवि दुवाल
इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७६-RC-००७४, *कर्तव्य ज्यान, नेपाल सरकार वि. देशराज तामाङ*

प्रतिवादीले आफ्नै जन्म दिने आमालाई दाउराले टाउकोमा हानी आमालाई कर्तव्य गरी मारेको हुँ भनी कसुरमा साबित रही बयान गरेको निज प्रतिवादीले मृतक आमाको टाउकोमा दाउराले प्रहार गरिसकेपछि पटकपटक पुनः टाउकोमा प्रहार गरेको, टाउकोबाट गिदी निस्केको र मृत्युको कारण 'Cause of death penetrating brain injury' भनी शव परीक्षण प्रतिवेदनमा उल्लेखसमेत भएको पाइयो । आमाले यसरी साथीसँग धेरै बरालिस्, यसरी बरालिनु हुँदैन, गाउँका मान्छेले राम्रो मान्दैनन् भनी आमाले गाली गरेको कारण रिस उठी यी प्रतिवादीले आमालाई दाउराले हानी मारेको तथ्य पुष्टि हुन आउने ।

अतः माथि विवेचित प्रतिवादीको बयान, जाहेरवालाको बकपत्र, मौकामा बुझिएका शिला तामाङसमेतको बकपत्रसमेतबाट मृतक तारादेवी भुजेल (तामाङ) को मृत्यु यी प्रतिवादीले काठको दाउराले टाउकोमा प्रहार गरी भएको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर्‍याई सुरू झापा जिल्ला अदालतबाट मिति २०७३।७।१० मा भएको फैसला उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।३।१५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ.को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने भन्ने कानूनी व्यवस्था रहे भएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी देसु भन्ने देशराज तामाङलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ ।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल पौष ८ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-११२८, जबरजस्ती करणी, होपना हेमरम वि. नेपाल सरकार*

पीडितलाई करणी गर्ने कार्य पूरा नभएको भन्ने प्रतिवादीको अदालतको बयान भनाइ र पुनरावेदन जिकिरसमेत रहेकोमा योनिच्छेदन भएको (Hymen ruptured) भन्ने पीडितको शारीरिक परीक्षण प्रतिवेदन भएबाट करणीको कार्य सम्पन्न भएको तथ्यगत रूपमा देखिन आएको र सो पीडितको शारीरिक परीक्षण प्रतिवेदनको उक्त बेहोरालाई प्रतिवादीले अदालतको बयानमा र उच्च अदालत विराटनगर, इलाम इजलासमा र यस अदालतमा दिएको पुनरावेदनमा समेत तथ्यगतरूपमा अन्यथा भन्न सकेको पाइएन । यसबाट प्रतिवादीको उक्त इन्कारी कथन मिसिल संलग्न प्रत्यक्ष प्रमाणबाट खण्डित भइरहेको पाइने ।

घटनास्थल मुचुल्काका सजनलाल राजवंशी, वस्तुस्थिति मुचुल्काका तुलाराम राजवंशीले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने पीडितको पिताले भनेर थाहा पाएका हौँ भनी अनुन्धानको क्रममा गरेको भनाइ बेहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकी लेखाइदिएका र पीडितका पिता परिवर्तित नाम ४-द ले वारदात मिति र समयमा पीडित छोरी कराएको आवाज सुनी म पाटाबारीतिर जाँदा पीडित छोरी पाटाबारीमा लडी रोइरहेकी थिइन् । निजको कम्मरभन्दा तलको भाग नाङ्गै थियो । सोही समयमा प्रतिवादी होपना हेमरम आफ्नो

कट्टु र चप्पल छोडेर भाग्दै थिए । प्रतिवादीले मेरी छोरीलाई करणी गरेको हो भनी जाहेरी दिनुका साथै सोही बेहोरालाई पुष्टि गरी सुरू जिल्ला अदालतमा बकपत्र गरेको पाइएको र माथि उल्लेख गरिएअनुसार निज जाहेरवालाको भनाइ पीडितको शारीरिक परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रत्यक्ष प्रमाणहरूबाट समर्थित भइरहेकोले वस्तुस्थितिका व्यक्तिहरूको कथन (प्रतिवादीउपरको पोल) समेत अन्यथा देखिन नआउने।

प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेकोमा उल्लिखित बेहोराको बकपत्रहरू वादी पक्षले आफ्नो दाबी पुष्टि गर्ने प्रयोजनको लागि प्रमाणका रूपमा प्रस्तुत गरेको अन्यथा देखिन नआउने।

जाहेरवालाको जाहेरी, निजले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीको अनुसन्धान अधिकारी एवं अदालतसमक्ष भएको बयान, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, मिसिल संलग्न प्रमाणबाट समर्थित वस्तुस्थिति मुचुल्काका मानिसहरूको अनुसन्धानका क्रममा गरेको कागज र सोअनुरूप अदालतमा भएको बकपत्र भनाइसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीको उपर्युक्त इन्कारी कथनअनुसार निजलाई निर्दोष भन्न नमिल्ने।

मेची अञ्चल अस्पतालको मानसिक रोग विशेषज्ञबाट भएको पीडितको मानसिक स्वास्थ्य परीक्षणको रिपोर्टमा परिवर्तित नाम ४-द-१ सुस्त मनस्थिति भएकी, बोल्न नसक्ने, सरसफाइ गर्न नसक्ने शारीरिक र मानसिकरूपमा अपाङ्ग भएको, आमा बुबाबाहेक अन्य शब्द बोल्न नसक्ने भन्नेसमेतको बेहोरा रहेको पाइएकोबाट निज पीडित शारीरिक र मानसिकरूपमा अपाङ्गता भएकी महिला भएको स्वयं प्रतिवादीले सो कुरा स्वीकार गरेका, पीडितका अभिभावक एवं निजलाई सानैदेखि चिनेजानेका हौं भन्ने स्थानीय (वस्तुस्थिति मुचुल्काका) मानिसहरूको भनाइसमेतबाट निर्विवाद पुष्टि भएको पाइने।

जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीनवटा आधारभूत तत्त्व हुनु अनिवार्य हुन्छ, (१) करणी गर्ने मनसाय, (२) करणी गर्ने कार्य र (३) पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको। प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई देखेपछि करणी गर्ने मन लागि पीडितलाई पाटाबारीमा लगेको भन्ने भनाइबाट पीडितलाई करणी गर्ने प्रतिवादीको मनसाय रहेको निजको अदालतमा समेत भएको बयानबाट पुष्टि भएको छ । प्रतिवादीउपरको किटानी जाहेरी र पीडितको शारीरिक परीक्षण प्रतिवेदनसमेत हेर्दा मिसिल संलग्न प्रमाणबाट जबरजस्ती करणीको कसुर प्रमाणित भएको र पीडित राम्ररी बोल्न र हिँड्नसमेत नसक्ने शारीरिक र मानसिकरूपमा अपाङ्गता भएकी महिलालाई यी प्रतिवादीले हात समाई पाटाबारीमा लगी करणी गरेको पुष्टि भएको स्थितिमा त्यस्ती महिलाको करणी गर्ने मन्जुरी भएको भन्ने मान्नु मानवताका दृष्टि र कानूनी दृष्टिले नमिल्ने र स्वयम् प्रतिवादीकै बयान भनाइबाट करणी गर्न पीडितको मन्जुरी रहेको भन्न मिल्ने देखिएन । यसस्थितिमा प्रस्तुत मुद्दामा जबरजस्ती करणी हुनका लागि आवश्यक तत्त्वहरू विद्यमान रहेको देखिन्छ । यसरी जबरजस्ती करणीका आधारभूत तत्त्वहरू विद्यमान भई प्रस्तुत मुद्दामा करणीको कसुर स्थापित भएको र कसुरमा प्रतिवादीको संलग्नता तथ्यतः पुष्टि भएको अवस्था विद्यमान रहेको पाइने।

यसप्रकार उपर्युक्तानुसार वादी नेपाल सरकारको प्रतिवादीउपरको आरोपित कसुर प्रतिवादीबाट भएको पुष्टि भएकाले निजलाई हुने सजायको हकमा भएको तत्काल विद्यमान कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको

महलको १ नं. मा *"कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ"* भनी उल्लेख भएको, ऐ.ऐ.को ३(४) नं. मा *"सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिलालाई जबरजस्ती करणी गर्नेलाई पाँच वर्षदेखि आठ वर्षसम्म कैद सजाय हुने छ"* भनी उल्लेख भएको, ऐ.ऐ. को ३क. नं. मा *"कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ"* भनी उल्लेख भएको र ऐ.ऐ.को १० नं. मा *"कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्ने छ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्ने छ"* भन्ने कानूनी व्यवस्था रहेको पाइने।

उल्लिखित घटनाको तथ्य बेहोरा एवं कानूनी व्यवस्थालाई हेर्दा प्रतिवादी होपना हेमरमले १८ वर्षकी मानसिक र शारीरिकरूपले अपाङ्गता भएकी महिला परिवर्तित नाम ४-द-१ लाई जबरजस्ती करणी गरेको वारदात स-प्रमाण पुष्टि भएकोले निजबाट तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. र ३(४) नं. विपरीत कसुर अपराध भएको देखिँदा निजलाई ऐ. महलको ३(४) नं. अनुसार ५ वर्ष कैद र पीडित अपाङ्ग र अशक्त भएको हुँदा ऐ. महलको ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा १० वर्ष कैद हुने र पीडितले प्रतिवादीबाट ऐ. महलको १० नं. अनुसार रू.५०,०००।– क्षतिपूर्ति पाउने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिँदा उक्त त्रुटिपूर्ण फैसला बदर गरी अभियोग मागदाबीबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक कानून व्यवसायीहरूको बहस बेहोरासँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य बेहोरा, कानूनी व्यवस्था, आधार कारण र प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले अभियोग दाबीअनुसार कसुर गरेको ठहऱ्याई निजलाई अभियोग दाबीअनुसार सजाय हुने ठहऱ्याएको उपर्युक्तबमोजिमको सुरू झापा जिल्ला अदालतको मिति २०७२।१०।२४ गतेको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।११।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ १२ गते रोज १ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०६८-CR-१२२०, कर्तव्य ज्यान, नेपाल सरकार वि. फूलमाया तामाङ*

मृतक कविता पाठकको लास जाँच मुचुल्कामा अनुहारको सम्पूर्ण भागमा रगत जमेको देखिएको, नाकबाट ऱ्याल जस्तो पदार्थ निस्किएको, मुखबाट बान्ता गरेको जस्तो देखिएको, घाँटीको पछाडिको भागमा छाला धस्रिएको, घाँटीको वरिपरि निलडाम देखिएको, टाउकोको पछाडिको भागमा रगत जमेको जस्तो देखिएको भन्ने भई मृत्युको कारण Manual Strangulation उल्लेख भएको देखिएको छ । लासको भित्री जाँचमा बाहिरी चोट लागेको स्थानमा भित्री चोटपटक पनि रहेको देखिएको, टाउकोमाथि छालाभित्र र दायाँ कञ्चटमा निलहरू रहेको, स्वास

नलीको माथिल्लो भागमा रक्तस्राव भएको, झुण्डिएको घाँटीमा हुने सामान्य निलडामसम्म पनि मृतक कविता पाठकको घाँटीमा कहीँ पनि देखिँदैन । बरू बाहिर सानो सानो चोट परेको ठाउँमा भित्रसम्म चोट परेको लक्षणहरू देखिएको, चोटहरूको लक्षणहरूलाई विश्लेषण गरी त्यसको प्रकृति, साइज र स्थान हेर्दा हातले घाँटीमा अँठ्याएर हुने अवस्थासँग मेल खाएकोले Manual Strangulation भनेर लेखेको हुँ। झुण्डिएको भन्न मिल्ने वा हुन सक्ने सम्भावना नै देखिँदैन भनी पोष्टमार्टम गर्ने डाक्टर हरिहर वस्तीको अदालतसमक्षको बकपत्र बेहोरा रहेभएकोसमेतका मिसिल संलग्न प्रमाण कागजातहरूबाट मृतक कविता पाठकको मृत्यु कर्तव्यबाट भएको भन्ने शंकारहित रूपमा पुष्टि भएको देखिने।

प्रस्तुत वारदात प्रतिवादी रेशम पुलामीले सञ्चालन गरेको युनिभर्सल गेष्ट हाउसमा भएकोमा विवाद छैन। उक्त वारदातमा मृतक र प्रतिवादीहरूसमेत ४ जना बाहेक अन्य व्यक्तिको उपस्थिति रहेको कहीँकतैबाट देखिँदैन । प्रतिवादीहरूले मृतक कविता पाठक झुन्डिएको भनी जिकिर लिए तापनि झुन्डिएको अवस्थाको लासमा पाइने कुनै पनि लक्षण लासमा रहेभएको पाइँदैन। लासको विभिन्न भागमा चोटपटक रहेको भन्ने लास प्रकृति मुचुल्काबाट देखिएको छ । उक्त चोट भित्री भागसम्म रहेको देखिएको छ। घाँटीको वरिपरि हातको २ वटा हातको औंलाको डाम रहेकोले घाँटी थिचेको कारण मृत्यु भएको हो भन्ने शव परीक्षण गर्ने विशेषज्ञको अदालतमा गरेको बकपत्रबाट देखिएको अवस्थामा झुन्डिएको भनी जिकिर लिने प्रतिवादीहरूको भनाइ खण्डित भइरहेको देखिन्छ । प्रतिवादीहरूको मौकाको बयानसमेत एकआपसमा खण्डित रही विरोधाभाषयुक्त देखिएको छ। बाथरूमभित्रबाट चुकुल लगाएकोले आफूहरूले नै चुकुल फुटाई मृतकलाई पासोबाट निकालेर बाहिर ल्याएको भनी बयानको क्रममा प्रतिवादीहरूले स्वीकार गरेको अवस्थामा अन्य प्रतिवादीहरू त्यहाँ रहेभएकोसमेत नदेखिने।

घटनास्थलमा प्राप्त मृतक कविता पाठकको नामबाट लेखिएको पत्र निजले लेखेको नभई प्रतिवादी रेशम पुलामीको निर्देशनमा प्रतिवादी हरिबहादुर पाण्डेले लेखेको भनी बयान बेहोरा लेखाएकोमा निजको हस्ताक्षर जाँच गर्दा प्रतिवादी हरिबहादुर पाण्डेको हस्ताक्षर मिले भिडेको देखिन्छ। मृतक आफैँ झुन्डिएर मरेको भए यसरी नक्कली पत्र लेख्नुको कुनै औचित्य नै रहने देखिँदैन। सो सम्बन्धमा प्रतिवादीले कुनै प्रतिवाद नै गरेको देखिँदैन। मृतकलाई प्रतिवादी रेशम पुलामीले पासो फुकाई बाहिर ल्याउँदा निज जिउँदै रहेको भनी प्रतिवादी फूलमाया तामाङको बयानबाट देखिएको छ । यस्तो अवस्थामा निजको उपचारको लागि प्रतिवादीहरूले कुनै पहल गरेको वा सोको जिकिर लिएको अवस्थासमेत नदेखिने।

यसरी वारदातको समयमा वारदातस्थलमा प्रतिवादीहरूबाहेक अरूको उपस्थिति नदेखिएको, लास प्रकृति मुचुल्कामा मृतकको शरीरका विभिन्न भागमा चोटपटकहरू रहेको देखिएको, शव परीक्षण प्रतिवेदमा मृत्युको कारण Manual Strangulation भन्ने उल्लेख भएको, शव परीक्षण गर्ने विशेषज्ञको बकपत्रबाट २ वटा हातले घाँटी थिचेर मृतक कविता पाठकको मृत्यु भएको हो । आफैँ झुन्डिएर मृत्यु हुँदा देखिने कुनै पनि लक्षण मृतक लासमा नदेखिएको भन्ने बेहोरा खुलाई दिएको देखिएको छ । मृतक कविता पाठकले लेखेको भनिएको पत्र प्रतिवादीमध्येको हरिबहादुर पाण्डेले लेखेको भनी बयानमा स्वीकार गरेको र सो पत्र निजको हस्ताक्षरसँग मेल खाएको परीक्षणबाट समेत देखिएको छ । उक्त पत्र लेख्नुपर्ने औचित्य प्रतिवादीहरूले पुष्टि गर्न सकेकोसमेत नदेखिएको अवस्थामा प्रतिवादीहरूमध्ये रेशम पुलामी र हरिबहादुर पाण्डेले मृतक कविता पाठकलाई घाँटी थिची कर्तव्य गरी मारेको तथ्य पुष्टि भएकोले निजहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अर्का प्रतिवादी फूलमाया तामाङको हकमा

हेर्दा निजलाई सुरू काठमाडौं जिल्ला अदालतले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम २ वर्ष कैद हुने ठहरी भएको फैसलामा चित्त बुझाई बसेको देखिन्छ । प्रतिवादी फूलमाया तामाङ मृतक कविता पाठकको साथी रहेको र निज वारदातको समयमा घटनास्थलमा मौजुद रहेको निजको बयान तथा मिसिल संलग्न अन्य कागजातहरूबाट देखिएको छ । यी प्रतिवादी वारदातको समयमा घटनास्थलमा रहेको भए पनि मृतकलाई मार्नको लागि मृतकको शरीरमा हात लगाउने मृतकलाई पक्रिने वा मार्नको लागि अन्य कुनै कार्य गरेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । यसरी वारदात स्थलमा तत्काल उपस्थित भए पनि मृतकलाई मार्ने कार्यमा कुनै किसिमबाट संलग्न रहेको नदेखिई घटनास्थलमा मौजुद रही हेरिरहेको अवस्थामा निजलाई मुख्य अभियुक्तसरह अभियोग दाबी लिएको र सोहीबमोजिम सजाय हुनुपर्दछ नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने नदेखिने ।

माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीहरू रेशम पुलामी र हरिबहादुर पाण्डेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने र प्रतिवादी फूलमाया तामाङको हकमा ऐ. को १७(३) बमोजिम २ वर्ष कैद हुने ठहराई भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीहरू रेशम पुलामी र हरिबहादुर पाण्डेलाई सर्वस्वसमेत गरेको सम्बन्धमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैद हुने कानूनी व्यवस्था नभएको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादीहरू हरिबहादुर पाण्डे र रेशम पुलामीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल माघ २० गते रोज ३ शुभम् ।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-WO-१३०१, उत्प्रेषण, दिनेश चन्द्र शर्मा वि. श्री श्रम अदालत, अनामनगर, काठमाडौं*

सम्पन्न गर्नुपर्ने काम, सेवा अवधि, पारिश्रमिक तथा सुविधा, प्रतिदिन काम गर्ने समय, आचरण तथा सजाय, सेवाको अन्त्यलगायतका सर्तहरू उल्लेख गरी नियुक्ति दिइएकोसमेतबाट लिखित जवाफअनुकूल उनीहरूको नियुक्तिमा उल्लिखित सेवा सर्तहरू नै लागु हुने ।

श्रम ऐन, २०४८ को दफा १० हेर्दा **यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको रीत नपुऱ्याई प्रतिष्ठानको स्थायी कामदार वा कर्मचारीको सेवाको अन्त्य गर्नु हुँदैन"** भनी स्थायी कामदार वा कर्मचारीको सेवाको सुरक्षा प्रदान गरिएको छ । जसअन्तर्गत स्थायी कर्मचारीलाई सेवाबाट हटाउने सम्बन्धमा ऐन नियम वा विनियमको प्रक्रिया पुऱ्याउनुपर्ने तर अन्य कर्मचारीको हकमा दफा १० को व्यवस्था बाध्यात्मक रूपमा लागु हुने देखिएन । त्यसैगरी ऐ. ऐनको दफा ७ मा **प्रतिष्ठानले तत्काल उत्पादन वा सेवामा वृद्धि गर्नुपरेमा प्रतिष्ठानको स्थायी प्रकृतिको काममा बाहेक अरू कुनै निश्चित कामको निमित्त कुनै व्यक्तिलाई समयावधि तोकी निजले पाउने पारिश्रमिक र सेवा सर्त उल्लेख गरी करारमा नियुक्ति गर्न सकिने छ"** भनी उल्लेख भएकोले प्रतिष्ठानले आवश्यकतानुसार निश्चित काम सम्पन्न गर्न अवधि तोकी कामदार / कर्मचारी करारमा

राख्न सक्ने कानूनी व्यवस्था रहेको देखियो । यसरी श्रम ऐन, २०४८ ले स्थायी कामदार / कर्मचारीका साथै करार, अस्थायी, ज्यालादारीमा कामदार कर्मचारी राख्न सकिने कानूनी प्रावधान निर्धारित गरेको छ । ऐ. ऐनको दफा १० अनुसार नियुक्ति पाई कार्यरत स्थायी कामदार / कर्मचारीहरूको हकमा बाहेक ऐनको दफा ७ अनुसार करारमा राखिएका कामदार / कर्मचारीहरूको हकमा ऐनका सबै प्रावधान र व्यवस्था लागु हुने अवस्था नदेखिने ।

साबिक श्रम नियमावली, २०५० को नियम २३(१) मा **प्रतिष्ठानमा तीन वर्ष वा सोभन्दा बढी सेवा गरेका कुनै स्थायी कामदार वा कर्मचारीले उमेरको हदबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई अवकाश पाएमा वा अन्य कुनै किसिमबाट प्रतिष्ठानको सेवाबाट अलग भएमा त्यस्तो कामदार वा कर्मचारीले देहायको दरले हुने आउने एकमुष्ट रकम उपदान पाउने छ"** भनी उल्लेख भएकोले यस नियमानुसार स्थायी कामदार वा कर्मचारीले मात्र उमेरको हदबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई अवकाश पाएमा वा अन्य कुनै किसिमबाट प्रतिष्ठानको सेवाबाट अलग भएमा नियममा तोकिएको एकमुष्ट रकम उपदान पाउने प्रस्ट कानूनी व्यवस्था भएको देखिन्छ । उल्लिखित नियम ऐ. ऐनको दफा १० अनुसार नियुक्ति पाई कार्यरत स्थायी कामदार / कर्मचारीहरूले उमेरको हदबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई अवकाश पाएमा वा अन्य कुनै किसिमबाट प्रतिष्ठानको सेवाबाट अलग भएमा निजहरूले पाउने एकमुष्ट उपदान रकम गणना गर्न आकर्षित हुने हो । श्रम ऐन, २०४८ को दफा १० को सेवा सुरक्षाका सम्बन्धमा यस अदालतले बारा जिल्ला, रामपुर, टोकनीस्थित डाबर नेपाल (प्रा) लि. को तर्फबाट ऐ. को अधिकारप्राप्त मुख्य कार्यकारी अधिकृत उदयन गांगुली विरूद्ध श्रम अदालतसमेत भएको (ने.का.प.२०६९, अङ्क ९, निर्णय नं. ८८९२) उत्प्रेषण निवेदनको सन्दर्भमा **"श्रम ऐन, २०४८ को दफा ७ अनुसार करारमा राखिएका कामदार कर्मचारीहरूको हकमा ऐनका सबै प्रावधान र व्यवस्था लागु हुने अवस्था नरहने"** भनी व्याख्या गर्दै **श्रम ऐनले नै व्यवस्थापन र कर्मचारीबिचको सहमतिबाट पूर्वनिश्चित सर्तहरूमा करार सेवामा कामदार वा कर्मचारीलाई कुनै खास काममा लगाउन सक्ने व्यवस्था गरेको छ । यस्ता कर्मचारी वा कामदारको हकमा श्रम ऐन, २०४८ को दफा १० को सेवा सुरक्षा र दफा ५३ को प्रक्रिया लागु हुन नसक्ने** भन्ने सिद्धान्त प्रतिपादन गरेको देखिन्छ ।

स्थायी कामदार / कर्मचारीहरू र करारमा नियुक्ति भएका कामदार / कर्मचारीहरूको सेवाको स्वरूप, सुविधा र प्रकृति फरकफरक हुने भएकोले नै कानूनमा सोहीबमोजिमको नियुक्ति प्रक्रिया, सेवाका सर्त र सेवा सुविधाको कानूनी व्यवस्था गरिएको देखिन्छ । विशेषत: करार सेवाको नियुक्तिलाई अस्थायी प्रकृतिको कुनै निश्चित काम कुनै निश्चित अवधिभित्र सम्पन्न गर्नुपर्ने अवस्थामा कुनै पनि प्रतिष्ठानले दीर्घकालीन आर्थिक भार नपर्ने गरी कुनै व्यक्तिलाई सेवामा लिई काममा लगाउन समयावधि तोकी निजले पाउने पारिश्रमिक र सेवा सर्त उल्लेख गरी करार सम्झौता गरी कामदार / कर्मचारी भर्ना गर्ने शीघ्र विधिको रूपमा लिइन्छ । प्रतिष्ठानमा तत्काल उत्पादन वा सेवामा वृद्धि हुँदा, कुनै आकस्मिक कार्य शीघ्ररूपमा सम्पन्न गर्नुपर्दा करार सेवाको नियुक्ति व्यवस्थाले व्यावसायिक वातावरणलाई सहज बनाई प्रतिष्ठानलाई कामदार / कर्मचारी आपूर्ति तथा बहिर्गमनमा सहजता प्रदान गर्दछ । श्रम ऐन, २०४८ विभिन्न क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूको हक, हित, सुविधा र सुरक्षाको व्यवस्था गरी श्रम सम्बन्धमा समायोचित व्यवस्था गर्न बनेको भन्ने कुरा उक्त ऐनको प्रस्तावनाबाटै स्पष्ट हुन्छ । कामदारहरूको सेवा सर्त सुविधाका साथै सामाजिक सुरक्षाको प्रत्याभूति श्रम ऐनले गरेको छ । श्रम ऐनका प्रावधानहरूको पालना नगरी व्यवस्थापक एवं प्रतिष्ठानहरूले श्रमको शोषण गर्ने र श्रमिकहरूको हक हितविपरीत जब, जसरी मन

लाग्यो सेवामा लिने र मन नलागे सेवाबाट हटाउने जस्ता कार्यहरू नहोस् भनी सेवाको सुरक्षा र कारबाहीसम्बन्धी निश्चित प्रक्रियाहरू ऐनले निर्धारण गरेको पाइन्छ । श्रम ऐनले नै व्यवस्थापन र कर्मचारीबिचको सहमतिबाट पूर्वनिश्चित सर्तहरूमा करार सेवामा कामदार वा कर्मचारीलाई कुनै खास काममा लगाउन सक्ने व्यवस्था गरेको छ । यस्ता कर्मचारी वा कामदारको हकमा श्रम ऐन, २०४८ को दफा १० को सेवा सुरक्षा र दफा ५३ को प्रक्रिया लागु हुन नसक्ने भनी माथिको प्रकरणमा विवेचना गरिसकिएको छ। तसर्थ, करार सेवाको नियुक्ति लिई सेवा प्रदान गर्ने कामदार / कर्मचारीले दुई पक्षबिच सम्पन्न करार सम्झौतामा उल्लिखित सेवा सुविधा मात्र पाउने हुन्छ ।

मिति २०७०।५।२ मा भएको सम्झौताअनुसार औषधी खर्चबापत जनही रू.५००/- समेत हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडका व्यवस्थापकले हिसाब गरी यी लिखित जवाफ प्रस्तुतकर्ता विरेस्पति थापा मगर र मिनाकुमारी पण्डितलाई भुक्तानी गर्नुपर्ने भन्ने फैसलाका सन्दर्भमा हेर्दा, मिसिल संलग्न मिति २०६६।५।१ र मिति २०७०।५।२ मा हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेड र यी कामदार / कर्मचारीबिच भएको सम्झौतामा कामदार / कर्मचारीले औषधी खर्चबापत जनही रू.५००/- भुक्तानी प्राप्त गर्ने भन्ने सेवा करारको सर्त देखिन आएन । यसै सन्दर्भमा साबिक श्रम नियमावली, २०५० को नियम २७(१) मा **"व्यवस्थापकले कामदार तथा कर्मचारीलाई प्रतिष्ठानमा काम गर्दा गर्दै चोटपटक लागेमा तत्काल उपचार गर्नको निमित्त आवश्यक उपचारका सामान औषधिसमेतको व्यवस्था गरी राख्नुपर्ने छ"** भनी उल्लेख भएको देखिन्छ । यी कामदार / कर्मचारी र हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडबिच सेवा करारको सर्तअनुसार करार नियुक्तिमा उल्लिखित पारिश्रमिक, सेवा सुविधासमेत पाउने गरी मिति २०६६।५।१ र मिति २०७०।५।२ मा करार सम्झौता भएको देखिएकोले प्रस्तुत रिट निवेदनका सन्दर्भमा यी कामदार / कर्मचारीले पाउने सेवा सुविधाका सम्बन्धमा यी कामदार / कर्मचारी र हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडबिच भएको सम्झौताहरू र सो सम्झौताहरूमा उल्लेख नभएका सेवा सर्तका हकमा मात्र साबिक श्रम ऐन, २०४८ तथा श्रम नियमावली, २०५० आकर्षित हुने । मिति २०६६।५।१ र मिति २०७०।५।२ मा भएको करार सम्झौताहरू र साबिक श्रम नियमावली, २०५० को नियम २७ को औषधी उपचारसम्बन्धी व्यवस्थाले समेत यी कामदार / कर्मचारीले औषधी खर्चबापत जनही रू.५००/- भुक्तानी प्राप्त गर्ने अवस्थाको विद्यमानता देखिन नआउने ।

तसर्थ, निवेदक हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडले यी लिखित जवाफ प्रस्तुतकर्ता विरेस्पति थापा मगर र मिनाकुमारी पण्डितसँग गरिएको सेवा करारको सर्तअनुसार करार नियुक्तिमा उल्लिखित पारिश्रमिक, सेवा सुविधासमेत दिई निजहरूको सेवा उमेर हदका कारण अन्त्य गरेको पाइएको एवं उमेर हदका कारण सेवा अन्त्य गरेको विषयमा कुनै विवाद नदेखिएको सन्दर्भमा उक्त मिति २०६६/०५/०१ र मिति २०७०/०५/०२ मा भएको सेवा करारको कुनै सर्तको उल्लङ्घन निवेदक उद्योगले गरेको देखिँदैन । निवेदक हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडले यी कामदार / कर्मचारीलाई मिति २०६६/०५/०१ र मिति २०७०/०५/०२ मा दिएको सेवा करारको नियुक्ति पत्रबाट नै कामको प्रकृति स्थायी नभई प्रतिष्ठानले तत्काल नुन प्याकेजिङ सेवामा वृद्धि गर्ने खास निश्चित कामको निमित्त यी कामदार / कर्मचारीलाई समयावधि ताकी निजहरूले पाउने पारिश्रमिक र सेवा सर्त उल्लेख गरी श्रम ऐन, २०४८ को दफा ७ अनुसार करारमा नियुक्त गरी सेवा करारको सम्झौतामा उल्लिखित सर्तअनुसार काममा लगाएको कामदार / कर्मचारीले श्रम नियमावली, २०५० को नियम २३(१)(ख) अनुसार उपदान पाउने हक नरहनेमा मिति २०७०।५।२ मा

भएको सम्झौताअनुसार औषधी खर्चबापत जनही रू.५००।- र श्रम नियमावली, २०५० को नियम २३(१)(ख) अनुसार उपदान पाउने हक देखिएकोले सो नियमानुसार निज निवेदकहरूमध्ये कमला भुजेल बाहेक विरेस्पती थापामगर र मिनाकुमारी पण्डितसमेत २ जना निवेदीकाहरूलाई उपदान रकमसमेत हिसाब गरी हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडका व्यवस्थापकले भुक्तानी गर्नुपर्ने गरी श्रम ऐन, २०७४ को दफा ११५ अनुसार निर्णय गरिन्छ भनी श्रम कार्यालय, बागमती अञ्चल काठमाडौंबाट मिति २०७४।११।१५ मा भएको निर्णय र श्रम कार्यालयको सो निर्णय सदर हुने ठहऱ्याई मिति २०७५।०६।१० मा श्रम अदालत अनामनगर, काठमाडौंबाट हिमालयन खाद्य एवं प्याकिङ उद्योग लिमिटेडका व्यवस्थापकले करार सम्झौताबमोजिम औषधी खर्च र उपदान रकम भुक्तानी गर्नुपर्ने गरी भएको फैसला साबिक श्रम ऐन, २०४८ र श्रम नियमावली, २०५० अनुकूल नभई त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेश जारी भई सो निर्णय बदर हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७६ साल कार्तिक १७ गते रोज १ शुभम्।

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WH-०३४४, बन्दीप्रत्यक्षीकरण, भुवन बुढाथोकी वि. काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेत*

प्रस्तुत मुद्दा २०७०।१२।१० मा अदालतमा दायर भई मिति २०७०।१२।११ मा यी प्रतिवादीले रू.४०,०००।- धरौट राखी तारेखमा रहेकोमा निजलाई सजाय गर्ने गरी भएको मिति २०७१।७।१३ को फैसलाउपर निजले पुनरावेदन नगरी अदालतको फैसलालाई स्वीकार गरी बसेको देखिन्छ । तथापि फैसला भएको अवस्थामा तथा सोपश्चात् पनि अदालतमा आत्मसमर्पण नगरी फरार रही फैसला मितिभन्दा पाँच वर्षपछि मिति २०७६।९।९ मा अदालतको डोर कर्मचारीले निजलाई पक्राउ गरी अदालतमा दाखिल गरेको देखिँदा निजको आचरण व्यवहारबाट अदालतलाई सहयोग पुऱ्याएको भन्ने नदेखिने।

बहुविवाहको कसुर स्वभावैले सोचविचार गरी पूर्ण मनसायका साथ आवश्यक सम्पूर्ण तयारी पूरा गरी गरिने गम्भीर प्रकृतिको कसुर हो । महिला विरूद्ध हुने यो कसुरबाट समाजमा गम्भीर प्रकृतिको प्रभाव पर्दछ । पीडित महिलाको सन्दर्भमा झन दु:खद् र जीवनकालभरि पीडा सहिरहनु पर्ने स्थिति रहन्छ । वस्तुतः बहुविवाहको कसुरको प्रकृतिलाई साधारण कसुरको कोटीमा राख्न मिल्दैन। यो सम्पूर्ण समाजलाई प्रत्यक्ष असर पार्ने महिला विरूद्धकै कसुर हुँदा प्रस्तुत कसुरको गाम्भीर्यलाई न्यायकर्मीबाट मनन गर्नुपर्ने।

निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा निजले सो सजाय भएको वर्षौंसम्म फैसलालाई अवज्ञा गरी फरार रही कर्मचारीद्वारा पक्राउ गरी कैदमा पठाएको देखिन्छ । यस प्रकृतिका प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सुविधा प्रदान गरी कैद मुक्त गर्दै जाने हो भने पीडित महिलालाई थप पीडा हुने र उक्त कानूनको व्यवस्थाविपरीत हुन जान्छ। COVID-19 को महामारीले विश्वमा आक्रान्त पारेको तथ्य सर्वविदित नै छ। सो महामारीको फाइदा जस्तोसुकै मुद्दाका कसुरदारलाई दिन मिल्ने गरी Blanket रूपमा उक्त संहिताको दफा १५५(१) को प्रयोग गरिनु मनासिब हुँदैन । औचित्य, कसुरदारको आचरण, तथ्य, प्रमाण, कसुरको गाम्भीर्य र कैद बस्नुपर्ने बाँकी अवधि आदिको कसीबाट नै न्यायकर्मीलाई विवेकपूर्ण रूपमा उपयुक्तताको परीक्षण गरी उक्त दफा १५५(१) को प्रयोग गर्ने अधिकार सुम्पिएको

पाइन्छ । कैदको अवधि एक वर्ष भए पनि बहुविवाह जस्तो कसुरले समाजमा पार्ने असर गम्भीर प्रकृतिको हुने देखिन्छ । COVID-19 को सङ्क्रमणको एक मात्र आधारबाट सम्पूर्ण न्यायिक प्रक्रिया र प्रणालीलाई निस्तेज र निष्क्रिय पार्नु दण्डहीनतालाई प्रश्रय हुन जाने साथै पीडित शास्त्रको दृष्टिकोणबाट पनि मनासिब र कानूनसम्मत हुँदैन । अतः प्रस्तुत मुद्दाको गाम्भीर्य, प्रतिवादीको आचरणलगायतका कारणबाट निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम कैदबापत जरिवाना रकम लिई कैद मुक्त गर्न नमिल्ने भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।१२।१३ मा भएको आदेश उपयुक्त नै रहेको देखियो । अदालतको फैसलाबमोजिम ठहर भएको कैद असुलउपर गर्न निवेदकलाई पक्राउ गरी कारागारमा थुनामा राख्न पठाएको कार्य गैरकानूनी नदेखिने ।

तसर्थः उल्लिखित आधार र कारणहरूसमेतबाट निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई विपक्षीहरूले गैरकानूनी रूपमा थुनामा राखेको नभई निवेदक अदालतको कैदी पुर्जीअनुसार नै थुनामा रहनु भएको देखिन आएको र काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७६।१२।१३ को आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम वैकल्पिक साधारण उपचारको अवस्थासमेत विद्यमान रहेकोमा असाधारण अधिकार क्षेत्र प्रयोग गरी निवेदक रिट निवेदनको माध्यमबाट यस अदालतमा प्रवेश गरेकोसमेत मनासिब देखिन आएन । निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७७ साल जेठ १ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७३-CI-०१७७, लिखत दर्ता बदर दर्ता कायम, जोगनलाल हजाम वि. गणेशी हजामसमेत*

आफ्ना नाममा दर्ता रहेको अन्य अंशियारको अंश हक नलाग्ने कुनै अचल सम्पत्ति बिक्री वितरण गर्दा वा हक छाडी दिँदा कसैको सहमति मन्जुरी लिनु पर्दैन । आफ्ना नाममा दर्ता रहेको अन्य अंशियारको समेत अंश हक लाग्ने सम्पत्ति बेचबिखन गर्दा वा कसैलाई हक छाडी दिँदा हक लाग्ने अंशियार सबै पारित लिखतमा साक्षी बसेको वा सो सम्पत्ति कसैलाई हक छाडी दिन मन्जुरीको लिखत गरिदिएको हुनुपर्छ । अंश हक लाग्ने अंशियार साक्षीसमेत नबसेको वा मन्जुरीको लिखत पनि गरी नदिएको अवस्थामा मन्जुर नहुनेले कानूनको म्यादभित्र नालेस गरेमा मन्जुरी दिएको ठहरिएन भने निजको हकजतिको लिखत दर्ता बदर हुने भन्ने कानूनी व्यवस्था मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. ले गरेको पाइने ।

वादी प्रतिवादी अंशबन्डा नभई एकासगोलमा रहेकोले २ भागको १ भाग अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहरी यस अदालतबाट समेत अन्तिम फैसला भइसकेको छ । वादी र प्रतिवादीहरू अलग छुट्टी भिन्न भई अंशबन्डा भइसकेको भनी अदालतबाट फैसला भइसकेको हुँदा विवादित लिखत गरी प्रतिवादीलाई हक हस्तान्तरण गरेको कार्य कानूनसम्मत नै देखियो । वादीको अंश हकै नलाग्ने आफ्नो हकको जग्गा प्रतिवादीले बेचबिखन गर्दा वादीको मन्जुरी लिनुपर्ने देखिएन । बिक्री भएको जग्गामा वादीको अंश हक नै रहेको भन्ने नदेखिएको अवस्थामा प्रतिवादी गणेशी हजामले प्रतिवादी सकुन्तलादेवी ठाकुरलाई गरिदिएको र.नं. ३४१२ (क) मिति २०६७।८।८ मा राजीनामा लिखत बदर नहुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिने ।

अतः विवादित लिखतको जग्गामा वादीको अंश हक नै रहेको नदेखिँदा लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०६८।१२।२२ फैसलालाई सदर

हुने ठहऱ्याएको मिति २०६९।११।२० को पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७३-CI-०४६४, लिखत दर्ता बदर, अम्बिका खड्कासमेत वि. प्रेमकुमारी खड्कासमेत*

जिल्ला अदालतले अंश मुद्दामा मानो छुट्टिएको मिति फिराद परेको अघिल्लो दिन मिति २०६९।११।१४ लाई कायम गरेको छ। उक्त आदेश बेरितको हुँदा बदर गरिपाउँ भनी दिएको निवेदनमा आदेश बदर गरेको नदेखिएकोले सुरूको आदेश नै अन्तिम भइरहेको देखिन्छ। मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. ले अचल सम्पत्ति भएकाहरूले मानो जोडिएको वा मानो छुट्टिएको लिखत रजिस्ट्रेसन गराउनु पर्छ। अचल सम्पत्ति नभएकाहरूले लिखत रजिस्ट्रेसन गरिरहनु पर्दैन। प्रस्तुत विवादमा अचल सम्पत्ति नरहेको भन्ने देखिएन। कानूनमा भएको यो व्यवस्थाले मानो जोडिएको वा मानो छुट्टिएको लिखत अनिवार्य रूपमा रजिस्ट्रेसन गराउनुपर्ने।

वादीले सुत्केरी अवस्थामा समेत पतिले हेरचाह नगरेको, माइतीतर्फबाट जसोतसो सुत्केरी उम्काएको, नाबालक छोराछोरीको समेत वास्ता नगरेकोले पति कार्यरत कार्यालयले २०६१ मङ्सिरबाट आधा तलब उपलब्ध गराइदिएको, पति विदेश शान्ति सेनामा गएपछि घर नफर्की दोस्रो विवाह गरी अन्यत्र घरजम गरी बसेको भन्ने उल्लेख गरेको छ। प्रतिवादीहरूले वादीले २०६१ मङ्सिरबाटै पतिको आधा तलब बुझी भिन्न भई बसेकोले सोही मिति मानो छुट्टिएको कायम हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ। २०६१ सालमा जीविकोपार्जनको लागि श्रीमान्को तलबबाट आधा रकम बुझेको मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने हो भने अंश मुद्दामा अन्तिम भई बसेको कायम गरिएको मानो छुट्टिएको मिति निष्क्रिय हुन्छ। साथै मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. को अनिवार्य रूपमा रजिस्ट्रेसन गराउनुपर्ने भन्ने कानूनी व्यवस्थाको पनि कुनै अर्थ नरहने।

मानो छुट्टिएको मिति कायम गर्ने सम्बन्धमा भएका न्यायिक अभ्यास हेर्दा मानो छुट्टिएको मिति कायम गर्ने सम्बन्धमा वादी प्रतिवादीका बिच विवाद नभए वादी प्रतिवादीले उल्लेख गरेकै मितिमा कायम गर्न सकिने हुन्छ। वादीले फिरादमा उल्लेख गरेको मितिलाई प्रतिवादीले अन्यथा जिकिर नलिए वादीले फिरादमा उल्लेख गरेको मिति नै कायम हुन्छ। दुवै पक्षबिच विवाद भएमा अंश मुद्दा परेपछि अंशियारबिच मानो छुट्टिएको वा मानो जोडिएको भन्ने कुनै प्रमाण लिन मिल्ने कानूनबमोजिमको लिखत नभएमा फिराद परेको अघिल्लो दिनलाई नै मानो छुट्टिएको मिति कायम गर्ने गरिएको देखिने।

विवादमा रहेको का.जि. डाडापौवा गा.वि.स. वडा नं.६ को कि.नं.१७३३ को क्षे.फ. ०-४-० जग्गा मिति २०६७।९।४ मा प्रत्यर्थी प्रतिवादी प्रेमकुमारी खड्काको नाममा खरिद गरिलिएको देखिन्छ। पुनरावेदक वादीहरूले मिति २०६९।११।१५ मा अंश मुद्दाको फिराद दिएको र सो मुद्दामा फिराद परेको अघिल्लो दिन २०६९।११।१४ लाई वादी प्रतिवादीबिच मानो छुट्टिएको मिति कायम गरेको आदेश अन्तिम भइरहेको देखिएको छ। अंश मुद्दामा वादीहरूले दाबीबमोजिम अंश पाउने ठहरी भएको सुरू फैसला पुनरावेदन तहबाट समेत सदर भई अन्तिम भइरहेको छ। वादीहरूका पति पिताले अंश बुझी गरिदिएको भर्पाइसमेत वादीहरूको दाबीबमोजिम बदर भई अन्तिम भइरहेको देखिन्छ। विवादित जग्गा वादी प्रतिवादीहरू एकासगोलमा रहेको अवस्थामा २०६९ सालमा अंश

मुद्दाको फिराद दर्ता गर्नु अगावै २०६७ सालमा खरिद गरेको भन्ने देखिन आएकोले एकासगोलमा रहदा खरिद गरेको जग्गा सबै अंशियारलाई कानूनबमोजिम भाग लाग्छ । वादीहरूका पति पिताले दोस्रो विवाह गरी सन्तानसमेत भइसकेको भन्ने देखिएको छ । घरका छोराको सौतेनी व्यवहार रहेको अवस्थामा सोही जग्गा मिति ०६९/०८/०८ मा प्रत्यर्थी प्रतिवादी आमा प्रेमकुमारी खड्काले विवाहिता छोरी लक्ष्मी खत्रीलाई राजीनामाको लिखत गरी दिएको छ । पारित लिखतमा वादीहरूलाई साक्षी नराखी हक हस्तान्तरण गरेको देखिँदा वादीहरूको हकजति लिखत बदर गर्नुपर्नेमा सोबमोजिम भएको सुरू जिल्ला अदालतको फैसलालाई उल्टी गरी वादीहरूको दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको फैसला मिलेको नदेखिने ।

तसर्थ, वादी प्रतिवादीहरूबिच परेको विवादमा वादी प्रतिवादीहरूका बिच कायम भएको मानो छुट्टिएको मितिलाई अन्यथा हुने गरी मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं को कानूनी व्यवस्थाको विपरीत २०६१ साललाई वादी प्रतिवादीहरूको बिच मानो छुट्टिएको मिति कायम गरी दाबीको लिखत बदर नहुने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।१२।१७ मा भएको फैसला नमिलेकोले सो फैसला उल्टी भई प्रत्यर्थी प्रतिवादीहरूले लिनुदिनु गरेको दाबीको र.नं २७३७ ख मिति २०६९।८।८ को लिखतको ३ भागमध्ये वादीहरूको पति पिताको हुने १ भागलाई ६ भाग गरी सोबाट ३ भाग वादीहरूको हकजतिको लिखत, दर्ता बदर भई वादीहरूको नाममा दा.खा. दर्ता हुने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: देबीमाया खतिवडा (देबिना)

इति संवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७४-CI-०८५४, निर्णय दर्ता बदर लिखत दर्ता, रामप्रगास रायसमेत वि. वर्तीदेवीसमेत*

प्रतिवादीमध्येका रामप्रगास रायले नामसारी गराएको मालपोत कार्यालयको मिति २०६६।१।१७ को नामसारी निर्णयको प्रतिलिपि हेर्दा बुबा नाता पर्ने राम खेलावनका नाममा दर्ता रहेको, बाबु कालगतिले मिति २०४६।१।२७ मा परलोक भएकोले दाबीको जग्गा नामसारी गरिपाउँ भन्ने निवेदन गरेको र मृतकका छोरा नरेस राय र चेतन रायले कार्यालयमा मन्जुरी सनाखत गरेको देखिँदा छोरा रामप्रगास राय यादवको नाममा एकलौटी नामसारी निर्णय भएको भन्ने देखिन्छ । प्रमाणको रूपमा मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता, जग्गाधनी प्रमाणपुर्जा, नाता प्रमाणित, रसिद, वडा मुचुल्का र सिफारिस पेस गरेको भन्ने देखियो । राम लखन भन्ने व्यक्ति नै आफ्नो बाबु राम खेलावन रहेको भन्ने प्रतिवादीको कथन छैन । नाता प्रमाणपत्र हेर्दा रघुनाथपुर वार्ड नं.६ को वडा समितिको अध्यक्षबाट प्राप्त सिफारिसको आधारमा नाता प्रमाणित गरिदिएको भन्ने देखिन्छ । उक्त प्रमाणपत्रमा राम खेलावन रायका छोराहरू रामप्रगास राय, नरेस राय र चेतन राय रहेको भन्ने प्रतिलिपिबाट देखिन आएको छ । नापीको समयमा राम लखन रायको नाममा नापजाँच भएको भन्ने क्षेत्रीय किताबबाट देखिएको अवस्थामा उक्त जग्गामा के, कसरी निवेदक रामप्रगास रायका बाबु राम खेलावनको नाममा जग्गाधनी प्रमाणपुर्जा तयार भएको हो सोसमेत निर्णयबाट देखिँदैन । प्रतिउत्तरपत्रमा समेत सो कुरा उल्लेख गरेको नदेखिने ।

प्रमाणको रूपमा साबिक मुलुकी ऐन, अ.बं.१३९ नं. बमोजिम अदालतबाट बुझिएका कपुरचन रायका छोरा पतिलाल भन्ने रामपुकार यादव र कैलास राय यादवले समेत दाबीको कि.नं. ७० र ८४ को जग्गा काका दर्तावाला रामखेलावन रायको हो । प्रतिवादी रामप्रगास रायको बुबाको होइन । रामप्रगासको बुबा रामखेलावन अर्कै व्यक्ति हो । दाबीको जग्गामा प्रतिवादीहरूको कहिल्यै पनि हक भोग रहेको

छैन । उक्त जग्गाको आफ्नो हकको रकम घरसारैमा बुझी लिएको हुनाले उक्त जग्गामा आफ्नो कुनै हक छैन । नाम मात्र मिलेको कारण काका रामखेलावन नाउँको जग्गा प्रतिवादीले दर्ता गराई लिएका हुन् भनी बयानसमेत गरेको देखिने ।

वादी र प्रतिवादीहरू आ-आफ्नो अंशियार पुस्तेवारीमा अंश मुद्दा वा बन्डापत्रसमेत भएको तथ्यमाथि वर्णन गरिएको छ । उक्त प्रमाणहरूबाट प्रतिवादीहरूको नाउँमा खखना गा.वि.स. वडा नं.३ मा कुनै जग्गा जमिन रहेको देखिँदैन । साथै सो वडा नं.३ का जग्गाहरू बन्डा भएको भन्ने पनि देखिँदैन । अर्कोतर्फ वादीहरूका पुस्तेवारीको बिचमा बन्डापत्र हुँदा खखना गा.वि.स. वडा नं. ३ का जग्गाहरूसमेत बन्डा गरिएको पाइन्छ । साथै नापीको फिल्डबुकमा वादीहरूकै नाता पुस्ताका व्यक्ति कपुरचनको नाम उल्लेख भएको र विवादित कि.नं. ८४ र ७० को जग्गा खखना वडा नं.४ बस्ने राम लखन रायको नम्बरी भन्ने जनिएको छ । वादीहरूको नाता पुस्ताको वतन साबिकमा खखना गा.वि.स. वडा नं. ४ नै रहेको र प्रतिवादीहरूको वतन खखना गा.वि.स. वडा नं. ८ रहेको छ । प्रतिवादीहरूको पैतृक सम्पत्ति, जग्गा जमिन खखना गा.वि.स. वडा नं. ३ मा रहेको छ भनी प्रमाणित गर्न सकेको देखिएन । प्रमाणहरूबाट वादीहरूले दाबी गरेअनुसार निजहरूको वतन, जग्गा जमिन खखना गा.वि.स. वडा नं. ३ मा रहेको भन्ने फिल्डबुक आदिबाट विवादित कि.नं. ८४ र ७० को जग्गा वादीहरूकै नाता पुस्ताको व्यक्ति राम लखन रायकै रहेको भन्ने पुष्टि भएको देखिने ।

वादीहरूका काका ससुरा, काकाको नाम राम लखन भन्ने राम खेलावन राय र प्रतिवादीका बाबुको नाम राम खेलावन राय रहेको देखिएकोमा आफ्नो बाबु राम खेलावन रायको नाम दर्तामा रहेको जग्गा भनी प्रतिवादी रामप्रगास रायले नामसारी गराई लिएको देखिँदा एकाको हक दर्ताको जग्गा नाम मिलेको आधारबाट प्रतिवादीले नामसारी गराएको कार्य आफैँमा दूषित भई कानूनी मान्यता प्राप्त गर्न सक्ने हुँदैन । यस्तो अवस्थामा राम खेलावन रायको नामबाट राम प्रगास रायको नाममा नामसारी हुने ठहऱ्याएको मालपोत कार्यलय, महोत्तरीको मिति २०६६।१।१७ को नामसारी निर्णय र प्रतिवादी रामप्रगास रायले प्रतिवादी रंजित रायलाई गरिदिएको मिति २०६६।२।६ को राजीनामाको लिखत बदर गरी सोका आधारमा खडा भएको दर्तासमेत बदर गरी वादीहरूको नाममा संयुक्त दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

विवेचित आधार, कारण र प्रमाणहरूबाट वादी दाबीका महोत्तरी जिल्ला, खखना गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ७० को ०-३-१५ र ऐ. कि.नं. ८४ को ०-०-१३ जग्गा वादीहरूको काका ससुरा, काका नाताका राम लखन राय भन्ने राम खेलावन रायको भन्ने देखिएको अवस्थामा आफ्नो हकै नपुग्ने जग्गालाई आफ्नो बाबु नाम दर्तामा रहेको जग्गा भनी गा.वि.स.बाट सिफारिस बनाई आफ्नो नाममा दूषित तवरबाट नामसारी गराई केही समयपश्चात् सोही जग्गा आफ्ना भतिजा रंजित रायलाई राजीनामा गरिदिएको देखिएको अवस्थामा मालपोत कार्यालय महोत्तरीको मिति २०६६।१।१७ को नामसारी गर्ने निर्णय र प्रतिवादी रामप्रगास रायले प्रतिवादी रंजित रायलाई गरिदिएको मिति २०६६।२।६ को राजीनामाको लिखतसमेत बदर गरी सोका आधारमा खडा भएको दर्तासमेत बदर गरी वादीहरूको नाममा संयुक्त दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।३।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: देविमाया खतिवडा (देबिना)

इति संवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७४-CR-१२२१, लुटपिट, रञ्जित राय वि. लगन रायसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, ०७६-WO-०६११, उत्प्रेषण, भरतकुमार यादवसमेत वि. श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत

वादी र प्रतिवादीले पेस गरेको फाँटवारीमा तीनवटा घरसमेत २२/२३ कित्ताको कुल क्षेत्रफल ३-८-०-२ (तीन बिघा आठ कट्ठा दुई कनवा) रहेको पाइयो । सो जग्गा बन्डा लाग्ने मूल अंशियार ६ रहेको र ६ भागमध्येबाट प्रत्यर्थी कमलावती कुमारी यादवको पति भरतकुमार विमल यादवको १ भाग छुट्याई सोलाई ३ भाग लगाई प्रत्यर्थी कमलावती कुमारी यादव र निजको नाबालक छोरा अंश यादवसमेतको २ भाग अंश छुट्याई लिन पाउने ठहर गरेको रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने ठहरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।३।२५ मा फैसला भएको देखिने ।

यस प्रकार करिब ३-८-०-२ क्षेत्रफल जग्गा जमिन, घरसमेतका सम्पत्ति रहेका यी रिट निवेदकहरूबाट केवल ४ कट्ठा जग्गा कमलावतीलाई छुट्याइदिने गरी मुचुल्का भएको पाइयो । सगोलमा धेरै कित्ता जग्गा रहेको, केही कित्ता जग्गा १० धुरभन्दा घटी क्षेत्रफलको देखिएको र प्रत्येकबाट कमलावतीलाई समानुपातिक तवरबाट अंश छुट्याउने हो भने सोमध्येका केही सम्पत्ति भोग-चलन नै गर्न नमिल्ने अवस्थाको अत्यन्त सानो-सानो टुक्रा कायम हुन पुग्ने अवस्था पनि देखिएको छ । उल्लिखित समग्र पक्षमा विचार गर्दा प्रस्तुत रिट निवेदकहरू सफाहात, खुल्ला हृदय लिई न्यायका लागि अदालतमा प्रवेश गर्न आएको भन्ने देखिएन; अपितु रिट निवेदकहरूले फैसला कार्यान्वयन कार्यलाई रोक्ने, ढिलाई गर्ने र अंश माग गर्ने यी महिला कमलावती कुमारी यादवलाई फैसलाअनुसारको न्याय प्राप्त गर्नबाट वञ्चित गर्ने अभिप्रायः राखेको देखियो । यसका अतिरिक्त मिति २०७६/३/२८ मा भएको बन्डा मुचुल्का तथा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६/८/१९ मा भएको आदेशमा कुनै कानूनी त्रुटिसमेत देखिन नआउने ।

अतः विवादित बन्डा मुचुल्का कानूनबमोजिम रीतपूर्वक भएको देखिएको, उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६/८/१९ मा भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिएको, निवेदकहरू सफाहात लिई न्यायका लागि यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार माग गर्न प्रवेश गरेको भन्ने नदेखिएको तथा निवेदकहरूको कुनै मौलिक वा कानूनी हक अधिकारमा अनुचित तवरबाट आघात पुगेको अवस्थासमेत नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल
कम्प्युटर : विजय खड्का
इति संवत् २०७६ साल चैत ४ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, ०७१-CI-१२०४, १२६१, *उत्प्रेषण, गभर्नर डा.चिरञ्जीवि नेपाल वि. अशोक शम्शेर ज.ब.रा. समेत, अशोक शम्शेर ज.ब.रा.समेत वि. शंकरमान श्रेष्ठ*

बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा कार्यकारी अधिकृतको पारिश्रमिक र सेवाका सर्त, सुविधा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नियमावली र सञ्चालक समितिको निर्णयबमोजिम निर्धारण गर्ने गरिएको देखिन्छ । सुविधाका विषयमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संस्थागत सुशासनसम्बन्धी निर्देशन, २०६६ मा समेत केही कुरा उल्लेख भएको पाइयो । निर्देशिकामा "वित्तीय

कारोबारको इजाजतपत्र प्राप्त गरी सकेको तर सर्वसाधारणमा सार्वजनिक सेयर निष्काशन नगरेको संस्थाका सञ्चालक, प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलगायतका अधिकारीहरूले प्राप्त गर्ने पारिश्रमिक, भत्ता आर्थिक सुविधाहरू उक्त संस्थाको सर्वसाधारण सेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म वृद्धि गर्न नपाउने" कुरा उल्लेख भएकोसमेत देखिन आयो। वस्तुतः विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकबाट दिइएको कानूनसम्मत निर्देशनको पालना गर्नु नै पर्ने हुन्छ । यस हदमा थप विवेचना गरिरहनु आवश्यक देखिँदैन । अब विवादित विषयमा राष्ट्र बैंकबाट जारी भएको निर्देशिका प्रतिकूल हुने गरी भुक्तानी दिने, लिने कार्य भएको हो वा होइन भन्ने प्रश्न निरूपण गर्नुपर्ने देखिने।

प्रत्यर्थी शंकरमान श्रेष्ठ रूरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि.मा प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत रहँदा सो कम्पनीको सञ्चालक समितिको मिति २०६५/५/२७ को बैठकबाट मिति २०६५/४/१ देखि लागु हुने गरी निजको ग्रेड स्वरूप रू.८,५००।- थप गर्ने निर्णय गरी सोपश्चात् ग्रेड भनी सुविधाको रूपमा मासिक रू. ५१,०००।- प्रदान गरिआएको देखिन्छ । तत्पश्चात् मिति २०६८/३/२७ मा बसेको सञ्चालक समितिको बैठकबाट निज शंकरमान श्रेष्ठलाई पुनः दुई वर्षको लागि नियुक्ति दिने र सेवा सर्त सुविधाहरूको हकमा पछि पुनरावलोकन गर्ने गरी हाल कायम भएअनुसारकै सेवाका सर्त र सुविधा यथावत् राख्ने निर्णय भएको देखियो । सो निर्णयले प्रत्यर्थीले नियमित रूपमा खाई-पाई आएको पारिश्रमिकलगायतका सुविधा यथावत् कायम राखेको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा २६(५) ले कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य सर्त सञ्चालक समितिले तोकेबमोजिम हुने व्यवस्था गरेको पाइन्छ । कानूनतः एकीकृत निर्देशन, २०६६ जारी भएको मिति २०६६/४/१ भन्दा अगाडि नै सञ्चालक समितिको बैठकबाट प्रत्यर्थीलाई सुविधाको रूपमा ग्रेड नामकरण गरी मासिक रू.५१,०००।– प्रदान गरिएको देखिएको छ । यो सुविधा राष्ट्र बैंकबाट निर्देशन दिइएपश्चात् सुविधा थप गरिएको भन्ने नदेखिने।

रिट निवेदक शंकरमान श्रेष्ठलाई ३१ जुलाई २०१३ मा गरिएको नियुक्तिलगायतका विभिन्न मितिमा भएका निर्णयबाट ग्रेड सुविधा दिने बेहोरा उल्लेख भएको देखिन्छ । निजले २०७० असारसम्ममा मासिक रू.५१,०००।– ग्रेड नामकरण गरिएको अतिरिक्त सुविधा खाइपाई आएको देखिएको छ । रूरल माइक्रोफाइनान्स सेन्टर लिमिटेडको मिति २०७०/४/१४ को निर्णयमा प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता र सुविधा सम्बन्धमा "प्रथम साधारणसभा सम्पन्न भएपछि निजको तलब भत्ता तथा सुविधाहरू पुनरावलोकन गर्ने गरी हाल निजले खाइपाई आएको सेवा सुविधाहरू यथावत् कायम गरिएको" भनी उल्लेख भएको देखिन्छ । यसको तात्पर्य निवेदक शंकरमान श्रेष्ठले जे जति तलब, भत्ता, सुविधा खाइपाई आएको हो, सोअनुसारका सबै सुविधालाई निरन्तरता दिने कुरा सञ्चालक समितिले स्वीकार गरेको पाइयो । कुनै सुविधा थप गरिएको वा पहिले प्राप्त नगरेको सुविधा पछि थप गरी भुक्तानी लिएको भन्ने देखिन आएन । पूर्ववत् रूपमा खाइपाई आएका सुविधाहरूलाई यथावत् रूपमा निरन्तरता दिइएकोसम्म देखियो । यसबाट निज शंकरमानले पहिले खाइपाई आएअनुसारका सुविधा कायम राख्ने, खाइपाई आएअनुसारका सवै सुविधा दिने; र नयाँ थप सुविधाका विषयमा पछि पुनरावलोकन गर्ने भनी सञ्चालक समितिबाट निर्णय भएको कुरा प्रस्ट हुन्छ। तसर्थ पुनरावेदक नेपाल राष्ट्र बैंकबाट दिइएको निर्देशन प्रतिकूल हुने गरी खाइपाई आएको सुविधाभन्दा बाहेक अतिरिक्त सुविधा पछि थप गरी लिए-खाएको भन्ने सम्झन नमिल्ने।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

को दफा २६ मा प्रमुख कार्यकारी अधिकृतको सुविधा "बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले तोकेबमोजिम हुने" कुरा उल्लेख भएको देखिन्छ । नेपाल राष्ट्र बैंकबाट मिति २०६६/४/१ मा एकीकृत निर्देशन जारी हुनुभन्दा अगाडिदेखि सञ्चालक समितिको विभिन्न बैठकले निर्धारण गरेअनुसारको सुविधा यथावत् रूपमा कायम राख्ने गरी सञ्चालक समितिबाट मिति २०७०/४/१४ मा निर्णय भएको कुरामा विवाद देखिँदैन । यसरी प्रदान गरी आएको सुविधाबाहेक अरू थप सुविधा भुक्तानी लिएको भन्ने तथ्य प्रमाणित हुन आएको पाइएन । यस अवस्थामा निवेदक शंकरमान श्रेष्ठले भुक्तानी प्राप्त गरिसकेको रकम कट्टा गर्नु मनासिब र न्यायोचित हुने नदेखिने ।

अतः निवेदक शंकरमान श्रेष्ठले नियमानुसार भुक्तानी लिन मिल्ने सुविधा रकम नै भुक्तानी लिएको देखिएको हुँदा ग्रेड रकम थप गरी भुक्तानी लिएको भनी अर्थ लगाई सो रकम फिर्ता लिने वा कट्टा गर्ने गरी विपक्षी (पुनरावेदकहरू) बाट भएका काम कारबाही र निर्णयहरू कानूनअनुकूल देखिन आएन । तसर्थ, पर्याप्त कारण र आधार खुलाई, विवेचना गरी विवादित सुविधाबापतको रिट निवेदकले भुक्तानी लिएको रकम असुलउपर गर्नु भनी जारी भएका निर्देशन, निर्णय एवं काम-कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम पाउने उपदान रकम निवेदकलाई भुक्तानी गर्नु भनी परमादेशको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/९/३ को आदेश मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत २०७६ साल चैत २ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७३-CR-११०१, झुठा भरपाई तयार गरी किर्ते दस्तखत गरी नगद भुक्तानी लिई भ्रष्टाचार गरेको, रमेश तिवारी वि. नेपाल सरकार*

प्रतिवादी रमेश तिवारी मुद्दामा अनुसन्धानको क्रममा तथा सुरू विशेष अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रहेको पाइयो । अन्य प्रमाणतर्फ दृष्टिगत गर्दा जिल्ला शिक्षा कार्यालय रौतहटको च.नं. ६९७ मिति २०७२/११/१२ को पत्र तथा सोही कार्यालयको च.नं.१६२३ मिति २०७३/२/४ को पत्रअनुसार आ.व.२०६६/६७ देखि आ.व. २०६९/०७० सम्म कूल रू.२,०९,३७१/२७ मात्र पि.सि.एफ शिक्षकको लागि निकासा भएको देखिन्छ । उजुरीकर्ता ज्ञानी चौधरीले मिति २०७०/९/३ मा जिल्ला शिक्षा अधिकारीसमक्ष दिएको निवेदनबाट २०६७ सालको १,२८,७००/-, २०६९ को ३०,०००/- र २०७० को ५०,०००/- पाएको भनी कूल रू.२,०८,७००/- भुक्तानी पाएको भनी स्वीकार गरेको पाइयो । कुल निकासा भएको रकम २,०९,३७१/२७ मध्ये रू.२,०८,७००/- ज्ञानी चौधरीले भुक्तानी पाएको भरपाईबाट देखिन आउँदछ । यस हदसम्म विवाद पनि देखिँदैन । निकासा नै नभएको रकम भुक्तानी हुने अवस्था नै रहँदैन । उजुरीकर्ता ज्ञानी चौधरीले २०६८ सालको १,२८,८००/- नपाएको भनी उजुरी गरेकोमा पेस हुन आएको भर्पाई २०६७ सालको देखिन आएको छ । अनुसन्धानको क्रममा हस्ताक्षर परीक्षण भएको भर्पाई २०६७ सालको हो भन्ने देखिएको छ । यसरी २०६७ सालमा नै २०६८ सालको तलब निकासा र भुक्तानी भएको भनी सम्झन मिल्ने अवस्था स्वाभाविक रूपमा देखिँदैन । पछिल्लो सालको रकम अघिल्लै सालमा कसरी भुक्तानी लिइयो भन्ने कुराको कुनै चितबुझ्दो कारण देखिँदैन । विवादित भर्पाईमा परेको हस्ताक्षर उजुरीकर्ता ज्ञानी चौधरीको हस्ताक्षरसँग नमिलेको भनिएको छ । तर सो हस्ताक्षर प्रतिवादी रमेश तिवारीको हो भन्ने देखिन आएको पाइएन । उजुरीकर्ता ज्ञानी चौधरीको हस्ताक्षरसँग विवादित भर्पाईमा परेको हस्ताक्षर नभिडेको कारणबाट प्रतिवादी रमेश तिवारीले किर्ते हस्ताक्षर गरी रकम भुक्तानी लिएको रहेछ भन्ने निष्कर्ष निकाल्नु

पनि न्यायोचित हुँदैन । समग्र प्रमाणको सन्दर्भमा हेर्दा प्रतिवादी रमेश तिवारीउपरको अभियोग दाबी अभियोजन पक्षबाट शंकारहित तवरबाट प्रमाणित गर्न सकेको देखिएन । केही संदिग्ध तथ्य र असङ्गत तर्कहरूका आधारमा शंका गरेर प्रतिवादीलाई कसुरदार ठहर गर्नु मनासिब हुँदैन । फौजदारी न्यायको सिद्धान्तअनुसार शंकाको सुविधा अभियुक्तले पाउँछ । प्रतिवादी रमेश तिवारीले शंकाको सुविधा पाउने अवस्था देखिने ।

अतः प्रतिवादी रमेश तिवारीलाई कसुरदार ठहर गरेको विशेष अदालतको मिति २०७३/५/१३ को फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला उल्टी भई निज रमेश तिवारीले आरोप-दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०६७-CI-१०२७, १३२९, जग्गा खिचोला चलन, रामप्रवेश महतो कोइरी वि. श्रीप्रसाद महतो कोइरीसमेत, श्रीप्रसाद महतो कोइरी वि. रामप्रवेश महतो कोइरी

प्रस्तुत मुद्दामा रौतहट जिल्ला अदालतबाट मिति २०६५।२।२४ मा भई आएको नक्सा मुचुल्का र स्रेस्ताअनुसार वादी प्रतिवादीका विभिन्न विवादित कित्ता जग्गाको क्षेत्रफल ट्रायल चेक गर्दा सो नक्सा मुचुल्काको न.नं.१४,१५ र १६ का जग्गा वादीको कि.नं.२४२० भित्रकै जग्गा देखिएको छ । उल्लिखित न.नं. १४,१५ र १६ को क्षेत्रफल जोड्दा वादीको स्रेस्ताअनुसारको क्षेत्रफल पुग्ने देखिँदैन । सोही नक्सा मुचुल्काको न.नं. १७,१८,१९ र २० को जग्गा नापीको नक्सा ट्रेससँग भिडाई हेर्दा वादीको कि.नं.२४२० भित्रकै जग्गा देखिन आउँछ । प्रतिवादीहरूको स्रेस्ताअनुसारको क्षेत्रफल र नापी नक्सा तथा अदालतबाट भई आएको नक्साबाट समेत वादीको जग्गा बाहेक गर्दा क्षेत्रफल पुग्ने नै देखिन्छ । वादीले प्रतिवादीहरूको जग्गा सडकमा समेत परेको भनी जिकिर गरेको र प्रतिवादीहरूले त्यसलाई अन्यथा भनेको अवस्थासमेत छैन । वादीको जग्गा अन्यत्र गएको वा यो यस कारणले कमी हुन गएको भन्ने प्रतिवादीहरूको जिकिरसमेत छैन । यस अवस्थामा पुनरावेदन अदालतले न.नं. १४, १५ र १६ को जग्गा मात्र वादीको ठहर गरी नापी नक्साको ट्रेससँग समेत भिडेको न.नं. १७,१८,१९ र २० को जग्गामा खिचोला ठहर नगरेको हदसम्म सो फैसला मिलेको देखिन नआउने ।

अतः विवादित कि.नं. २४२० को जग्गा वादी रामप्रवेश महतो कोइरीका नाउँमा दर्ता भएको जग्गा देखिएको, मिति २०६५।२।२४ मा अदालतबाट भएको नक्सा मुचुल्काको न.नं.१४, १५, १६, १७, १८, १९ र २० को जग्गा कि.नं. २४२० भित्रको जग्गा रहेको देखिएको, न.नं. १७,१८,१९ र २० को जग्गासमेत गणना गर्दा वादीको जग्गा स्रेस्ताअनुकूल हुने भएको, प्रतिवादीहरूको जग्गा स्रेस्ता दर्ता पुर्जाभन्दा बढी नै कायम रहेको देखिएको, अदालतबाट भई आएको नाप नक्साअनुसार जग्गाको आकृति प्रकृति र सर्भे नापीको नक्सा तथा ट्रायल चेकसमेतसँग भिडाई हेर्दा पनि न.नं. १४ देखि २० सम्मका जग्गा कि.नं. २४२० भित्रको हो भन्ने देखिन आयो । तसर्थ न.नं.१७,१८,१९ र २० तर्फको वादी दाबी पुग्न नसक्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।५।२७ को फैसला केही उल्टी भई न.नं.१४, १५, १६, १७, १८, १९ र २० समेतको जग्गा वादी रामप्रवेश महतो कोइरीको कि.नं.२४२० को भित्रको देखिई सो जग्गामा प्रतिवादीहरूले गरेको कब्जा खिचोला मेटाई फिरादीलाई चलनसमेत चलाई दिने ।

इजलास अधिकृत:- ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर ३० गते रोज २ शुभम् ।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७०-CR-१४०१, डाँका, नेपाल सरकार वि. रामबाबु साहतेलीसमेत*

प्रस्तुत सन्दर्भमा हेर्दा, प्रतिवादी रामबाबु साहले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा म, शिवनारायण चौधरी, शिवा भन्ने अजय सिंह, खन्हरी चौधरी र रामविश्वास रायसमेत पाँच जनाले वारदात घटाएको ठीक हो भनी पोल गरेको भए पनि अदालतमा पोल गर्न सकेको छैन। सहअभियुक्तको पोललाई विभिन्न कोणबाट मूल्याङ्कन गर्दा, विश्वसनीय र वास्तविकता प्रकट गरेको देखिन आउँछ भने मात्र प्रमाणको रूपमा ग्रहण गर्नुपर्दछ (ने.का.प. २०७५, अङ्क ३, नि.न ९९८०, पृष्ठ ४५३३) । सहअभियुक्तको पोल अन्य प्रमाणबाट सर्मथित हुनुपर्दछ । सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो । यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ, तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन । सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कबुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसुर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने भनी अदालतबाट पछिल्लो सिद्धान्त प्रतिपादित भएको देखिन्छ (ने.का.प. २०७५, अङ्क ६, नि.नं.१००३७, पृष्ठ ११७७) । प्रतिवादी रामविश्वास रायलाई कसुरबाट सफाइ दिई सुरू अदालतको मिति २०६८।१०।१७ मा भएको फैसला केही उल्टी हुने ठहर गरी पुनरावेदन अदालत जनकपुरले गरेको फैसलाको सन्दर्भमा रामबाबु साहले अधिकारप्राप्त अधिकारीसमक्ष रामविश्वास रायलाई पोल गरेको भए तापनि अदालतसमक्ष पोल गर्न नसकेको, निजले अदालतमा उपस्थित भई इन्कारी बयान गरेको र निज मौकामा पक्राउ नपरेकोले बरामद र सनाखत हुन नसकेको हुँदा निजलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

अतः उल्लिखित आधार प्रमाणबाट प्रतिवादी रामबाबु साहले अधिकारप्राप्त अधिकारीसमक्ष साबित भएको, निजबाट रू.५,१६,५३०।- बरामद भएको र भाग्दा, भाग्दै पेस्तोलसहित पक्राउ परेको, बरामद मुचुल्काका मानिसहरूको कागज र बकपत्रसमेतबाट बयान पुष्टि भएकोले निज रामबाबु साहले डाँका गरेको ठहरी र प्रतिवादीहरू शिवा भन्ने अजय सिंह र रामविश्वास रायले अदालतमा इन्कारी बयान गरेको, निजहरूबाट दशीको रूपैयाँ बरामद हुन नसकेको, मौकामा कागज गर्ने सहअभियुक्त रामबाबु साहले निज प्रतिवादीहरू अजय सिंह र रामविश्वास रायलाई पोल गर्न नसकेको अवस्थामा प्रतिवादीहरू शिवा भन्ने अजय सिंह र रामविश्वास रायलाई सफाइ दिने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०३।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल मङ्सिर १६ गते रोज २ शुभम्।

६

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७६-WO-०१८८, उत्प्रेषण / परमादेश, यज्ञराज जोशीसमेत वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमेत*

शिक्षा ऐन, २०२८ को दफा ११च समेतका कानूनमा शिक्षक सेवा आयोगले शिक्षक तथा कर्मचारीको स्थायी नियुक्तिको लागि सिफारिस गर्दा अपनाउने प्रक्रिया निर्धारण गरेको देखिन्छ । उक्त ऐनको दफा ११ च (ख) मा "जिल्लाका विद्यालयहरूमा पदपूर्ति गर्न खुला प्रतियोगिताका लागि पद संख्या खोली विज्ञापन प्रकाशित गर्ने, पदअनुसार तोकिएको योग्यता भएका उम्मेदवारहरूबाट दरखास्त लिने र खुला प्रतियोगिताको लागि शिक्षकको पद संख्या खुलाउँदा अस्थायी शिक्षकलाई मात्र उम्मेदवार हुन पाउने गरी

आयोगले यो दफा प्रारम्भ भएको एक वर्षभित्र विज्ञापन गर्ने कुरासमेत उल्लेख भएको देखिन्छ । यो व्यवस्था अस्थायी रूपमा कार्यरत शिक्षकहरूको हकमा सम्म आकर्षित हुने देखिन्छ । यसका अतिरिक्त शिक्षा ऐन, २०२८ को दफा ११ च (५) मा "उपदफा १ को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१), (२) र (३) बमोजिमको विज्ञापनबमोजिम लिइएको प्रतियोगितात्मक परीक्षाबाट शिक्षक पदपूर्ति हुन नसकेमा त्यस्तो पद खुला प्रतियोगिताबाट पूर्ति गरिने छ" भन्ने उल्लेख भएको देखिन्छ । शिक्षा ऐनमा भएको मिति २०७४/७/६ को नवौं संशोधनले दफा ११च. मा उपदफा (३) (क) थप गरी यो दफा प्रारम्भ हुँदाका बखत उपदफा (३) बमोजिम पदपूर्तिको लागि आयोगबाट भएको विज्ञापनबमोजिम परेको अस्थायी शिक्षकको दरखास्त कायमै राखी यो दफा प्रारम्भ भएपछि उम्मेदवार हुन चाहनेहरूका लागि कम्तीमा ७ दिनको अवधि दिई पुनः दरखास्त आह्वान गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको छ । रिट निवेदकहरू अस्थायी शिक्षक पदमा कार्यरत रहेको हैसियतले आयोगले प्रकाशन गरेको विज्ञापनमा उम्मेदवार भएको नभई खुला प्रतियोगितामा सामेल भएको पाइयो । तसर्थ अस्थायी शिक्षकका लागि प्रदान गरिएको सुविधा यी निवेदकहरूले पाउने अवस्था देखिन नआउने ।

शिक्षक सेवा आयोगले वि.नं. २०१/०७४-७५ निम्न माध्यमिक तह तृतीय श्रेणीको ९ पदको लागि विज्ञापन प्रकाशित हुँदाको अवस्थामा शिक्षा ऐन, २०२८ को दफा ११च. समेतमा संशोधन भई लागु भइसकेको पाइयो । निवेदकहरू उल्लिखित विज्ञापनबमोजिम २०७५/६/२ मा लिइएको लिखित परीक्षामा सहभागी भई उत्तीर्ण नभएको भन्ने कुरा निजहरूको निवेदन बेहोराबाटै देखिएको छ । सफल उम्मेदवारहरूलाई नियुक्ति दिइसकिएको भन्नेसमेत देखिन्छ । यस अवस्थामा निवेदकहरूको मागबमोजिम निजहरूलाई छुट्टै संरक्षित पद छुट्याउनुपर्ने कुनै कानूनी आधार देखिएन । यसरी भएको काम कारबाहीबाट निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हक अधिकारमा आघात परेको देखिन नआउने ।

अतः माथि उल्लिखित आधार र कारणबाट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल पौष २० गते रोज १ शुभम् ।

७

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७३-WO-१४०५, उत्प्रेषण, मनिष कर्णसमेत वि. नेपाल सरकार, सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं

सहरी विकास तथा भवन निर्माण विभागबाट आ.व.२०७३/०७४ मा ७० वटा नगरपालिकाको एकीकृत विकास योजना तयार गर्ने कार्यको लागि परामर्श सेवा लिने प्रयोजनार्थ भौगोलिक सहजता र कार्य सरलताको दृष्टिकोणबाट प्रत्येक १४ वटा नगरपालिकाहरूको प्याकेज बनाई पाँचवटा प्याकेजमा विभाजन गरी मिति २०७३।५।१० मा Expression of Interest (EOI) जारी गरी प्राप्त EOI Document को मूल्याङ्कनबाट छनौट हुन आएका परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरेको भन्ने देखिन्छ । मुलुक सङ्घीयतामा गएको परिवेशमा कायम भएका स्थानीय निकायहरूको भौगोलिक स्वरूप परिवर्तन भई साबिक नगरपालिकाको भौगोलिक क्षेत्रको बढोत्तरीको कारणले सम्पूर्ण नगरपालिकाको भूभाग समेटिने गरी TOR र Cost Estimate समेतको परिमार्जन गर्नुपर्ने आवश्यकता भएकोले अध्ययन टोली गठन गरी सो टोलीको प्रतिवेदनको आधारमा मिति २०७४।३।६ को निर्णयबाट खरिद प्रक्रिया रद्द गरेको भन्ने देखिन्छ । ७० वटा नगरपालिकामा २० वटा थप गरी ९० वटा नगरपालिकालाई १० वटा प्याकेज गरी शहरी पूर्वाधारको विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्ने कार्यको लागि मिति २०७४।३।२८

को निर्णयबाट प्याकेजअनुसारको लगत अनुमान, कार्य क्षेत्रगत सर्त (TOR) EOI Document र EOI Evaluation Criteria स्वीकृत भई २०७४।३।२९ को पत्रिकामा पुनः सूचना प्रकाशितसमेत भइसकेको देखिने।

राज्यको पुनर्संरचना हुँदा स्थानीय तहको क्षेत्र र नाउँ परिवर्तन भएको भन्ने मिति २०७३।११।२७ मा प्रकाशित राजपत्रबाट देखिन्छ । सो बेहोरा यस सम्बन्धमा गठित अध्ययन टोलीको प्रतिवेदनबाट देखिएको भन्ने लिखत जवाफमा समेत खुलेको पाइन्छ । राज्यको पुनर्संरचनापछि साबिकको Cost Estimate कार्य क्षेत्रगत सर्तअनुसार हालको परिवर्तित नगरपालिकाहरूमा स्वीकृत कार्ययोजना तयार गर्ने कार्यको प्रक्रिया अगाडि बढाउँदा विभिन्न समस्याहरू आईपर्ने सम्भावनालाई विचार गरी Cost Estimate, TOR आदि परिमार्जित गरी थप २० वटा नगरपालिकासमेत समावेश गरी पुनः आशयको सूचना जारी भएकोसमेत देखिन्छ । पछिल्लो सूचनाअनुसार आशय पत्र प्रस्तुत गर्न यी रिट निवेदक कम्पनीहरूलाई बन्देज गरेको भन्ने देखिँदैन । निवेदकले पूर्वप्रस्तावअनुसार नै सम्झौता गरिनुपर्छ भन्ने जिकिर गरेको अवस्था देखिन्छ । राज्यको पुनर्संरचनापछि नगरपालिकाहरूको क्षेत्रफल र जनसंख्यामा आएको परिवर्तन राजपत्रमा प्रकाशित स्थानीय तहको विवरणबाट समेत देखिएको छ र यी तथ्यहरूमा केही विवाद देखिँदैन । संरचना, क्षेत्रफल र जनसंख्यामा आएको परिवर्तनबाट विकासको पूर्वाधार र लागतको समेत फरकपन आउनु स्वाभाविक देखिन्छ। कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरी प्रचलित कानूनको परिधिभित्र रही सार्वजनिक निकायले कार्य गर्नुपर्छ भन्ने कुरामा विवाद देखिँदैन । सो सार्वजनिक निकायद्वारा भए गरेका निर्णय र कार्यबाट के कसरी नागरिकको संविधान र कानून प्रदत्त हक अधिकारको हनन हुन गयो भन्ने कुरा स्पष्ट भए मात्र त्यस्ता निर्णय र कार्यलाई बदर गर्न मिल्ने हुन्छ । प्रस्तुत निवेदनमा निवेदकले पहिले माग भएको प्रस्ताव रद्द गर्नुपर्ने कुनै आधार र कारण छैन भनी उल्लेख गरे पनि राज्यको पुनर्संरचनाबाट नगरपालिकाको क्षेत्र र जनसंख्यामा परिवर्तन आएको भन्ने देखिएको छ । यस अवस्थामा निवेदकले दाबी गरे जस्तो सार्वजनिक निकायको निर्णयमा बदनियत रहेको भन्ने देखिन नआउने।

अतः निवेदकले प्रस्ताव पेस गरेको नगरपालिकाहरूको क्षेत्र र जनसंख्यामा संविधान र कानूनबमोजिम राज्यको पुनर्संरचना गर्दा परिवर्तन आएको देखिएको, भएको परिवर्तनबारे अध्ययन गरी प्रतिवेदन पेस गर्न गठित कार्यदलले दिएको प्रतिवेदनबमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट नगरपालिकाहरूको संख्या र प्याकेजमा परिर्वतन गरी नयाँ सूचनासमेत जारी गरिएको, TOR र Cost Estimate मा परिवर्तन भई पुरानोको प्रस्ताव कार्यान्वयन हुन सक्ने अवस्था नदेखिएको र पछिल्लो पटक मिति २०७४।३।२९ मा प्रकाशित सूचनाबमोजिम रिट निवेदकहरू सो प्रक्रियामा समावेशसमेत भइसकेको अवस्थामा निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असोज ३० गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७४-WO-०२९६, उत्प्रेषण, सिकिन्दरकुमार चौधरीसमेत वि. सहरी विकास मन्त्रालयसमेत भएको मुद्दामा यसै गरी निर्णय भएको छ।

इजलास नं.८

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CI-१९५१, हक कायम*

नामसारी दर्ता, हरिबहादुर पुरी वि. मदन पुरीसमेत

यसरी आमा तिलकुमारी भन्ने प्रेमकुमारीको नाम दर्ताको जग्गाको फिल्डबुकमा छोरा शेरबहादुर पुरी मोही जनिएको, किसानको बेहोरामा यो जग्गा मेरो हो । हस्ते कूलप्रसाद भन्ने र जग्गाधनी महलमा प्रेमकुमारीको हकमा छोरा शेरबहादुर भन्ने उल्लेख भएबाट पनि उक्त जग्गा निज शेरबहादुरकै हक भोगको रहेको पुष्टि हुन्छ । निजहरूका दाजुभाइका बिचमा विधिवत् अंशबन्डा भएको तथ्ययुक्त प्रमाणको रूपमा अदालतबाट भएको फैसला रहेको, विवादित जग्गाको स्थलगत सर्जमिन हुँदा मुचुल्काका अधिकांश व्यक्तिले सोही बेहोरालाई समर्थन गरेको र सम्बन्धित स्थानीय निकायले समेत विवादित जग्गामा साबिकदेखि वादीहरूको जोतभोगमा रहेको भनी गरिदिएको सिफारिसको विपरीत निर्णय गर्दा कानूनको अवज्ञा हुन्छ, अन्याय हुन्छ र नागरिकको आशाको धरोहरको रूपमा रहेको अदालतप्रति रहेको जनआस्था घट्न सक्दछ। अदालतको फैसलाबाट बाबुआमाको नामको भोगी आएबमोजिम नामसारी गर्न बाँकी भन्ने देखिएको अवस्थामा विवादित जग्गाको जग्गाधनी तिलकुमारी भन्ने प्रेमकुमारीका छोराहरूमध्ये शेरबहादुर पुरीका सन्तानको मात्र हक लाग्ने भई सूर्यप्रसाद पुरी र कुलप्रसाद पुरीका सन्तानको समेत हक लाग्ने भन्न नमिल्ने।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणबाट सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७०।१२।१२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई विवादित दाबीको कि.नं. ३४ को जग्गामा तिलकुमारी भन्ने प्रेमकुमारी पुरी र भक्तबहादुर पुरीका सन्तानमध्ये शेरबहादुर पुरीका सन्तान प्रत्यर्थी वादीहरू मदन पुरी र बालकृष्ण पुरीको मात्र संयुक्त हक लाग्ने भई वादी दाबीबमोजिम वादीहरूको संयुक्त नाममा हक कायम नामसारी दर्ता हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०५।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भिमप्रसाद भुसाल

इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१९५२, हक कायम नामसारी दर्ता, हरिबहादुर पुरी वि. मदन पुरीसमेत
- ०७२-CI-१६८८, हक कायम नामसारी दर्ता, कुशप्रसाद पुरीसमेत वि. मदन पुरीसमेत
- ०७२-CI-१९५०, हक कायम नामसारी दर्तासमेत, हरिबहादुर पुरी वि. मदन पुरीसमेत
- ०७२-CI-१६८९, ०७२-CI-१९४९, हक कायम नामसारी दर्ता, कुशप्रसाद पुरीसमेत वि. मदन पुरीसमेत, हरिबहादुर पुरी वि. कुशप्रसाद पुरीसमेत

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CR-१९२२, सरकारी पर्ती जग्गा व्यक्तिको नाममा दर्ता गराई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. सुरेशकुमार थपलियासमेत*

पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरूमध्येका सुरेशकुमार थपलिया र देशबहादुर लिम्बुलाई घटी बिगो कायम गरी आंशिक ठहर गरी भएको फैसला बदर गरी मागदाबीबमोजिम बिगो कायम गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सन्दर्भमा विचार गर्दा, विवादित कि.नं. २६० को साबिक नापी फिल्डबुकमा पर्ती जनिई जग्गाधनी महलमा खाली र कैफियत महलमा आवादलायक ऐलानी भनी नेपाल सरकारको नाममा दर्ता रहेको जग्गा प्रतिवादीहरूले मिलेमतो गरी व्यक्तिको नाममा दा.खा. गरी कसुरजन्य कार्य गरेकोमा मिति २०७१।९।१ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम दर्ता बदर गर्ने निर्णय भएअनुरूप मालपोत कार्यालय,

धनकुटाले मिति २०७३।५।२९ मा विवादित कि.नं. २६० कित्ताकाट भई कायम कि.नं. १२८७ र १२८८ तथा कि.नं. १२८७ कित्ताकाट भई कायम कि.नं. १३११ र १३१२ को कित्ता जग्गाको दर्ता बदर गर्ने निर्णय गरी साबिकबमोजिमकै कि.नं. २६० नेपाल सरकारको नाममा कायम गरिसकेको देखिनुका साथै मालपोत कार्यालय, धनकुटाको च.नं. २४२५ मिति २०७३।३।१६ को पत्रानुसार विवादित कि.नं. २६० को जग्गा प्रतिरोपनी न्यूनतम मूल्याङ्कन रू. ५,०००।- कायम भएको भनी लेखी आएको देखिएको हुँदा विशेष अदालत काठमाडौँले प्रतिवादीहरूलाई बिगो रू. ५३,१२५।- कायम गरी गरेको फैसला मिलेकै देखिन आउने।

अब, प्रतिवादीहरूमध्येका स्व. शिवप्रसाद पोखरेल र उपमा न्यौपानेले आरोपित कसुरमा सफाइ पाउने ठहर गरी भएको फैसला बदर गरी निजहरूका हकमा समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा प्रतिवादी शिवप्रसाद पोखरेलले प्रतिवादी सुरेशकुमार थपलियासमेतले निजलाई मिति २०६८।११।२३ को टिप्पणीमा तथा अन्य कार्यहरूमा समेत बाध्य पारी सहीछाप गर्न लगाउने गरेको र अन्य कर्मचारीहरूलाई पनि फसाएको भन्ने मिसिल सामेल रहेको स्व. शिवप्रसाद पोखरेलको Suicide Note बाट देखिन्छ। यसबाट आफूले अपराधजन्य कार्य गर्न बाध्य हुनुपरेको सम्बन्धमा मर्नुपूर्व Suicide Note लेखी छाडेको अवस्थामा प्रतिवादी शिवप्रसाद पोखरेलले जानी बुझी विवादित कार्यमा सामेल भएको नदेखिई बाध्यतावश जग्गा दर्ता गर्ने गराउने टिप्पणीमा दस्तखत गरेको देखिन्छ। अर्का प्रतिवादी उपमा न्यौपानेको हकमा विचार गर्दा, निज मालपोत कार्यालय, धनकुटामा कम्प्युटर अपरेटर पदमा करारमा कार्यरत रहँदा आफ्नो पदीय मर्यादामा रही आफूभन्दा माथिल्लो पदका कर्मचारीले लाए-अह्राएका काम गरेकी हुँ भनी अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई समर्थन हुने गरी सुरू अदालतमा बयान गरेको पाइन्छ। जग्गा दर्ता गर्न के-कस्ता कागजपत्र आवश्यक पर्ने हो, त्यस्ता कागजात मिसिल सामेल छ, छैन भन्ने जानकारीसमेत नभएको अवस्थामा कम्प्युटर अपरेटर उपमा न्यौपानेलाई सुरू टिप्पणी उठाउन लगाई ना.सु. शिवप्रसाद पोखरेलले दस्तखत गरी उक्त टिप्पणी सदर गरी प्रतिवादी देशबहादुर लिम्बूका नाममा कि.नं. २६० को क्षे.फ. १८-१०-०-० मध्ये १०-१०-०-० जग्गा दर्ता गरिदिएको देखिन्छ। प्रतिवादी स्व. शिवप्रसाद पोखरेल र प्रतिवादी उपमा न्यौपानेले टिप्पणी उठाई सोमा दस्तखत गरेबाहेक निजहरूको आरोप दाबीअनुसारको कसुर पुष्टि हुने अन्य ठोस प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको देखिँदैन। कार्यालयका प्रमुख व्यक्तिले छुट जग्गा दर्ता समितिको बैठक नराखी मिति २०६२।१०।२५ मा मालपोत कार्यालयमा आगजनी भई ढड्डा तथा कागजातहरू नष्ट भएको हुन सक्ने भनी जग्गा दर्ता गर्ने गरी टिप्पणी पेस गर्न लगाई सिधै निर्णय गरेकोले यी प्रतिवादीहरू स्व. शिवप्रसाद पोखरेल र उपमा न्यौपानेलाई कसुरदार मान्ने अवस्था देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रतिवादीउपरको कसुर अभियोजन पक्षले प्रमाणित गर्नुपर्नेमा सो गर्न नसकेबाट प्रतिवादीहरू स्व. शिवप्रसाद पोखरेल र उपमा न्यौपानेले आरोपित कसुरबाट सफाइ पाउने भनी विशेष अदालत काठमाडौँले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

अतः विवेचित आधार र कारणबाट प्रतिवादीहरूमध्येका सुरेशकुमार थपलिया र देशबहादुर लिम्बूका हकमा रू. ५३,१२५।- (त्रिपन्न हजार एक सय पच्चिस रुपैयाँ) बिगो कायम भएको र प्रतिवादीहरू स्व. शिवप्रसाद पोखरेल र उपमा न्यौपानेले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौँको मिति २०७५।१०।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

इति संवत् २०७६ साल पुष २२ गते रोज ३ शुभम्।

इजलास नं.९

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६८-CR-०७४१, ०७०-CR-०८५५, ०७०-RC-००५२, कर्तव्य ज्यान, कुमार चपाईसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. ढिमिल भन्ने ढलबहादुर सलामी मगर, नेपाल सरकार वि. अम्बरबहादुर कुमाल*

प्रतिवादी पूर्णबहादुर कुमाल आरोपित कसुर गरेकोमा अनुसन्धानको क्रममा साबिती रही अदालतमा बयान गर्दा कसुरमा इन्कार गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानलाई स्वेच्छाविपरीत भएको भनी ठोस भरपर्दो प्रमाणले पुष्टि गर्न सकेको देखिएन । प्रतिवादी कुमार चपाई भेरी प्रा. वि. चाम्रीको शिक्षक भएको र विद्यार्थीहरूलाई खुवाउने पौष्टिक आहारको सम्बन्धमा निज मृतकसँग मनमुटाव रहेको र उक्त वारदातको दिनमा पनि निज मृतकसँग वादविवाद भएकोमा स्वीकार गरी प्रतिवादी कुमार चपाई, पूर्णबहादुर कुमाल र अम्मरबहादुर कुमाल भई मृतक चन्द्रवहादुर राजीको टाउको तथा शरीरको विभिन्न भागमा दाउराको फकलेटाले प्रहार गरी मारी भेरी नदीमा फालेकोमा साबिती रहेकोलाई वारदातको घटनाक्रम, अवस्था, परिस्थितिसमेतबाट समर्थन गरिरहेको देखिन्छ । प्रतिवादीहरूको घटनाक्रमलाई मेलखाने गरी भएको साबिती, उक्त साबितीअनुसार लास प्राप्त भएको र लासमा दाउराको चोट परेको घाउखत देखिएको, टाउकोमा परेको चोटको कारणबाट मृत्यु भएको भन्ने कुरा तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित भएको देखिँदा प्रतिवादीहरूको अदालतसमक्ष गरेको इन्कारी बयान तथा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

आरोपित कसुरमा अनुसन्धानको क्रममा साबित रहने तर अदालतमा इन्कारी बयान गरेको आधारमा मात्र कसुरबाट उन्मुक्ति दिँदै जाँदा फौजदारी न्यायको मर्मविपरीत हुन जाने ।

प्रमाण ऐन, २०३१ को दफा २७(१) ले सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निज प्रतिवादीको नै हुने व्यवस्था भएसमेतबाट जसले जुन कुराको जिकिर लिन्छ सोको निर्विवाद रूपमा पुष्टि गर्नु जिकिर लिने पक्षको दायित्वसमेत हुने हुँदा प्रतिवादी पूर्णबहादुर कुमालले आफ्नो निर्दोषिताको जिकिर शंकारहित वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा निज प्रतिवादीलाई आरोपित कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुर्खेत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०६७।१२।२१ को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

सहप्रतिवादी कुमार चपाईलाई मृतक चन्द्रबहादुरले लखेटेको र कुमार चपाईले यी प्रतिवादी अम्बरबहादुरको घरमा गई गुहार मागेपछि यी प्रतिवादी अम्बरबहादुर र पूर्णबहादुर मृतक चन्द्रबहादुर राजीउपर जाईलागी सर्वप्रथम यिनै प्रतिवादी अम्बरबहादुले दाउराको फकलेटोले चन्द्रबहादुरको टाउकोसमेतमा हानेको त्यसपछि अन्य २ जना पूर्णबहादुर र कुमार चपाईले थप हानमार गरी चन्द्रबहादुरको मृत्युपश्चात् यी प्रतिवादी अम्बरबहादुरले मृतकको दुवै हात समात्ने प्रतिवादी कुमार चपाईले खुट्टामा र प्रतिवादी पूर्णबहादुरले कम्मरको भागमा समाती भेरी नदीमा लास फालेको भन्ने देखिन आयो । यसरी तथ्यले समर्थन गरेको घटना विवरणअनुसार यी प्रतिवादी अम्बरबहादुर कुमालले आरोपित कसुर गरेको नै देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी सुर्खेत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७०।३।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

आफूहरूसमेतले चन्द्रबहादुरलाई कर्तव्य गरी मारेको भनी मौकामा साबित हुने प्रतिवादीहरू कुमार चपाई र पूर्णबहादुर कुमालले यी प्रतिवादी ढिमिल भन्ने ढलबहादुरलाई पोल गर्न नसक्नुका साथै वादीका साक्षीहरू जाहेरवाली शान्ति राजी र जोरा सिंह खत्रीको बकपत्रमा पनि निज प्रतिवादीको नाम कहीँकतै उल्लेख गरेको पनि देखिँदैन । त्यसैगरी आफूले कसुर गरेमा साबित हुने प्रतिवादी कुमार चपाई र पूर्णबहादुरसमेतले यी प्रतिवादीलाई पोल नगरेको र रातको समयमा भएको घटनाको बारेमा केही थाहा नपाउने यी प्रतिवादीको घर नजिक वारदातस्थल रहेकोले घटनाका बारेमा थाहा नपाएको विश्वसनीय नभएको भन्ने आधारमा मात्र निज प्रतिवादी कसुरदार ठहऱ्याउनु न्यायको मर्मविपरीत हुन्छ । कसैउपर फौजदारी अभियोग लगाउनु मात्र पर्याप्त आधार होइन उक्त अभियोग वस्तुनिष्ठ शंकारहित उचित तवरबाट पुष्टि गर्नुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा वादी दाबी प्रमाणित गर्ने दायित्व वादी स्वयम्मा रहने व्यवस्था रहेबाट समेत निज प्रतिवादी ढिमिल भन्ने ढलबहादुर सलामी मगरको घरनजिक वारदातस्थल रहेकोले घटनाका बारेमा थाहा नपाएको भन्नु विश्वसनीय नभएको भन्ने शंकाको आधारमा मात्र कसुरदार कायम गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने हुँदा शंकाको सुविधा प्रतिवादीले पाउने नै देखिने ।

अतः उल्लिखित आधार र प्रमाणसमेतबाट प्रतिवादी पूर्णबहादुर कुमाललाई आरोपित कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको मिति २०६६।७।१६ को सुर्खेत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०६७।१२।२१ को फैसला र सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०६८।११।१५ मा प्रतिवादी अम्बरबहादुर कुमाललाई आरोपित कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गरेको र अर्का प्रतिवादी ढिमिल भन्ने ढलबहादुर सलामी मगरले आरोपित कसुरमा सफाइ पाउने र गरी भएको फैसला सदर गरी प्रतिवादी अम्बरबहादुर कुमालको हकमा साधकको रोहमा सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७०।३।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम् ।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-CR-०६७८, जबरजस्ती करणी, सावित्रा राई वि. नेपाल सरकार*

घटनाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा तथा घटना भएको थाहा पाउने व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) र (ख) बमोजिम अदालतले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । पीडित जाहेरवालीले मौकामा दिएको जाहेरी दरखास्तलाई पुष्टि हुने गरी तीनजना एउटै खाटमा सुतेकोमा बिहान ४ बजेतिर भाउजू सावित्रा राईले मेरो हात समाती प्रतिवादी सुरजलाई मेरो लुगा खोल्न लगाउनु भयो र दुवैजनाले समातेको हुँदा मैले केही गर्न सकिन प्रतिवादी सुरज राईले मलाई जबरजस्ती करणी गरेको हो भनी सुरू अदालतमा बकपत्र गरेको देखिएको र पीडिताको उक्त बकपत्र पीडित धनकुटा "ठ" को दाहिने पाताको पछाडि घाउ देखिएको तथा योनि च्यातिएको भन्ने बेहोराको परिवर्तित नाम धनकुटा "ठ" को शारीरिक परीक्षण प्रतिवेदन र प्रतिवादी सुरज राईको दाहिने र देब्रे घाँटीमा घाउ देखिएको भन्ने शारीरिक परीक्षण प्रतिवेदनबाट समर्थित भएको अवस्थामा पीडितको भनाइ प्रस्तुत मुद्दामा निर्णायक प्रमाणको रूपमा लिनुपर्ने देखिन आउने ।

प्रतिवादीहरूले मिलोमतो गरी २०६९/०३/२८ को बिहानपख ४ बजेको समयमा प्रतिवादीमध्येका सावित्रा राईले प्रतिवादी सुरज राईलाई अह्राई निर्देशन दिई वर्ष १७ की परिवर्तित नाम जाहेरवाली पीडिता धनकुटा "ठ" लाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ६ नं. बमोजिमको कसुर गरी जबरजस्ती करणी गर्न लगाएबमोजिम प्रतिवादी सुरज राईले पीडिता धनकुटा "ठ" लाई जबरजस्ती करणी गरी मुलुकी ऐन ऐ. महलको १ नं. बमोजिमको कसुर गरेको सावित्रा राईले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम सप्रमाण पुष्टि भएको देखिन्छ। प्रतिवादी सावित्रा राईउपरको जबरजस्ती करणी महलको ६ नं. बमोजिमको कसुर पुष्टि भएको देखिँदा निजलाई सोही ६ नं. बमोजिम प्रतिवादी सुरज राईलाई हुने सजायको आधा सजाय हुनुपर्ने अवस्था देखियो। दाबीबमोजिम प्रतिवादीमध्येका सावित्रा राईबाट जबरजस्ती करणी महलको १० नं.बमोजिम क्षतिपूर्ति भराई दिनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा जबरजस्ती करणीको ६ नं. बमोजिम जबरजस्ती करणी गर्न अह्राएको व्यक्तिलाई जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुनेसम्मको कानूनी व्यवस्था भएको देखिन्छ। जबरजस्ती करणीको १० नं.बमोजिम जबरजस्ती करणी गर्नेबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। जबरजस्ती करणी गर्न अह्राउनेबाट क्षतिपूर्ति भराउनुपर्ने कानूनी व्यवस्था भएको देखिँदैन। तसर्थ प्रतिवादी सावित्रा राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ६ नं. को कसुरमा ऐ. बमोजिम २ वर्ष ६ महिना कैद हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट भएको फैसला मनासिब नै देखिने।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादी सावित्रा राईले पीडित धनकुटा "ठ" लाई जबरजस्ती करणी गर्न प्रतिवादी सुरज राईलाई अह्राई निर्देशन दिई जबरजस्ती करणीको महलको ६ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादी सावित्रा राईलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०६९/१०/१८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको देखिँदा प्रतिवादी सावित्रा राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ६ नं. को कसुरमा ऐ.बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट मिति २०७१/०१/२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल आषाढ ६ गते रोज ४ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७६-WH-०११६, बन्दीप्रत्यक्षीकरण, विक्रम भन्ने झिल्केबहादुर मोक्तान वि. ललितपुर जिल्ला अदालत, लगनखेल*

मुलुकी ऐन, दण्ड सजायको ४१ नं. मा "एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ। अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठुलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म

पछिल्लो कलममा कैद गर्नुपर्छ । धेरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ । अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाउनुपर्छ । तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम एउटै वारदातमा संलग्न रहेको कसुरदारउपर भिन्न भिन्न अभियोग दायर भई भिन्न भिन्न कैद सजाय भएमा त्यस्ता कसुरदारलाई त्यती भिन्न भिन्न कसुरमा भएको कैद सजायमध्ये सबैभन्दा ठुलो कैदको सजाय मात्र गर्नुपर्ने हुने ।

निवेदकलाई ठेकिएको कैद र जरिवानाको प्रकृति हेर्ने हो भने निजलाई जबरजस्ती चोरी मुद्दामा चोरीको महलको १४(२) नं. मा "जबरजस्ती चोरी गर्नेलाई यसै महलको १२ नं. बमोजिम हुने सजायको डेढी बढाई सजाय गरी जरिवानाबापतसमेत कैद गर्नुपर्छ र सोबमोजिम गर्दा चार महिनादेखि घटी कैद हुने भएमा चार महिना कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसरी हेर्दा हातहतियार खरखजाना मुद्दामा भएको कैद भुक्तान भएपछि लागेको जरिवाना तिरेमा कैदबाट मुक्त हुन सकिन्छ भने चोरीको १४(२) नं. अनुरूप हुने जरिवाना तिरे पनि कसुरदार थुना मुक्त हुन पाउँदैन । निजले जरिवानाबापत पनि अनिवार्य थुनामा नै बस्नुपर्ने हुनेछ । जरिवाना गरिएको भए पनि त्यसको अभिप्राय मतलब र स्वरूप कैद नै हो भनी मान्नुपर्ने हुन्छ । त्यस्तो कैद अन्य कानूनबमोजिम हुने कैदको अतिरिक्त थप कैद हो भन्ने पनि देखिँदैन । त्यस्तो कैदको हद कायम गर्नमा कुनै कानूनले प्रतिबन्ध लगाएको पनि पाइँदैन । यस्तो स्थितिमा दण्ड सजायको महलको ४१ नं. बमोजिम कैदको हद कायम गर्ने सन्दर्भमा चोरीको महलको १४(२) नं. बमोजिम जरिवानाबापत हुने कैदलाई अन्य कैदभन्दा पृथक राख्नुपर्ने नदेखिने ।

रिट निवेदकले निजलाई हातहतियार तथा खरखजाना मुद्दामा दिइएको कैदी पुर्जीमा थुनामा राख्न पठाएको मिति २०७२।४।१० भएकोमा संशोधन गरी मिति २०७२।१।६ कायम गरी निजलाई भएको कैद भुक्तान भइसकेको हुनाले हातहतियार खरखजाना मुद्दामा भएको जरिवानाबापत बढी बसेको अवधिको १ दिनको रू.३०० का दरले रकम कट्टा गरी बाँकी जरिवाना रकम बुझी थुनामुक्त गरिपाउँ भनी कारागार कार्यालय नख्खुमार्फत निवेदन दिएपछि ललितपुर जिल्ला अदालतबाट च नं. ७९८ मिति २०७६।४।२६ मा कैद हद गरी कैदी पुर्जी संशोधन गरी कैदी पुर्जी पठाएको पाइन्छ । यसरी संशोधित कैदी पुर्जी दिँदा निजलाई जम्मा ठहरेको कैद ४ वर्ष १ महिना १५ दिन, ठेकिएको कैद ४ वर्ष, थुनामा राख्न पठाइएको मिति २०७२।१।६, कैदबापत थुनामा राख्नुपर्ने अवधि २०७६।१।५ (भुक्तान भइसकेको), ठेकिएको जम्मा जरिवाना रू.६,२३,६९२।– (छ लाख तेइस हजार छ सय बयानब्बे) जरिवानाबापत हुने कैद ४ वर्ष, जरिवानाबापत कैदमा राख्नुपर्ने मिति २०८०।०१।०५ र कैद मुक्त गर्नुपर्ने मिति २०८०।०१।०६ भनी संशोधित कैदी पुर्जी दिएको पाइन्छ । यसरी हेर्दा उक्त कैदी पुर्जीमा जबरजस्ती चोरी मुद्दामा भएको जरिवाना र हातहतियार खरखजाना मुद्दामा भएको जरिवाना जोडी जरिवानामा राखिएको पाइन्छ । जबरजस्ती चोरी मुद्दामा भएको जरिवानाबापत जरिवाना तिर्न पाइने नभई जरिवानाबापत अनिवार्य कैदमा बस्नुपर्ने भएको हुनाले जबरजस्ती चोरी मुद्दामा भएको जरिवाना रू.५,२३,६९२।– लाई पनि जरिवानाको अङ्कमा गणना गरेको मिल्ने देखिन नआउने ।

यसै सन्दर्भमा निवेदक सुभाष साह विरूद्ध पुनरावेदन अदालत पाटन ललितपुरसमेत भएको ने.का.प.२०७१ अङ्क ११ नि.नं. ९२८६ भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा "एउटै वारदातमा संलग्न रहेका कसुरदारउपर भिन्न भिन्न अभियोग दायर भई भिन्न भिन्न कैद सजाय भएमा त्यस्ता कसुरदारलाई

त्यस्तो भिन्न भिन्न कसुरमा भएको कैद सजायमध्ये सबैभन्दा ठुलो कैद सजाय मात्र गर्नुपर्ने र एउटै मानिसलाई एउटै वारदात र एउटै कागजका आधारमा दुई छुटाछुट्टै निकाय जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा दुई छुट्टाछुट्टै मुद्दाहरू चली कैद सजाय भएकोमा दण्ड सजायको महलको ४१ नं. अनुरूप दुवै कलमको कैद ठेक्नुपर्दा जुन कलममा कैदको सबभन्दा ठुलो हद हुन्छ, सो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने हुँदा यी निवेदकको हकमा दुई छुट्टाछुट्टै मुद्दाबाट कैद ठेकिएकोमा जुन ठुलो हदको कैद हो सोभन्दा बढी कैद सजाय हुने अवस्थामा देखिन नआउने" भन्ने यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

यसरी उल्लिखित दण्ड सजायको ४१ नं. तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी निवेदक बिक्रम भन्ने झिल्केबहादुर मोक्तानलाई जबरजस्ती चोरी मुद्दामा १ महिना १५ दिन कैद र रू.५,२३,६९२।– जरिवानाबापत समेत कैद हुने हुँदा जम्मा ४ वर्ष १ महिना १५ दिन कैद भएको र हातहतियार खरखजाना मुद्दामा ४ वर्ष कैद र रू.१,००,०००।– जरिवाना भएकोमा जबरजस्ती चोरी मुद्दामा भएको कैदभन्दा हातहतियार खरखजाना मुद्दामा भएमो कैद सानो भएको हुनाले जबरजस्ती चोरी मुद्दामा भएको कैद ४ वर्ष १ महिना १५ दिन निजलाई ठेकिने नै हुँदा निज मिति २०७२।१।६ गतेदेखि पुर्पक्षका लागि थुनामा बसेको देखिँदा निजको कैद अवधि मिति २०७६।२।२१ मा समाप्त भएको देखिएको र हातहतियार खरखजाना मुद्दामा भएको ४ वर्ष कैद जबरजस्ती चोरी मुद्दामा भएको कैद सजायभन्दा तुलनात्मक घटी कैद सजाय भएकोले त्यसतर्फ कैद ठेक्नुपर्ने देखिएन। निवेदकले ठुलो ठेकिएको कैद हद भुक्तान गरेपश्चात् पनि कैदबाट मुक्त नगरी कैदमा राख्ने विपक्षीहरूको कार्य कानूनविपरीतको देखिन आएकोले हातहतियार खरखजाना मुद्दामा भएको जरिवाना रू.१,००,०००।– बाट थुनामुक्त हुने अवधि मिति २०७६।२।२२ देखि थुनामुक्त नहुँदासम्म १ दिनको रू.३००।- का दरले कटाई बाँकी जरिवानाबापतको रकम बुझीलिई थुनामुक्त गर्नुपर्नेमा ललितपुर जिल्ला अदालतबाट मिति २०७६।४।२६ मा कैदी पुर्जी संशोधन गरी जबरजस्ती चोरी मुद्दामा भएको अनिवार्य कैदमा नै बस्नु पर्ने जरिवाना रू.५,२३,६९२ लाई समेत हातहतियार खरखजानाको भएको तिर्न बुझाउन मिल्ने जरिवानामा रू.१,००,०००।– मा थप गरी जम्मा जारी रू.६,२३,६९२।– जरिवाना तिरेमा मात्र थुनामुक्त हुने भनी दिएको कैदी पुर्जी र उक्त कैदी पुर्जीलाई सदर गर्ने गरी मिति २०७६।५।२० मा भएको ललितपुर जिल्ला अदालतको आदेश कानूनसम्मत नदेखिने।

अतः उल्लिखित आधार, कारण एवं कानूनी व्यवस्थासमेतका आधारमा रिट निवेदक विक्रम भन्ने झिल्केबहादुर मोक्तानले आफूलाई लागेको कैद मिति २०७६।२।२१ मा भुक्तान गरिसकेको र हातहतियार खरखजाना मुद्दामा भएको जरिवानाबाट निज बढी अवधि कैदमा बसेको दिनको हुन आउने कानूनबमोजिमको रकम घटाई बाँकी रहन आएको जरिवाना रकम निज निवेदक विक्रम भन्ने झिल्केबहादुर मोक्तानले बुझाउन ल्याए सो जरिवानाको रकम लिई निजलाई कैद मुक्त गरिदिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३६(क) र (ख) बमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७६ साल कार्तिक १५ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७५-WH-००१६, बन्दीप्रत्यक्षीकरण, खड्गबहादुर विश्वकर्मा प्रकाण्ड वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

नुवाकोट जिल्ला अदालतले पक्राउको लागि अनुमति दिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१)(२)(३) अनुसार आधार र कारण खोली अनुमति दिएको देखिँदैन। ऐ. ऐनको दफा

६ मा "*कुनै प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले अनुसूची १ मा उल्लिखित कुनै कसुर भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा कसुरदारलाई कसुर गर्नबाट रोक्ने वा कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र कसुर गर्ने व्यक्ति भाग्न, उम्कन नपाउने आवश्यक र प्रभावकारी व्यवस्था यथाशीघ्र गर्नुपर्ने छ*" भन्ने व्यवस्था रहेको छ । खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) मिति २०७५।४।२२ देखि मिति २०७५।५।१ र पुनः मिति २०७५।५।१ देखि मिति २०७५।५।७ सम्म निरन्तररूपमा विपक्षीहरूको थुनामा नै रहेको र विपक्षीहरूकै नियन्त्रणमा रहेको अवस्थामा पुनः तेस्रो पटक थुनामा रहेको देखिँदा निजलाई अनुसन्धान गर्नको लागि भनी ऐ. ऐनको दफा ६ को अवस्था विद्यमान रहेको भन्न मिल्नेसमेत नदेखिने।

कुनै फौजदारी कानून प्रतिकूल कार्य भएको अवस्थामा आवश्यक अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुने कुरामा विवाद छैन । यसका लागि आवश्यक कानूनी प्रक्रिया अपनाउनुपर्ने हुन्छ । कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न नपाइने । कानूनले तोकेको निश्चित कार्यविधि र प्रक्रिया अवलम्बन नगरी भएको कार्यहरूले न्यायिक विचलन निम्त्याउने।

संविधानले कानूनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनीरूपमा शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ। कुनै व्यक्तिलाई गैरकानूनीरूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त भावना राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको कर्तव्य हुन आउँछ। नेपालको संविधानको धारा १२८(४) मा "*मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नुपर्ने छ*" भनी उल्लेख भएको छ। अदालतको आदेश पालना नगर्ने वा कुनै प्रकारको बहानाबाजी अगाडि सार्ने कुरा शोभनीय हुँदैन । अदालतबाट पटकपटक भएका आदेशअनुसार बन्दीलाई थुनामुक्त नगरी निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हुने । त्यस्तो कार्य नेपालको संविधान तथा प्रचलित फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा व्यवस्थित प्रावधानको भावना र मर्म प्रतिकूल देखिने।

अतः निवेदकले नै दायर गरेको रिट नं. ०७५-WH-०००६ र ०७५-WH-०००९ मा यस अदालतबाट क्रमशः मिति २०७५।५।१ र मिति २०७५।५।७ मा खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई गैरकानूनी थुनामा राखेको भनी दुई दुई पटक निरन्तररूपमा गैरकानूनी थुनाबाट मुक्त गर्ने आदेश दिँदादिँदै अदालतको आदेश उल्लङ्घन गरी मिति २०७५।५।७ मा निजलाई पुनः पक्राउ गरी हालसम्म निरन्तर थुनामा राखेको देखियो । खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई पटकपटक यस अदालतको परिसर नजिकैबाट पक्राउ गरी निरन्तर थुनामा राखेको देखिँदा यसलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशीलता नअपनाएको र निवेदकउपर प्रवृत्त भावना राखी बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखियो । यसप्रकारको थुनालाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३ (२) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदकका मागअनुसार गैरकानूनी थुनाबाट रिट निवेदकका दाइ खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । अदालतको आदेशको सम्मान र कार्यान्वयन गर्नुपर्ने कानूनी दायित्व भएका निकायहरूबाट बारबार बन्दीप्रत्यक्षीकरण सम्बन्धमा भएको अदालतको आदेशलाई असम्मान गरेकोमा अदालतको गम्भीर सरोकार रहेको छ । बन्दीप्रत्यक्षीकरणको यो आदेशअनुसार निज खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई नुवाकोट

जिल्ला न्यायाधीशको रोहबरमा छाडी सोको सक्कल कागज यस अदालतको मिसिल सामेल राख्नु भनी संक्षिप्त आदेशअनुसार खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई थुनामुक्त गरिसकेको देखिँदा अब थप केही गरिरहनु नपर्ने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल भाद्र १८ गते रोज २ शुभम् ।

इजलास नं.१२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७२-CR-१८७६, कर्तव्य ज्यान, प्रकाश सिंह भन्ने प्रकाश सिंह ढकाल वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा कसुर गरेमा इन्कार रही बयान गरे पनि निज प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबितीलाई शव परीक्षण प्रतिवेदनमा भवानी सिंहको मत्यु Finding consistent with violent asphyxia death with struggle probably because of manual strangulation (throttling) भनी उल्लेख भएको अवस्था, मेडिकल अधिकृत रूपानन्द अधिकारीले पोस्टमार्टम रिपोर्ट मसमेतबाट तयार भएको हो । निज भवानी सिंहको मृत्युको कारण निसासिएर भएको हो भनी अदालतमा बकपत्र गरेकी छन् । शव परीक्षण गर्ने डा. राजन पाण्डे र डा. संकेतकुमार रिजालले अदालतमा बकपत्र गर्दा निज मृतकको पोस्टमार्टम मसमेतको मेडिकल बोर्डबाट भएको हो । निजको मृत्युको कारण निसासिएर भएको हो भनी लेखाई दिएका, मौकामा खडा भएको लास जाँच मुचुल्कामा मृतक भवानी सिंहको नाकबाट रगतजस्तो पदार्थ बगेको, दायाँ गालामा रगतजस्तो पदार्थ लागेको, ओठ हल्का निलो देखिएको, चिउँडो कोतरिएको, पिठ्युँमा हल्का निलो, बायाँ खुट्टा घुँडामाथि निलो देखिएको ओछ्यानमा चुराका फुटेका टुक्राहरू रहेको भनी उल्लेख भएको बेहोरा, मौकामा कागज गर्ने उर्मिला रावत र डिल्ली वलीले यी प्रतिवादीले नै कर्तव्य गरी मारेको हो भनी लेखाई दिएको बेहोरासमेतका आधार कारणबाट मृतकको मृत्यु निज प्रतिवादीको कर्तव्यबाट नै भएको भन्ने तथ्य पुष्टि हुन आउने ।

अतः माथि उल्लिखित आधार कारणबाट यी प्रतिवादीले आफ्नी श्रीमतीलाई कुटपिट गरी चोट पुऱ्याई घाँटी थिची स्वासप्रश्वास बन्द गरेबाट मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भएको देखिँदा प्रतिवादी प्रकाश सिंह ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुरमा निजलाई सोही ऐन महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकदैको सजाय गर्ने गरी भएको सुरू जिल्ला अदालतको मिति २०७२/२/५ को फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/०९/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी प्रकाश सिंह ढकाल मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानमा रिसको आवेगमा मृतक श्रीमतीलाई घाँटी थिचेको नभई घाँटी अँठ्याएर घचेटेको हो भनी उल्लेख गरेको देखिन्छ । मृतक श्रीमतीले रक्सीसमेत सेवन गर्ने र मृतक श्रीमतीले प्रतिवादी लोग्नेले भनेमा मात्र खाना पकाउने, प्रतिवादीले राख्न दिएको पैसा माग्दा नदिने जस्ता व्यवहार र क्रियाकलापहरूबाट लोग्नेलाई हैरानी गराउने र सताउने गरेको अवस्था देखिएबाट मृतक र यी प्रतिवादीबिचको दाम्पत्य जीवन सुमधुर नरहेको स्पष्ट देखिन्छ । यस प्रकार मृतकको आनीबानी र साथै मृतकले यी प्रतिवादीलाई गरेको उपर्युक्त व्यवहारसमेतको परिणामका कारणबाट प्रतिवादीले आफ्नो श्रीमतीलाई घाँटी अँठ्याएर घचेटेको अवस्थामा नै मृतकको मृत्युसम्म भएको अवस्था र परिस्थिति देखिँदा निज प्रतिवादी प्रकाश सिंह ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुरमा निजलाई सोही ऐन, महलको

१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकदैको सजाय गर्दा चर्को पर्न जाने देखिएबाट निज प्रतिवादी प्रकाशसिंह ढकाललाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२ (बाह्र) वर्ष मात्र कैद हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७५ साल असोज १ गते रोज ३ शुभम्।

इजलास नं.१३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CI-०२९४, निषेधाज्ञा / परमादेश, सीतादेवी लम्साल वि. जिल्ला प्रशासन कार्यालय, बर्दियासमेत

नक्सा मुचुल्काबाट न.नं.१५, १५क र १५ख समेतका जग्गाहरू पुनरावेदकको नाउँमा दर्ता रही विवादपूर्व निवेदककै भोग चलनमा रहेको देखिन आयो। साथै न.नं.१५क खाल्डो रहेको सो खाडलको माटो निकाली न.नं.१५ख मा डिल बनाएको देखियो। विपक्षी जिल्ला विकास समितिको लिखित जवाफमा बाटो, डिल, करिडोर, ड्रेनसम्म निर्माण भएको भन्ने देखिँदा न.नं.१५क मा भएको खाल्डो र न.नं. १५ख मा बनेको डिल विपक्षी जिल्ला विकास समितिबाट निर्माण भएको देखिन आउने।

जिल्ला विकास समितिको लिखित जवाफमा दाबीको जग्गा बढैया तालअन्तर्गतको हो भनी जिकिर लिएको भए तापनि सो विषयमा निवेदकको दर्ता बदरतर्फ कुनै अधिकारप्राप्त निकायमा कारबाही उठाएको पनि देखिँदैन। निर्विवाद हक भोगमा रहेको जग्गामा कानूनबमोजिम बाहेक हस्तक्षेप गर्न मिल्ने पनि देखिँदैन। दाबीको जग्गामा विपक्षी जिल्ला विकास समितिले खाल्डो बनाई डिलसमेत बनाएको देखिन आउने।

निषेधाज्ञाको आदेश जारी हुन विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हुनुपर्ने। निषेधाज्ञाको अर्थ कुनै व्यक्तिको निर्विवाद हकमा हुन जाने अवरोधलाई निषेध गर्नु हो। विपक्षी जिल्ला विकास समितिको तर्फबाट दाबीको जग्गाको न.नं.१५क र १५ख खाल्डोलगायतको संरचना बनेको देखिन आएकोले पुनरावेदक निवेदकको सम्पत्तिउपरको हकमा आघात पर्न सक्ने आशंकाको स्थिति विद्यमान रहेको देखिन आउने।

अतः निवेदकको दर्ता स्रेस्ताभित्रको वादीको कि.नं.११६१ को जग्गा निवेदकले भोग गर्न पाउने नै हुँदा निवेदकको निर्विवाद हकभोग स्वामित्वको जग्गामा हस्तक्षेप नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्नुपर्नेमा तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट रिट निवेदन खारेज गर्ने गरी मिति २०७०।०३।०२ मा भएको आदेश मिलेको नदेखिँदा बदर भई दाबीको निवेदकको कि.नं.११६१ को जग्गामा निवेदकलाई भोग गर्नलाई अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७६ साल वैशाख ३१ गते रोज ३ शुभम्।

इजलास नं.१४

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७३-MS-००१४, *अदालतको अवहेलना, सूर्यनारायण चौधरी वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

वैदेशिक रोजगार व्यवसाय गर्न नयाँ इजाजतपत्र नदिने भन्ने नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८/०३/१३ को निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको सर्वोच्च अदालतको मिति २०७३/१०/०३ को निर्णय उल्लेख गरी यी निवेदकले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र पाउँ भनी मिति २०७३/११/०९ मा वैदेशिक रोजगार विभागमा निवेदन पेस गरेको र सोसम्बन्धी क्षेत्राधिकार वैदेशिक रोजगार विभागमै रहेको भन्ने कुरामा विवाद भएन।

नयाँ इजाजत दिन मन्त्रिपरिषद्को निर्णयका कारणले नरोक्नु भनी अदालतबाट साधिकार निकायका नाममा निर्देशनात्मक आदेश जारी भएकोले अदालतको सो आदेशलाई सम्मान गर्दै यस्तो अवस्थामा नीतिगत निर्णय गरेरै जानुपर्ने ठानी तालुक मन्त्रालयबाट यथोचित निकास मागिएको हो भन्ने विपक्षी साधिकार निकायका महानिर्देशक विश्वराज पाण्डे र ऐजनका निर्देशक रमा भट्टराईले मिति २०७३/११/२९ मा पेस गरेको लिखित जवाफबाट देखिन आयो। यसबाट निवेदकले इजाजतपत्र पाउनका लागि पेस गरेको निवेदनमा कारबाही नै अघि नबढेको भन्न मिलेन। विपक्षीहरूले निवेदकको निवेदनमा कुनै कारबाही नै नगरी उदासीनता देखाएको वा कारबाही गर्न इन्कार गरी अदालतबाट भएको आदेशलाई चुनौती दिएको वा अदालतबाट भएको आदेशलाई यो यो कारणले नमान्ने भनी भनेको अवस्था नभई अदालतको आदेशलाई सम्मान गर्दै निवेदकको सो निवेदनमा कारबाही प्रारम्भ गरेको भन्ने विपक्षीहरूले पेस गरेको मिसिल संलग्न लिखित जवाफबाट खुल्न देखिन आएको हुँदा निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

जुन निकाय वा अधिकारीबाट अदालतको अवहेलना भयो भनी दाबी लिइएको हो, ती निकाय र अधिकारीले अदालतको आदेशलाई सम्मान गर्दै दाबीको निवेदनमा कारबाही अघि बढाइसकेको भन्ने देखिँदा अदालतको अवहेलनामा कारबाही गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर स्थापित हुन नसकेकोले निवेदन खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

इति संवत् २०७६ साल फाल्गुन १६ गते रोज ६ शुभम्।

इजलास नं.१६

१

मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-CR-०४७५, ठगी, नेपाल सरकार वि. सीमा राणा शाहसमेत*

प्रतिवादी सीमा राणाले अदालतमा बयान गर्दा जाहेरवाली रूवी राणासँग मैले रकम लिएको छैन। उल्टै मैले निजबाट रू.६०,००,०००।– साठी लाख रूपैयाँ लिनुछ। जाहेरवाला प्रदीप शम्शेर राणासँग रू.१०,००,०००।– दश लाख रूपैयाँ मात्र लिएकी हुँ। सो रकम फिर्ता दिइसकेकोले अब निजलाई मैले रकम दिनु छैन। अन्य जाहेरवालाहरूसँग मैले रकम लिएको छैन भनी कसुरमा इन्कार रहेको देखिए पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले सुमन खनाल, प्रदीप शम्शेरसमेतका व्यक्तिहरूबाट रकम लिएको हुँ भन्ने उल्लेख गरी कसुरमा साबित रहेको देखिन्छ र सुरू अदालतमा उपस्थित भई बकपत्र गर्ने नविन महर्जनसमेतका जाहेरवालाहरूले आ-आफ्नो बकपत्रमा यी प्रतिवादी सीमा राणाले आफूहरूसँग आकर्षक ब्याज दिने भन्नेसमेतको प्रलोभन देखाएर रकम लिएको र सो रकम तथा ब्याजसमेत निजले नदिएकीले ठगी गरेको भन्ने बेहोरा उल्लेख गर्दै जाहेरी दरखास्तलाई पुष्टि गरेकोसमेतका मिसिल संलग्न प्रमाणहरूको आधारमा निज प्रत्यर्थी प्रतिवादीले आरोपित कसुर गरेको ठहऱ्याई सजाय गरेको र निजबाट जाहेरवालाहरूले बिगो रू.२,५०,२०,०००।– (दुई करोड पचास लाख बिस हजार रूपैयाँ) भराई पाउनेसमेत ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादी सीमा राणाले पुनरावेदन नगरी बसेको देखिएबाट निजको हकमा पुनरावेदन अदालतको उक्त फैसला अन्तिम भइरहेको देखिएबाट सोसम्बन्धमा विवेचना गरिरहनुपर्ने नदेखिने।

अब निज प्रत्यर्थी प्रतिवादी सीमा राणाबाट जाहेरवालाहरूले भराई पाउने ठहऱ्याएको बिगो कम भएकोले दाबीअनुसार बिगो कायम गरी सोअनुसार सजाय (जरिवाना) हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोमा जाहेरवाला नविन

महर्जनसमेतका २२ जना जाहेरवालाहरूले प्रतिवादी सीमा राणालाई दिएको र अञ्जु शाहसमेत केही जाहेरवालाहरूले निज प्रतिवादी सीमा राणाबाट फिर्ता पाएका केही रकम कट्टा गरी निजहरूले प्रतिवादी सीमा राणा शाहबाट जम्मा रकम रू.२,५०,२०,०००।– (दुई करोड पचास लाख बिस हजार) रूपैयाँ पाउन बाँकी रहेको भनी अदालतमा उपस्थित भई गरेको बकपत्रबाट देखियो । अन्य राजेन्द्र सुवालसमेत ३७ जना जाहेरवालाहरूले अदालतमा उपस्थित भई आफ्नो जाहेरी बेहोरा पुष्टि गरेको पाइएन। निजहरूको जाहेरी बेहोरा पुष्टि हुने तथ्यगत प्रमाण अभियोजन पक्षले पेस गरेको मिसिलबाट देखिएन। केही अपवादबाहेक सरकारवादी फौजदारी मुद्दामा अभियोग दाबी पुष्टि गर्ने भार वादी पक्षको हुने प्रमाण ऐन, २०३१ को दफा २५ मा रहेको कानूनी व्यवस्था रहेको देखिन्छ र यो फौजदारी न्यायको विश्वव्यापी मान्यता रहेको साथै यसलाई हाम्रो न्याय प्रणालीले अङ्गिकार गरी आएको छ अर्थात् यो हाम्रो न्याय प्रणालीको स्थापित मान्यता नै हो। यसप्रकार माथि उल्लेख भएअनुसार पीडित जाहेरवालाहरूले अदालतको आदेशानुसार अदालतमा उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई पुष्टि गरिदिएका समेत आधारमा सुरू अदालतले कायम गरेको बिगोलाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिएकाले अभियोग दाबीअनुसार बिगो कायम गरी सोअनुसार प्रतिवादीलाई जरिवाना (सजाय) हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

जाहेरीमा उल्लेख गरेको कुरा सो जाहेरी दरखास्त दिने जाहेरवालाहरूले अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिनुपर्ने हुन्छ। नविन महर्जनसमेत २२ जना जाहेरवालाहरूले अदालतमा उपस्थित भई आ-आफ्नो जाहेरी बेहोरा पुष्टि गरी बकपत्र गरेको देखिन्छ । निज नविन महर्जनसमेतका २२ जना जाहेरवालाहरूले प्रतिवादी सीमा राणालाई दिएको र अञ्जु शाहसमेत केही जाहेरवालाहरूले निज प्रतिवादी सीमा राणाबाट फिर्ता पाएका केही रकम कट्टा गरी निजहरूले प्रतिवादी सीमा राणा शाहबाट जाहेरीअनुसारको बाँकी रहेको रकम भराई पाउने नै देखिने।

अब, प्रतिवादी आनन्द शर्मालाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरतर्फ हेर्दा प्रस्तुत मुद्दाका जाहेरवालाहरूले प्रतिवादी आनन्द शर्मालाई रकम दिएको भनी लेखाउन सकेको पाइँदैन। प्रतिवादी सीमा राणाले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादी आनन्द शर्मालाई रकम दिएको भनी लेखाएको भए तापनि सोहीअनुरूप अदालतको बयानमा लेखाउन सकेको देखिँदैन । स्वयं मुद्दाको पीडित जाहेरवालाहरूले समेत प्रतिवादी आनन्द शर्मालाई रकम दिएको र निजले रकम मागेकोसमेत होइन भनी लेखाई दिएको र यी प्रत्यर्थी प्रतिवादीले समेत जाहेरवालाहरूबाट रकम लिई ठगी गरेको भन्ने तथ्यगत रूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिएको हुँदा मिसिल संलग्न प्रमाणबाट प्रतिवादी आनन्द शर्माउपरको अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा प्रस्तुत मुद्दामा अभियोग दाबीबाट प्रतिवादी आनन्द शर्मालाई सफाइ दिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

अत: उल्लिखित विश्लेषणसमेतका आधारमा प्रतिवादी सीमा राणा शाहले ठगीको कसुर गरेको ठहऱ्याई निजलाई ३ वर्ष कैद र रू.२,५०,२०,०००।- (दुई करोड पचास लाख बिस हजार) रूपैयाँ जरिवाना हुने र सो बिगो निजबाट जाहेरवालाहरूले भराई पाउने र अर्का प्रतिवादी आनन्द शर्माले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६५।३।१३ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत

पाटनको मिति २०६६।०५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । ठगी मुद्दामा यस कारागार कार्यालय, नेपालगन्जमा कैदमा रहेकी प्रतिवादी सीमा राणा शाहको यस कारागारमा रहँदाको अवस्थामा मिति २०६९।११।२५ मा बिरामी भई उपचारको क्रममा सोही दिन बिहानी ४:५० बजे नेपालगन्ज मेडिकल कलेजमा मृत्यु भएको बेहोरा जानकारीका लागि अनुरोध छ भन्ने बेहोराको कारागार कार्यालय, नेपालगन्जको च.नं.२६ मिति २०७४।०४।०९ को पत्रको छायाँप्रतिबाट देखिएको र अ.बं.१७६ नं. मा **गैह मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मऱ्यो भने सो मर्नेलाई खतबात लाग्दैन** भन्ने व्यवस्था भएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ मा **अदालतबाट कसुरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वत: मिनाहा हुने छ** भन्ने कानूनी व्यवस्था रहेको देखिँदा उल्लिखित कानूनी व्यवस्थाका आधारमा प्रतिवादी सीमा राणालाई लागेको कैद र जरिवाना मिनाहा हुने ।

इजलास अधिकृत: जनकसिंह बोहरा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १९ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७१-CI-०४४७, बेलगती मोही लगत कट्टा, धनश्यामकुमार द्विवेदी वि. राजेश्वर दुवे*

वादीहरूको पुनरावेदन जिकिरअनुसार हुने नहुनेतर्फ हेर्दा, प्रस्तुत मुद्दामा जग्गाधनीहरू नागा दुवे र इन्देश्वर दुवेका नाममा संयुक्त दर्ता रहेको जिल्ला पर्सा, गा.वि.स. रामगढवा वडा नं.१ कि.नं. १२४ को ज.बि. ०-८-०, कि.नं. २२६ को ज.बि.०-४-७ र कि.नं. ७३ को ज.बि ०-६-५ जग्गाहरूको जग्गाधनी दर्ता प्रमाण पुर्जाको मोही महलमा प्रतिवादी राजेश्वर दुवेको नाम उल्लिखित भएको देखिन्छ । त्यसैगरी उल्लिखित कित्ता जग्गाहरूको फिल्डबुक उतार हेर्दा किसानको महलमा प्रतिवादी राजेश्वर दुवेको नाम र जग्गाधनीको महलमा नागा दुवे ब्राह्मणको नाम उल्लिखित भएको पाइन्छ । यसरी फिल्डबुकमा र जग्गाधनी दर्ता प्रमाण पुर्जाको मोही महलमा यिनै प्रतिवादी राजेश्वर दुवे ब्राह्मण मोही जनिई आएकोबाट यी प्रतिवादीलाई नापीकै समयदेखि मोही स्वीकार गरी सकेको कुरा मिसिलबाट देखिने ।

वादीहरूले भुलवश जग्गा धनी प्रमाण पुर्जाको मोहीको महलमा नाम लेखिन गएको र मोहीले जग्गा कमाउन छाडेको भन्ने फिराद एवम् पुनरावेदन जिकिर रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) (ग) मा **"कुनै मोहीले जग्गा छाडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारी छेउ २५ दिनभित्र दिनुपर्दछ र तोकिएको अधिकारीले सो कुरा जाँचबुझ गरी दफा २५ को उपदफा (५) को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ ।"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसै सन्दर्भमा यस अदालतबाट (ने.का.प.२०६९, अङ्क ३, नि.नं.८७९०) पुनरावेदक वादी दुलारी देवी यादवनी र प्रत्यर्थी प्रतिवादी मियाँ धुनिया भएको अवैध मोही लगत कट्टा मुद्दामा **"एकपटक मोही कायम भइसकेपछि उसलाई कानूनबमोजिम निष्काशन नभएसम्म मोहीको मोहियानी हक भूमिसम्बन्धी ऐनको दफा २६ ले सुरक्षित गरेको छ । पटक पटक मोहीले आफ्नो मोहियानी हकको प्रमाण जग्गाधनीलाई देखाई मोहियानी हकको नवीकरण गरिरहनु नपर्ने"** भनी सिद्धान्त प्रतिपादन भइसकेको अवस्था देखिने ।

यदि भुलवश जग्गाधनी प्रमाण पुर्जाको मोही महलमा प्रतिवादीको नाम लेखिन गएको भए उक्त प्रचलित कानूनबमोजिम कानूनको म्यादभित्र जग्गाधनीले निवेदन दिई मोहीको लगत कट्टा गर्नुपर्ने

कानूनले जग्गाधनीलाई कानूनी दायित्व सुम्पेको देखिन्छ। यसरी कानूनले निर्दिष्ट गरेबमोजिमको प्रकिया प्रस्तुत मुद्दामा जग्गाधनीहरूले अवलम्बन गरेको पाइएन । एक पटक मोहीलाई स्वीकार गरिसकेपछि कानूनी बाटो अवलम्बन नगरी बेलगती मोही लगत कट्टा गरिपाउँ भन्ने पुनरावेदक वादीको फिराद दाबी एवम् पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआएकोले पुनरावेदक वादीहरूको उक्त जिकिरसँग सहमत हुन नसकिने।

यस प्रकार उपर्युक्तानुसार कानून एवम् यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तसमेतको प्रतिकूल हुने गरी मोही लगत कट्टा गर्ने गरेको भूमि सुधार कार्यालय, पर्साको मिति २०६६।११।२६ को निर्णय बदर गरी दाबीका जग्गाधनी नागा दुवेको जग्गाधनी प्रमाण पुर्जामा कि.नं.१२४, २२६ र ७३ का जग्गाहरूको मोही महलमा राजेश्वर दुवे लेखिएको देखिएको र सो कायम रही रहेको अवस्थामा उल्लिखित फिल्डबुकमा समेत उक्त कि.नं.का जग्गाहरूको किसानको महलमा राजेश्वर दुवे नै भएकोले उक्त कित्ता नम्बरका जग्गाहरूको मोही राजेश्वर दुवेलाई कायम हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम्।

इजलास नं.१८

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०६८-CI-१३६३, निर्णय बदर दर्ता नामसारी हक कायमसमेत, अर्चनाकुमारी राणा भन्ने अर्चना मल्ल राणासमेत वि. कृष्णकुमार दोङपासमेत*

काठमाडौं जिल्ला सितापाइला गाउँ विकास समितिअन्तर्गत वडा नं. ६ मा पर्ने साबिक कि.नं. २३० कित्ताकाट हुँदा कि.नं. ५२५ र ५२६, साबिक कि.नं. २१७ कित्ताकाट हुँदा कि.नं. ५३५ र ५३६ साबिक कि.नं. २२५ कित्ताकाट हुँदा कि.नं. ५४० र ५४१, सोही कि.नं. ५४१ पुनः कित्ताकाट भई कि.नं. ५४२ र ५४३, साबिक कि.नं. २२२ कित्ताकाट भई कि.नं. ५३७, ५३८ र ५३९ हुने गरी कित्ताकाट भएको प्रमाण मिसिल संलग्न प्लट रजिस्ट्रको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । पुनरावेदिकाहरूको पति / पिता स्व. रणजित नरसिंह वादी तथा निजहरूकै कान्छी सासू / हजुरआमा कमलाकुमारी राणाका बिच काठमाडौं जिल्ला अदालतमा चलेको अंश चलन मुद्दा मिति २०२४।१२।१८ मा मिलापत्र हुँदा घर जग्गा आपसमा लिने दिने गरी मिलापत्र भई उक्त मिलापत्र मुलुकी ऐन, अ.बं.८६ नं. बमोजिम थाहा पाएको मितिले ३५ दिनको हदम्यादभित्र यी प्रत्यर्थी / प्रतिवादीहरूले नालिस गरी बदर गराउन नसकी हालसम्म अन्तिम भई बसेको अवस्था देखिन्छ । सो सम्बन्धमा यस अदालतबाट **गौरा थारूसमेत विरूद्ध वेचनी थरूनीसमेत** भएको **"बन्डापत्र अंश एवम् मिलापत्र बदर"** मुद्दामा (ने.का.प.२०७०, अङ्क ३, नि.नं.८७९६) **"अदालतबाट सम्पन्न फैसला, डिसमिस, मिलापत्र र खारेजले सुनिश्चितताको प्रत्याभूति र मुद्दाको निश्चित अन्त्यको प्रबन्ध गर्दछन् । यो अपेक्षा कानूनी प्रणाली र न्याय व्यवस्थाको स्थायित्वको लागि अपरिहार्य हुने"** भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यसरी हालसम्म बदर नभई अन्तिम भई बसेको उक्त मिति २०२४।१२।१८ को मिलापत्रको आधारमा दुवै पक्षको निवेदनबमोजिम भूमि प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०३१।४।३ मा माथि उल्लेख भएबमोजिम साबिक कित्ता र हालको कित्ता भनी कित्ताकाट भएको कुरा मिसिल संलग्न नक्सा प्रिन्ट तथा मालपोत कार्यालय कलंकीबाट भएको मिसिल संलग्न निर्णयबाट देखिन्छ। सोही मालपोत कार्यालयको

मिति २०३१।४।३ को निर्णयबाट साबिक कि.नं.११५ र मिलापत्रमा उल्लिखित कित्ताबाट कित्ताकाट भई कायम हुन आएको कि.नं.५२६, ५३६, ५३८, ५४२ मिलापत्रमा उल्लिखित मूल कित्ताहरू क्रमशः कि.नं.२३०, २१७, २२२, २२५ बाट कित्ताकाट भई कायम भएको सुरू प्रमाण मिसिल संलग्न कित्ताकाट प्लट रजिस्ट्रको प्रमाणित प्रतिलिपिबाट समेत देखिने।

प्रत्यर्थी वादी उमेशदेव पन्तले मध्यमाञ्चल क्षेत्रीय अदालतको मिति २०१८।६।११ को फैसलाको आधारमा माथि उल्लिखित मूल कित्ताकै जग्गाहरूको सम्बन्धमा दाबी लिएको देखिन्छ । निजको आमा टिकाकुमारी पन्थनी र खड्ग नरसिंह राणाबिच "हक कायम" मुद्दा परी सो मुद्दा मिति २०१८।६।११ मा भएको फैसलाअनुसार कित्ता नं.३२८ टिकाकुमारी पन्थनीको हक कायम भएको भन्ने दाबी रहेको देखिन्छ। उक्त २०१८ सालको फैसलाअनुसार जग्गा दर्ता गर्न तथा नापी गराउन सकेको अवस्था पनि देखिँदैन । सो मितिपश्चात् निज खड्ग नरसिंहका श्रीमती र छोराहरूबिच चलेको अंश मुद्दामा भएको मिलापत्रअनुसार जग्गा कित्ताकाट भएको सम्बन्धमा पनि निजहरूले अन्यथा जिकिर लिई बदर गराउन सकेको अवस्था छैन भने २०१८ सालको फैसलाअनुसारको जग्गा नै यही विवादित जग्गा हो भन्ने स्पष्ट आधार प्रमाणबेगर हक कायममा सुनाउने गरी भएको पुनरावेदन अदालतको फैसलालाई सदर हुनुपर्छ भन्ने प्रत्यार्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

अर्का प्रत्यर्थी कृष्णकुमार दोङपाको आमा सुन्तली दोङपीनीले मिति २०२१।७।२३ मा खड्ग नरसिंह राणाबाट बकसपत्र प्राप्त जग्गा नापीमा कि.नं. २२६ को जग्गा रोपनी १०-०-० कायम भई प्रत्यर्थी निवेदक कृष्णकुमार दोङपाले मिति २०२९।५।३० मा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेकोमा सो जग्गा भोलिपल्ट अर्थात् मिति २०२९ । ५।३१ मा निज कृष्णकुमार दोङपाले हिरण्य भोजपुरेलाई बिक्री गरी सकेको मिसिल संलग्न कागजबाट देखिन्छ । निजले आमा सुन्तली दोङपीनीले प्राप्त गरेको बकसपत्रलाई आधार लिई पुनः विवादित कित्ताहरू दाबी गरेको देखिएबाट निजको दाबी नै लाग्न सक्ने अवस्था नदेखिने।

अतः विवेचित आधार, कारणहरू तथा कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा २०२४ सालको मिलापत्रअनुसार कि.नं. ११५ र कि.नं. २१७, २२२, २२५, २३० को जग्गाबाट कित्ताकाट गरी कमलाकुमारीले दर्ता गराई सकेको प्लट रजिस्ट्रबाट देखिएको, सोही साबिक कित्ताकाट अंश भाग पाउने यी पुनरावेदिकाहरूका हकमा उक्त मिलापत्र यथास्थितिमा रहेको अवस्थामा सो कित्ताहरूका हकमा समेत कानूनबमोजिम अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाउने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६८।२।२३ को फैसला कानूनसम्मत नदेखिँदा उल्टी भई मालपोत कार्यालय कलंकीको मिति २०६५।३।१६ को निर्णय सदर हुने।

इजलास अधिकृत : राजु पराजुली

इति संवत् २०७६ साल जेठ १३ गते रोज २ शुभम्।